



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» बुधबार, मंसिर ६, २०७४ » Wednesday, November 22, 2017 » www.newsofnepal.com » नेसं ११३८ थिंलाथ्व ४ » वर्ष २३, अंक ३०७ » पृष्ठ १२ » मूल्य रु. १०/–



२ { वाम गठबन्धनको सिको गर्दै दुई खेलकुद महासंघ

५ { भक्तपुर कांग्रेसको चुनावी घोषणापत्र सार्वजनिक

७ { भाइबर लोटरीका नाममा ठगी

९ { हटलाइनमार्फत ९ हजार बढी उजुरी


# तरकारी खाँदै छौं कि विष ?

- खुर्सानी र भिन्डीमा विषादीको मात्रा बढी
- जनशक्ति अभावले सबै तरकारी परीक्षण नै हुँदैन
- उमालेर तरकारी बनाउन विज्ञको सुझाव

प्रशान्त वली, काठमाडौं



तरकारीमा व्यापक विषादी मिसाइने गरेको रहस्य खुलेको छ। साउनदेखि अहिलेसम्म खुर्सानी र भिन्डीमा उच्च मात्रामा विषादी मिसाइएको देखिएको छ। जसको मात्रा ४५ प्रतिशतमाथि रहेको छ। रोकावट दर देखाउने मेसिनले ३५ प्रतिशतसम्मलाई खानयोग्य ठान्छ।

तरकारीमा विषादीको प्रयोग व्यापक भए पनि कर्मचारीको पर्याप्त दरबन्दी हुन नसक्दा परीक्षण प्रभावकारी हुन सकेको छैन। बाली संरक्षण निर्देशनालयबाट वरिष्ठ बाली संरक्षण अधिकृतको नेतृत्वमा ३ जना कर्मचारी तरकारी परीक्षणका लागि खटिने गरेका छन्।

कालीमाटी तरकारी बजार विकास समितिभित्र रहेर नमुना परीक्षणका रूपमा दैनिक ८ देखि १० वटा विभिन्न प्रकृतिका तरकारीको परीक्षण गर्दै आएको परीक्षणमा खटिएका कर्मचारी जागेश्वर शर्माले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'हामी तीन जना छौं। काम गर्न निकै अप्ठ्यारो भएको छ। न त हामीलाई बिदा छ। कम्तीमा पनि ६ जना कर्मचारी भइदिएको भए सजिलो हुने थियो। सरकारले यसबारे सोच्नुपर्ने हो क्यारे, बिरामी भए पनि आउनुपर्छ।' बाली संरक्षण निर्देशनालयले भने परीक्षणका लागि बिहानै आउनुपर्ने भएकाले कर्मचारी आउन नमानेको बताएको छ।

अहिले तरकारी परीक्षणका लागि सातवटै प्रदेशमा तरकारी मापन मेसिन जोडिएको छ। मेसिनका लागि आवश्यक पर्ने रसायन पदार्थ निकै महँगो पर्ने गर्छ। १ हजारवटा टेस्टमा ३ सयवटा नमुना हुने र त्यसको मूल्य मात्रै १ लाख २० हजार रुपियाँ पर्ने विषादी अवशेष द्रुत विश्लेषण एकाइमा कार्यरत शर्माले बताउनुभयो। अहिले ६ सय ५० देखि ७ सय मेट्रिकटन तरकारी कालीमाटीमा भित्रिन्छ। तर, त्यो तरकारीको गुणस्तर जाँच्न तीन जना मात्रै कर्मचारी खटिँदा त्यति धेरै तरकारीको अवस्था कसरी पत्ता लाग्छ भनेर तरकारी किन्दै गरेका रवि बस्नेतले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## चार दिन विद्यालय बन्द हुने

काठमाडौं, (नेस)

शिक्षा विभागले पहिलो र दोस्रो चरणको निर्वाचनको समयमा ४ दिन विद्यालय बन्द गर्ने निर्णय गरेको छ।

पहिलो चरणको निर्वाचन हुने जिल्लामा मंसिर ७ देखि १० र दोस्रो चरणको निर्वाचन हुने जिल्लामा मंसिर १८ देखि २१ गतेसम्म बिदा दिने निर्णय गरेको हो। शिक्षा विभागले सबै क्षेत्रीय कार्यालयमा पत्राचार गरी बिदा दिने निर्णय गरेको हो।

शिक्षा विभागले मंसिर ४ गते निर्णय गरी संस्थागत र सामुदायिक विद्यालयमा बिदा दिन पत्राचार गरेको हो। विभागले हिउँदे वा वर्षे बिदाबाट समायोजन गर्ने गरी विद्यालय बन्द गर्न निर्णय गरेको हो। कतिपय विद्यालयमा मतदान केन्द्र पर्ने र सरकारी विद्यालयका शिक्षकहरू मतदानमा खटिनुपर्ने भएकाले विभागले चार दिन बिदा दिने निर्णय गरेको हो।

## सरकारको निसानामा विप्लवका कार्यकर्ता

काठमाडौं, (नेस)

चुनावको मिति नजिकिँदै गर्दा देशभर उम्मेदवारलाई लक्षित गरी विस्फोटनका घटना बढ्न थालेपछि राष्ट्रिय सुरक्षा परिषद्को बैठक बसेको छ। प्रधानमन्त्रीको अध्यक्षतामा बसेको बैठकले बम विस्फोट कार्यमा प्रमाणसहित फेला परेकालाई कडा कारबाही गर्ने निर्णय गरेको छ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै जाँदा सार्वजनिक तथा उम्मेदवारका घरघरमा बम विस्फोटका घटना तीव्र हुँदै गएपछि परिषद्को बैठक बसेको हो। बैठकले शान्ति सुरक्षालाई दुरुस्त राख्न चारवटै सुरक्षा निकायलाई निर्देशन दिएको छ। बैठकमा रक्षामन्त्री भीमसेनदास प्रधान, मुख्यसचिव लोकदर्शन रेग्मी, गृहसचिव मोहनकृष्ण सापकोटा, रक्षासचिव विनोद केसी, प्रहरी महानिरीक्षक प्रकाश अर्याल, प्रधानसेनापति राजेन्द्र क्षत्री, सशस्त्र प्रहरी बलका महानिरीक्षक सिंहबहादुर श्रेष्ठ, अनुसन्धान विभागका प्रमुख दिलीप रेग्मीको उपस्थिति थियो।

# आचारसंहिताको ठाडो उल्लंघन

सुनील महर्जन, काठमाडौं

सरकारले निर्वाचन आचारसंहिता विपरीत केही प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सरुवा गरेको छ।

गृह मन्त्रालयले प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको निर्वाचन हुने चार जिल्लाका प्रमुख जिल्ला अधिकारीको सरुवा गरेको हो। सरकारबाट निर्वाचन आचारसंहिता उल्लंघनका घटना एकपछि अर्को गर्दै भइरहेको समयमा मन्त्रालयले प्रमुख जिल्ला अधिकारीको हेरफेर गरेको थियो।

प्रधानमन्त्री शेरबहादुर देउवाको ठाडो आदेशमा सोमबार राति नै प्रमुख जिल्ला अधिकारीको सरुवा गरिएको बुझिएको छ। गृह मन्त्रालयको जिम्मेवारी पनि प्रधानमन्त्री देउवाले सम्हालिरहनुभएको छ। यसअघि कैलाली, नुवाकोटलगायतका जिल्लामा प्रहरी प्रमुखको सरुवा गरिएको थियो।

चुनावलक्षित बम विस्फोटनका घटना बढिरहेका बेला शान्ति सुरक्षा कायम गर्न अग्रपंक्तिमा रहेर काम गर्नुपर्ने प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको सरुवाले निर्वाचनको तयारीमा समेत असर पर्ने बताइएको छ।

मन्त्रालयका अनुसार सोलुखुम्बुका प्रमुख जिल्ला भूपेन्द्र थापालाई तीन महिनामै हटाइएको छ। उहाँलाई हटाएर गृहका उपसचिव सूर्य खनाललाई पठाइएको छ।

त्यस्तै रसुवामा चोमेन्द्र न्यौपाने तथा नुवाकोटमा गृहका सहसचिव वीरेन्द्रकुमार यादवलाई पठाइएको छ। कांग्रेस नेताहरूको दबाबमा नुवाकोटमा जगदीशराज बराललाई हटाएर यादवलाई पठाइएको बताइएको छ।

### एउटा जिल्लाको स्वीकृति, चार जिल्लाका सिडियो सरुवा

बराललाई प्रहरी किताबखानामा सरुवा गरिएको छ। रसुवाका हरिदेवी पौडेललाई अध्यागमन विभागमा सरुवा गरिएको छ। त्यस्तै डोटीमा सूर्य खत्रीलाई पठाइएको छ।

त्यस्तै प्रहरी प्रधान कार्यालयले नुवाकोटका प्रहरी उपरीक्षक वीरेन्द्र बस्याललाई हटाएर वसन्त कुँवरलाई पठाइएको छ। गृहले चुनावको मुखमा शान्ति सुरक्षा कायम गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरेर केही हेरफेर गरेको जनाएको छ।

निर्वाचन आचारसंहिताअनुरूप सरकारले कर्मचारीलाई निर्वाचनको काममा बाहेक अन्यत्र सरुवा, बढुवा गर्न वा काजमा खटाउन नहुने प्रावधान रहेको छ।

त्यसै गरी विशेष परिस्थिति परी कुनै कर्मचारीको सरुवा गर्न वा काज खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट अनुरोध भई आएमा आयोगले उपयुक्त देखी सहमति दिएमा सरुवा गर्न वा काज खटाउन सकिनेछ।

मन्त्रालयले नुवाकोटका प्रमुख जिल्ला अधिकारी बराललाई सरुवा गर्न मात्र अनुमति मागेको र आयोगले स्वीकृति दिएको आयोगमा आचारसंहिता हेर्ने आयुक्त सुधीरकुमार शाहले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

नुवाकोटका प्रमुख जिल्ला अधिकारीको सरुवाको स्वीकृति लिएर अन्य तीन जिल्लाको प्रमुख जिल्ला अधिकारीको पनि सरुवा गरेकामा आयोगले के गर्छ भन्ने प्रश्नमा आयुक्त शाहले त्यसको औपचारिक जानकारी आयोगलाई नभएको र यदि यस्तै भएको भए निर्वाचन आचारसंहिता विपरीत रहेको बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

## इजलास रोकियो

काठमाडौं, (नेस)

सर्वोच्च अदालतभित्र बम आतंकका कारण सबै इजलास स्थगित गरिए पनि बम नभएको प्रहरीले दाबी गरेको छ। अदालतका कर्मचारीलाई दिउँसोको समयमा नचिनेको नम्बरबाट बम राखेकाले सतर्क रहनु भन्दै फोन आएपछि अदालत प्रशासनले इजलास स्थगित गरेको थियो।

(क्रमश: पृष्ठ ९ मा)

# महत र ढकाल जेल चलान

नेपाल समाचारपत्र

काठमाडौं

कर फछर्यौट आयोगका तत्कालीन अध्यक्ष लुम्बध्वज महत र सदस्य उमेशप्रसाद ढकालसँग रिहाइका लागि विशेष अदालतले १/१ करोड रुपियाँ धरौटी माग गरेको छ।

मंगलबार न्यायाधीश बाबुराम रेग्मी, द्वारिकामान जोशी र रत्नबहादुर वागचनको संयुक्त इजलासले आयोगका पदाधिकारीसँग उक्त रकम धरौटी माग गरेको अदालतका प्रवक्ता नगेन्द्रकेशरी शाहले जानकारी दिनुभयो। गत आइतबारदेखि चलेको बहसपछि दुवै जनासँग उक्त रकमको धरौटी माग गरिएको हो। धरौटी बुझाउन नसकेपछि दुवैलाई डिल्लीबजार जेल चलान गरिएको छ।

तत्कालीन कर फछर्यौट आयोगमार्फत अनियमितता गरेको आरोप लागेपछि फरार भएका दुवै जना झन्डै चार महिनापछि गत बुधबार अदालतमा बयानका लागि हाजिर हुनुभएको थियो।

आयोगका सदस्य सचिव एवं राजस्व अनुसन्धान विभागका तत्कालीन प्रमुख चूडामणि शर्मा भने बयानका लागि अझै उपस्थित हुनुभएको छैन।

(क्रमश: पृष्ठ ९ मा)

### नक्कली प्रमाणपत्र बनाउने गिरोहको पर्दाफास

# डीभीको अन्तर्वार्ता दिँदादिँदै पक्राउ

ईश्वरराज ढकाल, काठमाडौं

चाँडै अमेरिका पुगेर बसोबास गर्ने योजनासहित गिरोहमार्फत नक्कली प्रमाणपत्र बनाउने सिन्धुली तीनपाटन-४ का रुद्रबहादुर मोक्तान र ताप्लेजुङका भुवानीप्रसाद भट्टराईलाई प्रहरीले पक्राउ गरेको छ।

डीभी परेपछि प्लस टुको प्रमाणपत्र आवश्यक पर्ने भएकाले दुवै जनाले छुट्टाछुट्टै गिरोहलाई नक्कली प्रमाणपत्र बनाउन दिए। प्रमाणपत्र तयार भएपछि दूतावासको अन्तिम अन्तर्वार्तामा समावेश हुनै लाग्दा महानगरीय अपराध महाशाखाले गिरोहलाई पक्राउ गर्‍यो।

परिवारसहित अमेरिका जाने सपना बोकेका दुवै जनाको सपना त चकनाचुर भयो नै प्रहरीको 'कस्टडी'मा पनि बस्नुपर्‍यो। मोक्तानलाई २०१७ र भट्टराईलाई २०१८ को डीभी परेको थियो। उनीहरूको फस्ट लेटर आयो, डकुमेन्टहरू नेपालस्थित अमेरिकन दूतावासमा पेस गरे। केही महिनापछि सेकेन्ड लेटर पनि आयो।

'अन्तर्वार्ता दिन उनलाई सोमबार दूतावासमा बोलाइएको थियो। दूतावासकै आग्रहअनुसार हामीले उनीहरूको प्रमाणपत्र छानविन गर्‍यौं र नक्कली फेला पारेपछि तत्काल पक्राउ गर्‍यौं।' -महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दिवेश लोहनीले भन्नुभयो।

'ठूलो गिरोहको सक्रियता पत्ता लगाएका छौं, हामीले केही दिनमा उनीहरूलाई पक्राउ गर्नेछौं।' -उहाँले भन्नुभयो। प्रहरीका अनुसार मोक्तानले प्लस टुको प्रमाणपत्र, प्रोभिजनल प्रमाणपत्र बनाउन भन्दै देवराज तामाङको सम्पर्कमा गएका थिए। तामाङलाई मोक्तानले ३ लाख ५० हजार रुपियाँ दिएका थिए।

त्यसपछि देवराजले मोक्तानको प्रमाणपत्र बनाउन चण्डोलका स्क्युर्ड लाइफ कन्सल्टेन्सीका सञ्चालक अनिल श्रेष्ठलाई ४५ हजार रुपियाँ दिई प्रमाणपत्र बनाउन लगाएलगत्तै श्रेष्ठले ३० हजारमा सत्य विनायक कम्युनिकेसनका सञ्चालक विशालजंग शाहीलाई, शाहीले १२ हजार रुपियाँमा सुरेशजंग शाहीलाई र सुरेश शाहीले कृष्ण अछामीलाई ५ हजार ५ सय रुपियाँमा प्रमाणपत्र बनाउन दिएको खुलेको छ।

त्यस्तै भट्टराईले प्लसटुको प्रमाणपत्र बनाउन सन्तोष तिवारीसँग सम्पर्क गरेका थिए। तिवारीले अभय पोखरेललाई सम्पर्क गराएका र पोखरेलले ९० हजार रुपियाँ लिएर प्रमाणपत्र बनाएको खुलेको छ।

प्रहरीले मोक्तान र भट्टराईसँगै विशालजंग शाही, सुरेशबहादुर शाही, अभय पोखरेल, अनिल श्रेष्ठ, देवराज तामाङ र सन्तोषकुमार तिवारीलाई राजधानीका विभिन्न स्थानबाट पक्राउ गरेको छ।

प्रहरीले राष्ट्रिय परीक्षा बोर्ड र एसएलसी कार्यालयबाट प्रमाणपत्र नक्कली भएको पत्ता लगाएको थियो। प्रहरीले मोक्तानलाई अन्तर्वार्ता दिँदादिँदै गरेको अवस्थामा पक्राउ गरेको थियो भने भट्टराईलाई नक्कली प्रमाणपत्र पेस गरेको जानकारी पाउनासाथ पक्राउ गरेको थियो।

प्रहरीले यसअघि नक्कली प्रमाणपत्र पेस गरेको अभियोगमा जापान र दक्षिण कोरिया पठाउने गिरोहलाई पनि पक्राउ गरेको थियो। पक्राउ परेकामध्ये अभय पोखरेल २०६९ सालमा कीर्ते गरी पक्राउ भएका व्यक्ति हुन्। गिरोहमध्ये प्रहरीले कृष्ण अछामीलाई पक्राउ गर्न सकेको छैन।

राजधानीमा यस्ता थुप्रै गिरोह हुन सक्ने जानकारी गराउँदै एसएसपी लोहनीले भन्नुभयो- 'हामी अन्य गिरोहको पनि खोजी गरिरहेका छौं।' अमेरिकी दूतावासले प्रमाणपत्रमा शंका लागेपछि प्रहरीलाई खबर गरेको थियो।

डीभी परेपछि अनिवार्यरूपमा प्लसटुको प्रमाणपत्र पेस गर्नुपर्ने हुन्छ। पछिल्लो समयमा नक्कली प्रमाणपत्र पेस गरेर अमेरिका गएको सूचना पाएपछि दूतावासले प्रमाणपत्र परीक्षणलाई विशेष महत्त्व दिएको छ।





आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो उत्पादनाका बजार प्रवर्धनका लागि केहि कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहोला।

पद :-बजार प्रतिनिधि

सख्या :- २०

योग्यता :-+२

सेवा सुविधा :- आकर्षक तलब , कमिसन

कामना न्युज पब्लिकेसनस प्रा.लि

भिमसेन स्थान , काण्माण्डौ

सम्पर्क :- २३४९८६५४,९८५४३२५६७७



## प्रतिनिधिसभा-प्रदेशसभा निर्वाचन विशेष




# वाम गठबन्धनको सिको गर्दै दुई खेलकुद महासंघ

**फिरोज राजोपाध्याय, काठमाडौं**

प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नजिकिँदै जाँदा आफ्ना उम्मेदवारलाई जित दिलाउनका लागि लाग्नुपर्ने हुँदा राजनीतिक पार्टीका कार्यकर्तालाई फुर्सद नै हुँदैन। यसको लागि केही न केही योजना बनाउनु नै पर्‍यो। आगामी हुने चुनावको लागि वाम गठबन्धन भएको पनि छ। नेकपा एमाले र माओवादी केन्द्रबीच गठबन्धन भएर चुनावमा एकबद्ध हुँदै उत्रेका छन् यी पार्टीका उम्मेदवारहरू। यसै कडीमा नेकपा एमालेको निकट नेपाल खेलकुद महासंघ र माओवादी केन्द्र निकट अखिल नेपाल खेलकुद महासंघले गएको शनिबार एउटा कार्यक्रम आयोजना गर्‍यो। यो कार्यक्रम दुवै पार्टीका उम्मेदवारको चुनाव प्रचार गर्ने हेतुमा भएको थियो।

त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरमा ठूलै जमघटका साथै दुवै खेलकुद महासंघले ५ सय १ सदस्यीय चुनाव प्रचार तथा परिचालन समिति गठन गरेको थियो। नेपाल खेलकुद महासंघका अध्यक्ष पुरुषोत्तम पौडेल र अखिल नेपाल खेलकुद महासंघका अध्यक्ष शिव कोइराला हुनुहुन्छ। पौडेल एमालेको सरकारमा खेलकुद मन्त्रीसमेत हुनुभइसकेको थियो। पौडेल र कोइरालासहितको बैठकले १५ सदस्यीय संयोजन समिति बनाउने निर्णयसमेत गरेको थियो। कात्तिक १३ गते भएको बैठकमा प्रदेश ३ अन्तर्गत काठमाडौंमा भेला गर्ने निर्णयअनुसार नै यस किसिमको नौलो भेला गरिएको थियो।

१५ सदस्यीय संयोजन समितिमा पौडेल र कोइरालासँगै राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्ट, मोहम्मद समिउल्लाह, राखेपका उपाध्यक्ष तथा नेपाल ओलम्पिक कमिटीका महासचिव लामा टेण्डी शेर्पा, राजेन्द्र श्रेष्ठ, धर्मकुमार श्रेष्ठ, राखेपका सदस्य उपेन्द्र पौडेल र अशोक नेपाल, जनक बर्तौला, अञ्जन धमला, राष्ट्रिय तेक्वान्दो संघ नेपालका महासचिव राजकुमार कार्की, कालीबहादुर घर्तीमगर, गणेश कक्षपति र ईश्वर खपाडी मगर हुनुहुन्छ।

दुवै महासंघको संयुक्त बैठकले नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच भएको कार्यगत एकता, निर्वाचन तालमेल, पार्टी एकतासम्म जाने निर्णयलाई स्वागत पनि गरेको थियो। दुवै महासंघले खेलकुदमा पनि मिलेर जाने जानकारीमा ल्याएको छ। दुवै खेलकुद महासंघले वाम गठबन्धनबाट उम्मेदवारी दिएका उम्मेदवारहरूलाई जित दिलाउन विशेष भूमिका खेल्ने योजना रहेको छ। भेलामा निर्वाचन क्षेत्रस्तरको संयुक्त प्रचार समिति गठन गरी आवश्यकताअनुसार खेलकुद प्रतियोगिता आयोजना गर्ने र अन्य भेला आयोजना गर्नेमा पनि प्रकाश पारिएको थियो।

सो भेलामा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको पनि उपस्थिति रहेको थियो। नेपाल काठमाडौं क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभाका लागि उम्मेदवारमा हुनुहुन्छ। वहाँले भेलामा नेपालको खेलकुदमा नतिजा आउने खेललाई प्राथमिकता दिनुपर्ने पनि बताउनुभयो। वहाँले भन्नुभयो– 'नेपालले राम्रो गर्न सक्ने खेललाई प्राथमिकता दिएर योजना अगाडि बढाउनु पर्छ। समग्रमा सबै खेललाई उत्तिकै प्राथमिकता दिए पनि राम्रो नतिजा आउने खेललाई पनि असर पर्न सक्छ। अरु खेललाई बेवास्ता गर्ने भन्न खोजेको होइन।'

नेपालले थप्नुभयो- 'खेलकुदलाई विद्यालय तहदेखि नै प्राथमिकतामा राख्न पनि आवश्यक छ। त्यसो भएको खण्डमा राम्रा खेलाडी उत्पादन गर्नुका साथै प्रतिभाको पहिचान गर्न सकिन्छ। वहाँले कम्युनिस्टले जति अरु कुनै पार्टीले खेलकुदलाई माया नगरेको बताउँदै हेटौंडाको गौरीटारमा करिब १० वर्षअघि आफैंले शिलान्यास गरेको खेलकुद प्रतिष्ठानको निर्माण कार्य कछुवाको गतिमा अगाडि बढेकोमा गुनासोसमेत व्यक्त गर्नुभएको थियो।

महासंघका अध्यक्ष एवं पूर्व युवा तथा खेलकुदमन्त्री पौडेलले भेलामा बताउनुभयो- 'प्रदेशसभा र प्रतिनिधिसभाको चुनावका लागि प्रचारप्रसार र परिचालन समिति घोषणा गर्न यो भेला आयोजना गरिएको हो। नेपालमा खेलकुदको अवस्था कमजोर छ तर पनि आशा र सम्भावना धेरै छ।'

वहाँले कम्युनिस्टकै पालामा खेलकुदको नीति बनेको पनि बताउनुभयो। वहाँले भननुभयो- 'कति भयो खेलकुद नीति नबनेको। तर ६० वर्षको खेलकुद इतिहासमा कम्युनिस्ट पार्टीका खेलकुदमन्त्री हुँदा मात्रै बल्ल राष्ट्रिय खेलकुद नीति बन्यो। अरू पार्टीभन्दा त नेकपा एमाले र माओवादी केन्द्र दुवैले खेलकुदलाई उच्च प्राथमिकतामा राख्दै आएको पनि भन्न चाहन्छु।

अर्का महासंघका अध्यक्ष कोइरालाले पनि पार्टी एकीकरणले गर्दा नेपालमा खेलकुदको विकास हुनेमा टेवा मिल्ने पनि जोड दिनुभयो। यस्तै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले यो पार्टीको एकीकरणले नेपालको खेलकुदमा आमूल परिवर्तन हुनेमा विश्वास व्यक्त गर्नुभयो। विष्टले बताउनुभयो- 'दुवै पार्टीको उद्देश्य एउटै रहेको छ। यसैले पनि एकीकरण हुन त्यति गाह्रो पनि भएन। पक्कै पनि यसले भविष्यमा नेपालको खेलकुदमा टेवा मिल्नेछ।

# राजसंस्थाजोगाउन मेरो उम्मेदवारी : तिमिल्सिना

**नेपाल समाचारपत्र**

ललितपुर

श्यामप्रसाद तिमिल्सिना यस पटक पनि प्रतिनिधिसभाका लागि ललितपुर क्षेत्र नं ३ बाट चुनावी मैदानमा उत्रिनुभएको छ।

ललितपुर जिल्लाको दक्षिण भेगस्थित गोटीखेलमा जन्मिनुभएका तिमिल्सिना २०५९ सालतिर तत्कालीन जिल्ला विकास समिति ललितपुरको उपसभापति हुनुहुन्थ्यो। केशरबहादुर विष्टपछिका राजवादी नेताका रुपमा तिमिल्सिना परिचित हुनुहुन्छ। उहाँ यस पटक प्रकाशचन्द्र लोहनीको एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) बाट चुनावी मैदानमा उत्रिनुभएको हो।

उहाँले २०६४ सालको पहिलो संविधानसभा पशुपतिशमशेरको राप्रपाबाट ललितपुर क्षेत्र नं १ मा उम्मेदवारी दिनुभएको थियो। पछि राप्रपा नेपालमा प्रवेश गर्नुभएका तिमिल्सिना डा. प्रकाशचन्द्र लोहनीसँगै सो पार्टीबाट बाहिरिनुभएको थियो। अहिलेको संविधान संशोधन गरेर धर्मसापेक्ष, राजासहित प्रजातन्त्र, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने एजेण्डामा घरदैलो अभियानलाई तीव्रता दिइरहनुभएको छ। तिमिल्सिना प्रतिनिधिसभातर्फ ललितपुरको क्षेत्र नं ३ 'क' र 'ख' उम्मेदवार विक्रम बस्नेत र दीपा विष्टसँगै घरदैलो अभियानमा सक्रिय रहनुभएको छ।

'मेरो उम्मेदवारी अहिले संविधानले प्रवाह गरेको विचारभन्दा पृथक भए पनि यसको बलियो जनमत रहेको छ', उम्मेदवार तिमिल्सिनाले भन्नुभयो- 'हाम्रो मुख्य प्रतिबद्धता भनेको बौद्ध, मुसलमान, किराँतलगायत सबै धर्मको सम्मान गर्दै नेपालको पहिचान सनातन हिन्दुराष्ट्र कायम गर्ने, राष्ट्रप्रमुखका रुपमा राजा र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको निर्वाचन गर्ने रहेका छन्।'

उम्मेदवार तिमिल्सिनाले जनताको चाहनाविपरीत लहडको भरमा नेपाललाई धर्मनिरपेक्ष बनाएको बताउँदै हिन्दुराष्ट्र भएमा मात्र विश्वमा नेपालको पहिचान हुने र मुलुकमा धार्मिक पर्यटनको विकास भई आर्थिक समृद्धि हुने पनि विश्वास व्यक्त गर्नुभयो।

गणतन्त्रको नाउँमा देशमा भ्रष्टाचार मौलाएको बताउँदै उहाँले राष्ट्रवादलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। हिमाल, पहाड र तराई मधेस सबै नेपालीको स्वाभिमान र आत्मसम्मानको रक्षा र भ्रष्टाचारमुक्त समाज निर्माण गर्न पार्टीले देशैभरि उम्मेदवारी दिएको पनि उहाँले जानकारी दिनुभयो।

'प्रत्येक ९/९ महिनामा सरकार परिवर्तनले गर्दा मुलुकमा अस्थिरता उत्पन्न हुनाले संविधान संशोधन गरी कार्यकारी निर्वाचित प्रधानमन्त्री र राष्ट्र प्रमुखमा राजसंस्था राख्नका लागि जनताले आफ्नो पार्टीलाई संसद्मा प्रतिनिधित्व गराउने छन्' -उहाँले भन्नुभयो।

ललितपुर क्षेत्र नं ३ मा काँठ क्षेत्रका साविकको हरिसिद्धि, ठैब, बाडेगाउँ, सुनागुठी, ठेचो, बुङमती, खोकना ललितपुर महानगरपालिका १, २, ३, ४, ५, १०, १३, १४, १५, २० रहेका छन्।



# नयाँ शक्तिका उम्मेदवार घोषणा र एजेन्डा




**नेपाल समाचारपत्र**

काठमाडौं

आसन्न प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनमा नेवाः राष्ट्रिय परिषद्का नयाँ शक्ति पार्टीबाट ३ नम्बर प्रदेशमा उम्मेदवारी दिने नेवाः उम्मेदवारहरूको नाम घोषणा गरिएको छ।

शुक्रबार परिषद्ले काठमाडौंमा घोषणासभाको साथै पत्रकार सम्मेलनको आयोजना गरी उम्मेदवारहरूको नामावलीका साथै आफ्ना एजेन्डा घोषणा गरेको हो। कार्यक्रममा नयाँ शक्तिबाट प्रदेश नम्बर ३ का लागि प्रदेश सभाबाट समानुपातिक उम्मेदवार नेवाः राष्ट्रिय परिषद्का सुरेश शाहीले उम्मेदवारहरूको नाम घोषणा गर्दै सबैको परिचय प्रस्तुत गरेका थिए।

मन्तव्यका क्रममा प्रतिनिधिसभाबाट समानुपातिक उम्मेदवार अनुपसिंह सुवालले आफ्नो पार्टी र परिषद्को मुख्य एजेन्डा भनेकै प्रदेश नम्बर ३ लाई पहिचानसहितको नेवाः प्रदेशकारुपमा स्थापित गर्ने रहेको बताए। सुवालले हाल भइरहेको सडक विस्तार गैर न्यायिकरुपमा भइरहेको भन्दै यसलाई तत्काल रोकी पञ्चायतकालीन सडक ऐन पूरै खारेज गर्नुपर्नेमा जोड दिनुभयो।

त्यसैगरी नयाँ शक्ति पार्टीकी नेतृ हिसिला यमीले अब मतदाताले आफ्नो साथै आफ्ना सन्ततिको भविष्यलाई समेत ध्यानमा राखेर मतदान गर्न आह्वान गर्नुभयो। आसन्न निर्वाचनलाई सदुपयोग गर्दै आर्थिक क्रान्ति गरी देशलाई समृद्धितर्फ डोर्‍याउने अभियानमा सबैलाई अगाडि बढ्न नेतृ यमीले आह्वान गर्नुभयो।

नयाँ शक्ति पार्टीले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आर्थिक विकास र समृद्धि, समावेशी समानुपातिक लोकतन्त्र, प्रत्यक्ष निर्वाचित सरकार, कालोबजारी र भ्रष्टाचार नियन्त्रणजस्ता नारा अगाडि ल्याएको छ।

# नाचगान गर्दै प्रचारमा जुट्दै महिला

**धन बस्नेत, पोखरा**

*आयौं आयौं कांग्रेसको भलो।*
*भोट माग्न हजुरको घरदैलो।*
*'भोट हालौं रूखमा,*
*साथ दिन्छ सुख र दुःखमा।'*

अहिले घरदैलोमा पुगिरहेका कांग्रेसका उम्मेदवारको पछाडि महिलाहरूको एउटा झुण्डले यस्तै-यस्तै गीत गाएर प्रचारमा जुटिरहेका छन्। नेपाली कांग्रेसको पक्षमा भोट माग्न महिला संघ सम्बद्ध महिलाहरू यतिबेला कस्सिएका हुन्।

मादलको तालसँगै गलामा सयपत्री फूलको माला, हातले चारतारे झन्डा फहराउँदै महिलाहरूको साथमा उम्मेदवारहरूले साथ दिइरहेका छन्। महिला दिदीबहिनीहरूलाई घरधन्दाको चिन्ता छैन यतिबेला। मादल, खैंजडी, मुजूरा बजाउँदै हातमा चारतारे झन्डा बोकेर पोखरा लेखनाथ महानगरपालिका र गाउँपालिकाका मतदाताको घरदैलोमा पुगिरहेका छन्।

ठाँउअनुसारका भाका गाउन अघिल्लो दिन नै तयारी गर्छन्। ब्राह्मण क्षेत्रीको बाहुल्यता भएको बस्ती भएका ठाउँमा भजन चुड्का गाइहाल्छन् भने गुरुङ समुदायको बाहुल्यता भएका स्थानमा पुग्दा त्यही संस्कारभित्रका लोकभाका शुरू गरिहाल्छन्।

कांग्रेसी महिलाहरूको भोट माग्ने यो शैली यतिबेला निकै चर्चित बनेको छ। मानिसहरू दंग परेर कांग्रेसको नाचगानमा सरिक हुन्छन्। कतिपय त अझै उनीहरूसँगै भाका मिलाएर कम्मर मर्काइ-मर्काइ नाच्छन्।

'गीतसंगीत भन्ने कुरा हरेकलाई मन पर्ने कुरा हो। र, यसले मानिसलाई आफूतर्फ तान्न पनि मद्दत गर्छ', नेपाल महिला संघ पोखराका नगर सभापति माया बरालले भनिन्- 'केही फरक शैलीका साथ कांग्रेसको प्रचार गरिरहेका छौं।' भाषणबाट भन्दा गीत संगीतबाट मतदातालाई लोकतन्त्र र कांग्रेसको बारेमा भन्न अझै बढी सजिलो भएको उनको अनुभव छ।

कास्की महिला संघकी सचिव सीता गुरुङका अनुसार भाषण सुन्दा पट्यार लाग्छ तर संगीतले मनारञ्जनसँगै सन्देश पनि दिएको छ। कास्की क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य एवं कानुनमन्त्री यज्ञबहादुर थापाले महिलाहरूको यो शैलीले प्रचारप्रसारमा निकै महत्त्व राखेको बताए। 'महिला दिदीबहिनीहरूको सहयोग हरेक चुनावमा हुँदै आएको हो। तर झन् यो पटक त अझै बढी प्रभावकारीरुपमा महिला दिदीबहिनीहरूको प्रचार भएको देख्दा निकै खुसी लागेको छ' -उनले भने।






त्यस्तै क्षेत्र नम्बर २ का उम्मेदवार देवराज चालिसेले महिलाहरूलाई गीतमार्फत् नै लोकतन्त्र र अधिनायकवादबीचको भिन्नता छुट्याउनका लागि आग्रह गर्न महिलाहरूलाई आग्रह गरे। महिलाहरूको योगदान लोकतन्त्र प्राप्तिको आन्दोलनमा सदैव अतुलनीय रह्यो। कास्की कांग्रेसबाट प्रत्यक्ष प्रदेशसभा उम्मेदवारका लागि उम्मेदवारी दिएकी महिला नेतृ शारदा पौडेलले महिलाहरुको प्रचारशैलीले कांग्रेसको पक्षमा माहोल सिर्जना गरेको दाबी गरिन्। 'कांग्रेसी महिलाहरूको प्रचारशैलीले अन्य विचारमा आस्था राख्नेहरूलाई पनि आकर्षित गरिरहेको मैले पाएकी छु' -नेतृ पौडेलले भनिन्।

कास्कीका विभिन्न संघसंस्थामा आवद्ध महिलाहरू एकजुट भएर वाम गठवन्धनलाई जिताउन महिला सञ्जाल गठन गरेका छन्। राधीका शाहीको संयोजकत्वमा कास्की क्षेत्र नं २ मा १ महिला सञ्जाल उपसमिति गठन भएको हो। सहसंयोजक कमला रानाभाट र सदस्य सचिव सुष्मा पौडेल रहने गरी एक हजार एक सदस्यीय समिति गठन गरिएको हो।

सञ्जालले पोखरा १७ बाट मतदाता शिक्षा कार्यक्रम मंगलबारदेखि शुरू गरिसकेको छ। कार्यक्रमका प्रमुख अतिथि वाम गठबन्धन क्षेत्र नं २ को १ प्रचारप्रसार समिति संयोजक युवराज पौडेलले वाम गठबन्धनलाई जिताउन सम्पूर्ण क्षेत्रका महिला एकजुट भएर लाग्नुपर्नेमा जोड दिए।

नेकपा एमाले प्रदेश कमिटी २ को १ का संयोजकसमेत रहेका पौडेलले सञ्जालले मतदाताशिक्षा कार्यक्रमम सञ्चालन गर्न लागेकोमा खुसी व्यक्त गरे। कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी सदस्य हीरा गिरी, वडा नं १७ का अध्यक्ष तीर्थराज अधिकारी, अध्यक्ष सञ्जालकी संयोजक राधीका शाही योगी, सञ्जालका सहसंयोजक कालीका रानाभाट, सचिव सुष्मा पौडेल, नेकपा एमाले वडा नं १७ का अध्यक्ष सुवास ढुंगाना, अनेमसंघ नगरउपाध्यक्ष ज्ञानु सुवेदी, अनेमसंघ क्रान्तिकारीकी मीना बराल, पवित्रा पनेरु, अनेम संघ वडा नं १७ की अध्यक्ष सम्झना तिमिल्सिनालगायतले बोलेका थिए।

वडा सदस्य तथा सञ्जाल वडा नं १७ का संयोजक तारा सेवाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा २ सय ५० सदस्यीय कमिटी गठन गरिएको छ। कार्यक्रममा बुधबारदेखि वडा नं १७ मा हुन लागेको घरदैलो अभियानलाई सफल पार्न समेत एकजुट भएर लाग्ने प्रतिबद्धता जाहेर गरेका छन्। वाम गठबन्धनको प्रतिनिधिसभाका उम्मेदवार रविन्द्र अधिकारी र प्रदेशसभाका उम्मेदवार कृष्ण थापाका साथमा वडा नं १७ ले पोखरा वृद्धाश्रममा फलफूल वितरण गरेर घरदैलो अभियान शुरू गरेको छ।

# नगमा मिस युनिभर्समा भिड्दै






*मिस नेपाल युनिभर्स २०१७* नगमा श्रेष्ठले नेपालको प्रतिनिधित्व गर्दै पहिलोपटक *मिस युनिभर्स*मा स्पर्धा गरिरहेकी छिन्। नगमा हाल अमेरिकाको लास भेगासमा रहेर *मिस युनिभर्स*को विभिन्न राउन्डका लागि तयारी गरिरहेकी छिन्। उनले यो अन्तर्राष्ट्रिय प्रतियोगितामा आफूलाई जिताउन भोट गर्न आग्रह गरेकी छिन्।

*मिस नेपाल*को आयोजक संस्था हिडन ट्रेजरका अध्यक्ष गोपाल कक्षपतिका अनुसार *मिस युनिभर्स*मा नेपालका तर्फबाट यो पहिलो सहभागिता हो। नगमाले भने आफ्नो मेहनतलाई सफल पार्न भोट निकै आवश्यक रहेको बताएकी छिन्। *मिस युनिभर्स २०१७* मा सामेल विभिन्न देशका सुन्दरीलाई जिताउन भोट गत नोभेम्बर २० देखि नै शुरू गरिएको छ। उनलाई जो-कोहीले आफ्नो जिमेल एकाउन्ट लग इन गरेर दिनमा १० भोटसम्म गर्न सक्नेछन् भने ट्विटरमार्फत पनि भोट गर्न सकिने व्यवस्था छ। नगमाले नोभेम्बर २६ मा हुने *मिस युनिभर्स २०१७* को फाइनलमा नेपालको संस्कृति झल्किने भेषभूषामा आफूलाई प्रस्तुत गर्ने बताएकी छिन्। 'नेपालको प्रतिनिधित्व गर्दै पहिलोपटक यस प्रतियोगितामा सामेल हुन पाउँदा आफूलाई भाग्यमानी ठानेको छु। साथै दायित्वबोध पनि गरेकी छु। यसैले गर्दा पनि *मिस नेपाल युनिभर्स* घोषणा भएसँगै मैले आफूलाई तयार गर्न विभिन्न प्रशिक्षण पनि लिएकी छु', नगमाले भनेकी छिन्- 'तर मेरो यी सबै मेहनतलाई सफल पार्न तपाईंको भोट पनि अमूल्य छ। त्यसैले मलाई भोट गर्नुहुन आग्रह गर्दछु। तपाईंको भोट र मेरो मेहनतले नै हामीलाई सफलता दिलाउनेछ।'

## दाहालको श्रद्धाञ्जली सभामा गाउँदागाउँदै जनवादी गायक पाख्रिनको निधन

नेकपा माओवादी केन्द्रका पूर्वसांसद तथा जनगायक खुसीराम पाख्रिनको मंगलबार चितवनमा निधन भएको छ।

गत आइतबार निधन भएका माओवादीका पोलिटब्युरो सदस्य तथा माओवादी अध्यक्ष प्रचण्डपुत्र प्रकाश दाहालको चितवनमा आयोजित श्रद्धाञ्जली सभा तथा चुनावी सभामा गीत गाउने क्रममा बेहोस भएर ढलेपछि उपचारका लागि चितवनको नारायणी सामुदायिक अस्पतालमा भर्ना गरिएको उनको अस्पतालमा पुऱ्याउँदा निधन भइसकेको चिकित्सकले बताए। चिकित्सकहरुले पाख्रिनलाई मस्तिश्कघात भएको बताए।



३५ वर्षदेखि ५ सय बढी जनवादी गीत लेख्दै आएका पाख्रिनले सयभन्दा बढी गीत गाएका छन्। मायाप्रीतिभन्दा जनवादी गीतमा जीवन्तता हुने भएकाले गाउने गरेको बताउने पाख्रिनले *सगरमाथाको काखमा नेपाल देश छ* भन्ने बोलको गीतबाट जनवादी गीत लेख्न शुरू गरेका थिए। त्यसैको सम्मान स्वरूप माओवादीले उनलाई सभासद् बनाएको थियो। *डाँडाकाँडा फुटालेर बाटो बनायो, के पायो नि कुल्ली दाइले ड्राइभरले टयाक्सी गुडायो* बोलको ०३८ सालमा लेखिएको उनको चर्चितमध्येको एक गीत हो। त्यसै गरी *कालो वनको बीचैमा खेतालाको गाउँ, हाम्रो देशको व्यवस्था हेर्न त्यहाँ जाउ* पनि मन पराइएको थियो भने *लाल झुपडीका मान्छेहरु, न्यायपूर्ण युद्धको लहर, रक्त क्रान्तिको बेला हो यो, लड्दै छौं मुक्ति युद्ध* बोलका उनका जनवादी गीत चलेका छन्। भरतपुर महानगरपालिका-११ का उनी २००९ सालमा जन्मेका थिए। पाख्रिन सांस्कृतिक प्रतिष्ठानका अध्यक्षसमेत थिए।

## राजेशपायललाई सम्मानमाथि सम्मान

केही अघिमात्र अमेरिकी राज्यमा महत्त्वपूर्ण सम्मानबाट सम्मानित गायक राजेशपायल राईलाई सोही अवसरमा राजधानीमा सम्मान गरिएको छ। अमेरिकाको रोचेस्टर सिटीमा *इन्टरनेसनल पपस्टारको उपाधि*बाट सम्मानित भएर नेपाल फर्केको अवसरमा सेवा रेकर्डिङ स्टुडियोले मंगलबार उनलाई सम्मान गरेको छ।


तस्वीर : रंगराज आचार्य

राजधानीमा अनामनगरस्थित स्टुडियोमै आयोजित एक कार्यक्रमका बीच नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बासकोटाले राईलाई सम्मान गरेका हुन्। 'यो राजेशपायलको लगनशीलता र परिश्रमको फल हो। भर्सटायल स्वर र सरल स्वभावका राजेशपायललाई अमेरिकामा गरिएको सम्मानलाई राष्ट्रले गर्वका रूपमा लिनुपर्छ' - बासकोटाले भने। लोक संस्कृतिविद् पूर्ण नेपालीले नेपालमा मात्र नभई विदेशमा पनि राई इज किङको नामलाई यो उपाधिले थप मद्दत गरेको चर्चा गरे। गायक राईले यो आफ्नो मात्र सम्मान नभई सिंगो नेपाल र नेपालीको सम्मान भएको बताए। त्यसै गरी प्रस्तोता समाज नेपालका अध्यक्ष गायक तुलसी पराजुली र स्टुडियोका सञ्चालक तथा गायक भूषण मुकारुङले पनि बधाई ज्ञापन गरे।

केहीअघि अमेरिकाको रोचेस्टरस्थित रोचेस्टर सिटी हलमा आयोजित कार्यक्रममा उनलाई रोचेस्टर शहरकी मेयर लभ्ली वारेन तथा उपमयेर डा. कार्डिक एल अलेक्जेन्डरले प्रमाणपत्रसहित सम्मान गरेका थिए। यस सम्मानपश्चात् रोचेस्टरमा प्रत्येक वर्ष नोभेम्बर ५ लाई *राई इज किङ* डेको रूपमा मनाइनेछ।

जुन २०१४ मा नेपालीभाषी भुटानी समुदायको निमन्त्रणामा उनी पहिलोपटक अमेरिका पुगेका थिए। त्यसपछि भने उनी वर्षेनि कन्सर्टका लागि अमेरिका आउने-जाने गरिरहेका छन्। यसपटक पनि नेपालीभाषी भुटानी समुदायकै निमन्त्रणामा त्यहाँ पुगेका उनले पोर्टल्यान्ड, न्युहामसायर, न्युयोर्क र आफू सम्मानित शहर गरी पाँच ठाउँमा कन्सर्ट गरेका थिए।

## कलाकर्मी र पत्रकारलाई कलाकार संघको सम्मान

नेपाल चलचित्र कलाकार संघले हरेक वर्षझैं यस वर्ष पनि कलाकर्मी र चलचित्र पत्रकारलाई सम्मान गर्ने भएको छ। संघका अध्यक्ष रामकेश बोगटीको अध्यक्षतामा बसेको बैठकले यस वर्षको *नेपाल चलचित्र कलाकार संघ राष्ट्रिय पुरस्कार* २०७४ मह जोडी अर्थात् ख्यातिप्राप्त हास्यव्यंग्य अभिनेताद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई प्रदान गर्ने निर्णय गरेको छ। त्यस्तै गरी अभिनेतृ स्व. शान्ति मास्केको स्मृतिमा स्थापित *शान्ति मास्के पुरस्कार* २०७४ आरपी पन्त, *विशेष सम्मान* गेहेन्द्र धिमाल र वसन्त श्रेष्ठ, *नवप्रतिभा सम्मान* दीपिका प्रसाईं, नेपाल चलचित्र कलाकार संघ सेवा सम्मान राजेन्द्र सलभ, शम्भु निरौला, जय श्रेष्ठ र प्रकाश धितालतालाई प्रदान गरिने भएको छ। त्यसै गरी *नेपाल लचित्र कलाकार संघ पत्रकारिता सम्मान* २०७४ तुलसी गिरी 'भावुक', आरके सुवेदी र गीता अधिकारीलाई प्रदान गरिने भएको छ।

संघका अध्यक्ष बोगटीका अनुसार यी सम्मान संघको साधारणसभाका अवसरमा आगामी फागुन अन्तिममा प्रदान गरिनेछ।






सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG | Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: RUSLAN 100% PURE MOVIES
OFFICIAL BANK: PRABHU BANK
ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा (KFA 1A)
डाइङ क्यान्डल (KFA 1B)
गाजलु (KFA 1C)
जात्रा (KFA 1D)
के म तिम्रो होइन र (KFA 1E)

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२ (KFA 2A)
दीपेन्द्र के खनाल - चपली हाइट-२ (KFA 2B)
हेमराज बीसी - गाजलु (KFA 2C)
आकाश अधिकारी - के म तिम्रो होइन र (KFA 2D)
निश्चल बस्नेत - लुट-२ (KFA 2E)

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम (KFA 3A)
अनमोल केसी - गाजलु (KFA 3B)
विपीन कार्की - जात्रा (KFA 3C)
निखिल उप्रेती - निर्भय (KFA 3D)
सौगात मल्ल - शब्द (KFA 3E)

विधाः सर्वोत्कृष्ट अभिनेतृ
प्रियंका कार्की - छक्का पञ्जा (KFA 4A)
सृजना सुब्बा - डाइङ क्यान्डल (KFA 4B)
वर्षा राउत - जात्रा (KFA 4C
केकी अधिकारी - लभ सासा (KFA 4D)
नीता ढुंगाना - निर्भय (KFA 4E)

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर (KFA 5A)
अर्पण थापा - वीरविक्रम (KFA 5B)
दीपकराज गिरी - छक्का पञ्जा (KFA 5C)
कमलमणि नेपाल - जात्रा (KFA 5D)
कामेश्वर चौरासिया - पलाँस (KFA 5E)

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा (KFA 6A)
रवीन्द्र झा - जात्रा (KFA 6B)
दयाहाङ राई - लुट-२ (KFA 6C)
सलोन बस्नेत - गाजलु (KFA 6D)
बुद्धि तामाङ - छक्का पञ्जा (KFA 6E)

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 7A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 7B)
कालिप्रसाद बासकोटा - लुट-२/ ठमेल बजार (KFA 7C)
अर्जुन पोखरेल - निर्भय/ यो दुनियाँ (KFA 7D)
वसन्त सापकोटा - राधा/ छपक्कै (KFA 7E)

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/ हारें हारें (KFA 11A)
राजनराज शिवाकोटी - छक्का पञ्जा/ पूर्व-पश्चिम रेल (KFA 11B)
कृष्ण काफ्ले - छक्का पञ्जा/ सुन न चम्पा (KFA 11C)
प्रताप दास - के म तिम्रो होइन र/ पागल (KFA 11D)
युवराज चौलागाईं - पलाँस/ तिमी साथमा (KFA 11E)
स्वरूपराज आचार्य - शब्द/ हरपल (KFA 11F)

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/ केही कदम (KFA 10A)
मिलन अमात्य - हाउ फन्नी/ यो के हो (KFA 10B)
अञ्जु पन्त - किस्मत-२/ यी आँखा लैजाउ (KFA 10C)
मीना निरौला - लुट-२/ ठमेल बजार (KFA 10D)
मेलिना राई - राधा/ छपक्कै (KFA 10E)

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत (KFA 8A)
केकी अधिकारी (KFA 8B)
प्रियंका कार्की (KFA 8C)
ऋचा शर्मा (KFA 8D)
सृष्टि श्रेष्ठ (KFA 8E)

# विचार

प्रत्येक दिन जीव मृत्युको मुखमा
गैरहेका छन् तर बाँकी मान्छे
अमर हुन चाहन्छन्, यसभन्दा बढी
आश्चर्य के हुन्छ ?
– महाभारत

मेरो चिन्ता यो होइन कि तपाईं खस्नुभयो,
सबभन्दा ठूलो चिन्ता यो हो कि खसेपछि
तपाईं उठ्नुभएन।
– अब्राहम लिंकन

## सम्पादकीय

नेपाल समाचारपत्र

# आरोप–प्रत्यारोप बन्द गर

निर्वाचनको लागि सबै राजनीतिक दलका उम्मेदवारहरुले आ–आफ्ना चुनावी घोषणापत्र सार्वजनिक गरेर निर्वाचनमा होमिएका छन् । निर्वाचनमा जनतासमक्ष आफ्ना एजेन्डा लैजाने र सोही आधारमा निर्वाचनको परिणाम ल्याउने अपेक्षा उनीहरुले गरेका हुन्छन् । सोही अनुसार निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीतिक दलका उम्मेदवारहरुले चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन् । यद्यपि चुनावीसभा, कोणसभा र घरदैलो कार्यक्रममा राजनीतिक दलहरुले आफ्नो एजेन्डा लैजानेभन्दा पनि विपक्षी दललाई आरोप–प्रत्यारोप गर्न बढी समय खर्च गर्ने गरेका छन् ।

निर्वाचनमा आफ्नो एजेन्डाले मतदाताको मन जित्ने भन्दा पनि विपक्षी दललाई गालीगलौज गरेर मत माग्ने विगतको संस्कृतिले अहिले पनि निरन्तरता पाएको छ । जनताको दैनिक जनजीवनसँग जोडिएको समस्या समाधान गर्ने विषयलाई भन्दा पनि राजनीतिक दलका उम्मेदवाहरुले विपक्षीलाई आरोप लगाएर भोट माग्ने कार्यलाई निरन्तरता दिएका छन् ।

अधिकांश स्थानमा विगतमा निर्वाचित भइसकेका उम्मेदवाहरु दोहोरिएका छन् । विगतको जस्तै उम्मेदवाहरुले यसपटकको निर्वाचनमा पनि पुरानै एजेन्डा जनताको बीचमा लिएर गएका छन् । हरेक निर्वाचनमा जनताले ठूलो सपना देख्ने र निर्वाचनपछि उम्मेदवाहरु विरलै रुपमा मात्र जनताको घरदैलोमा पुग्ने गरेका छन् । जसको कारण जनतासमक्ष उम्मेदवारहरुले निर्वाचनका समयमा कुरा धेरै गर्ने अनि निर्वाचनबाट विजयी भएर गएपछि प्रतिबद्धताअनुसार काम नगर्ने बानीले जनता दिक्क भएका छन् । हरेक निर्वाचनमा जनताको समस्या सुन्न घरदैलोमा पुग्ने राजनीतिक दलका उम्मेदवारहरु विजयी भएपछि जनताको दुःख, पीर–मर्का बुझ्न भन्दा पनि नातावादमा बढी फस्ने गरेको दृष्टान्त रहेको छ ।

निर्वाचनको लागि राजनीतिक दलहरुले घोषणा गरेको चुनावी घोषणापत्रलाई जनताको बीचमा खासै चर्चा गरेका नै पाइँदैन । चुनावी प्रतिबद्धताको बारेमा चुनावीसभामा पनि चर्चा हुने गरेको छैन । चुनावी एजेन्डालाई भन्दा पनि उम्मेदवाहरुले एक–अर्कालाई तल्लोस्तरको गालीगलौज गर्न पछि नपर्ने गरेका छन् । के यही संस्कृतिले देशको विकास र समृद्धि हुन्छ ? देश निर्माणको विषयमा राजनीतिक दलको चुनावीसभामा खासै चर्चा र बहस भएको पाइँदैन । एकले अर्कालाई नराम्रो देखाउने सोच र चिन्तनले के मुलुक अगाडि बढ्न सक्छ ? निर्वाचनमा अभियानको क्रममा शीर्षनेताहरु पनि राजनीतिको सामान्य मूल्य र मान्यता बिर्सँदै तल्लोस्तरको गालीगलौजमा उत्रिने गरेका छन् । यस्ता गालीगलौज र आरोप–प्रत्यारोपको संस्कृति हाबी भएपछि भावी पुस्ताले के सिक्लान् ? त्यसैले जनताको मन जित्ने गरी राजनीतिक दलहरुले आ–आफ्ना चुनावी एजेन्डालाई प्राथमिकता दिनुपर्छ ।

## अनशन भर्सेस राज्य :
# सरकारदेखि राष्ट्रपतिसम्मलाई चुनौती


बालकृष्ण मैनाली

आन्दोलनका आ-आफ्ना रुप हुन्छन्। २००७ सालदेखि हालसम्म प्रायः सबै प्रकारका आन्दोलनका रुपहरुलाई नेपालले प्रयोग गरिसकेको छ। सशस्त्र आन्दोलनदेखि सत्याग्रहसम्मका आन्दोलहरु देशले बेहोरिसकेको छ। विभिन्न आन्दोलनका चरणहरु पार गर्दै वर्तमानसम्म आइपुग्दा देशबारे उपलब्धि के हो भन्दा उपलब्धि अन्य देशको तुलनामा हात लाग्यो शून्य। हरेक क्षेत्रमा बेथितिको पराकाष्ठा नाघेको छ। विभिन्न आन्दोलनका रुपहरुलाई हेर्दा एउटा के निष्कर्षमा पुग्न सकिन्छ भने, कुनै पनि आन्दोलनका सीमाभित्र सबै सरोकारवालाहरु रहने हो भने त्यसले बढी क्षति पुऱ्याउँदैन। सीमाभन्दा बाहिर गएको अवस्थामा त्यसले बढी क्षति पुऱ्याउँछ। सामान्यरुपमा उठेको चालीस बुँदे मागलाई समय छँदै हुनसक्ने मागलाई सम्बोधन गरिएको भए सम्भवतः नेपालको राजसंस्था पलायनको अवस्थामा रहनुपर्ने थिएन भन्ने बलियो प्रतिनिधि उदाहरण हो।

आन्दोलनका रुपहरुमध्ये सत्याग्रह अर्थात् अनशन पनि एक प्रकारको दबाबमूलक आन्दोलन हो। भारतमा महात्मा गान्धीले यही हतियारको प्रयोग गरेर बृटिसहरुबाट भारतलाई स्वतन्त्र गराए। तथापि उनको त्यो आन्दोलनका दौरानमा दबाब वा बाध्यात्मक अवस्था परी केही विसंगतिहरुको बीजारोपण भएको भए तापनि महात्मा गान्धीको त्यागलाई आजसम्म विश्वले सराहना गरिनै रहेको छ। यसमा कुनै कमी आएको छैन।

नेपालको सन्दर्भमा यता केही समयदेखि आमरण अनशन अर्थात् आमरण भोक हडतालमार्फत राज्यका निकायहरुबाट आफ्ना मागलाई सम्बोधन गराउने विषयले पटक-पटक प्रवेश पाइरहेको छ। यसका नायक नेपालमा हाललाई प्रा.डा. गोविन्द केसी देखिएका छन्। हुन त आफ्नो छोराको हत्यारालाई प्रकाउ गरी कानुनी कार्यवाही गरेर विधिको शासन स्थापित गराइपाउन आमरण अनशन बसेका नन्दप्रसाद अधिकारीको आमरण अनशनकै क्रममा मृत्यु भैसकेको व्यहोरा जगजाहेर छ। उनको शव हालसम्म पनि दाहसंस्कार हुन नसकी टिचिङ अस्पताल महाराजगन्जमै बेवारिसेको जस्तो अवस्थामा राखिएको छ। यस्तो अवस्था एकातिर विद्यमान छ भने आफ्ना पतिले अनशनको क्रममा सहादत प्राप्त गरेपश्चात् उनकी श्रीमती गंगामाया वीर अस्पतालमा चार वर्षदेखि अनशन बसिरहेकी छिन्। या त उनको माग पूरा हुनुपऱ्यो, या त आफ्नो पनि देहावसान आफ्नो पतिजस्तै अनशनकै क्रममा हुनेछ भन्ने उनको भनाइ सार्वजनिक भएको छ। यसले नेपाल मानवअधिकारको रक्षा गर्ने विषयमा र कानुनी शासन स्थापना गर्ने विषयमा अटेरी भएको प्रतीत हुन्छ। सर्वोच्च अदालतले उनको छोराको हत्या अभियोग लागेका व्यक्तिलाई पक्राउ गर्न दिएको आदेशलाई मानेर अनशन तोडेकी गंगामायाले दुई वर्ष कुर्दा पनि राज्यले सर्वोच्चको आदेशलाई समेत रद्दीको टोकरीमा मिल्काएपछि पुनः अनशन शुरु गरेकी छिन् गंगामायाले। यो विषयमा थुप्रै आलेख तथा समाचारहरु सार्वजनिक भैसकेका छन्। तथापि, सरकारले टेरपुच्छर लगाइरहेको छैन। यस विषयमा बाँकी नतिजा समयले ल्याउने नै छ। हाललाई प्रतीक्षा गर्नेदेखि बाहेक गंगामायाको अन्य विकल्प देखिँदैन।

यीबाहेक अनशनकै विषयलाई लिएर विश्वव्यापीरुपमा चर्चामा रहेका प्रा.डा. गोविन्द के.सी. र नेपालभित्र सामान्य चर्चामा आएका प्रा.डा. महेश गजुरेल हुन्। त्रिभुवन विश्वविद्यालयका आंशिक प्राध्यापक डा. महेश गजुरेलसमेत सम्मिलित प्राध्यापकहरुले सात महिनादेखि त्रिभुवन विश्वविद्यालयको ढोकामा अनशन बसी चरणबद्ध आन्दोलन चलाउँदा पनि सरकारले टेरपुच्छर नलगाएपछि प्राध्यापक डा. महेश गजुरेल आमरण अनशनमा उत्रिएका हुन्। आमरण अनशनको १५ औं दिनसम्म पनि सरकारले आनाकानी, यताउता र नियम कानुन देखाउन थालेसँगसँगै डा. गजुरेलको अवस्था गम्भीर बन्दै गएपछि सामान्य सर्तसहित आन्दोलन स्थगित हुन पुगेको छ।

अनशनका अर्का नायक हुन् प्रा.डा. गोविन्द के.सी.। उनले १३ औं पटकसम्म आमरण अनशनको भूमिका निभाइसकेका छन्। विशेषतः उनको माग मेडिकल शिक्षासग रहेको छ। उनको र राज्यको बीच भएको घम्साघम्सी हुँदै-हुँदै सर्वोच्च अदालतलगायत राष्ट्रपतिविरुद्ध पनि अनशन बस्ने चेतावनी दिइएको समाचारहरु सार्वजनिक भएका छन्। यसरी चेतावनी दिनुपर्ने अवस्था सृजित गराउन राज्यको गैरजिम्मेवारी कार्य नै हो भन्नेको अभिमत ठूलै मात्रामा छ।

चेतावनी दिनुपर्ने अवस्थाको विषयलाई गम्भीरतापूर्वक नियाल्दा डा. केसीको १३ औं अनशन स्थगित गरिएको मुख्य कारणमा चिकित्सा शिक्षा ऐन अध्यादेशमार्फत पारित गरिने गरी सरकारसँग भएको सहमतिपछि मात्र हो। उनले आरोप लगाउँदै आएका मेडिकल माफियाहरुको चलखेलको कारण अध्यादेशमार्फत ऐन नआउने हो कि वा आइहाले पनि प्रमाणीकरणमा अवरोध आउने हो कि भन्ने संसय थियो। यस कारणले समय-समयमा विज्ञप्तिमार्फत आफ्नो भनाइ सार्वजनिक गरिरहेका थिए डा. केसीले। अर्को प्रसंग मेडिकल शिक्षासँगसँगै भ्रष्टाचारका प्रखर विरोधी डा. केसीको ध्यान सर्वोच्च अदालतबाट भ्रष्टाचारीका आरोपीहरुलाई बचाउने गरी फैसला आउन थालेको विरुद्धमा पनि तानिन पुग्यो र हालै सर्वोच्च अदालतले भ्रष्टाचारको आरोपमा नेपाल आयल निगमको कार्यकारी निर्देशक पदबाट बर्खास्त गरिएका गोपाल खड्कालाई पुनर्स्थापना गर्ने विषयमा उनको कडा आपत्ति थियो। निगमका विभिन्न निर्णयहरुमा पटक-पटक विवादमा परिरहेका खड्कालाई सरकारद्वारा सामान्य स्पष्टीकरण पनि नसोधी बर्खास्त गरिनु नै उनलाई सरकारकै तर्फबाट पुनर्वहालीको ढोका खोलिदिएको विषयबारे व्यापक छलफल र बहसको विषय बन्न पुग्यो। यो सँगसँगै विगतमा गरिएका सर्वोच्च अदालतका ११ जना न्यायाधीशहरुलाई अयोग्य घोषणा गर्ने षड्यन्त्र भैरहेको भन्दै त्यसप्रति पनि आक्रोश पोख्दै न्यायपालिकाविरुद्ध नै अनशन बस्ने उनको भनाइ सार्वजनिक भए, जसलाई जनस्तरबाटै व्यापक अनुमोदन त भयो तर सर्वोच्च अदालतमै सो मुद्दा विचाराधीन रहेको कारणले यसले कुन रुप लेला भन्ने विषयमा चाहिँ जिज्ञासुहरु पर्खाइको स्थितिमा रहनुपर्ने बाध्यात्मक स्थितिको सृजना गराइएको छ। यद्यपि डा. गोविन्द केसी देशमा रहेको हरेक बेथितिविरुद्ध एकैचोटि माग राखी आन्दोलनमा उत्रिनुपर्नेमा मात्र मेडिकल शिक्षाको विषयलाई लिएर आन्दोलनमा उत्रेको भनी टिकाटिप्पणी गर्नेहरुको संख्या पनि कम छैन भने मेडिकल शिक्षासँग सरोकार राख्ने विद्यार्थीचाहिँ मेडिकल शिक्षादेखि बाहेक अरु विषयमा हात नहाल्न डा. गोविन्द केसीलाई सुझाउँदै आएका छन्। अन्ततः लड्नै परेपछि सबै बेथितिविरुद्ध जाइलाग्नुपर्छ भन्नेको संख्या अधिक रहेको छ र उहाँलाई यस अर्थमा व्यापक जनसमर्थन पनि प्राप्त भएको छ।

राष्ट्रपतिप्रति उनको गुनासोचाहिँ चिकित्सा शिक्षा अध्यादेश प्रमाणीकरणमा भएको ढिलाइ हो। वास्तविकरुपमा राष्ट्रपतिसमक्ष प्रस्तुत भएको अध्यादेश कति अवधिभित्र प्रमाणीकरण गर्ने वा पुनर्विचारका लागि फर्काउने भन्ने बारेमा समयसीमा तोकिएको त छैन। तथापि, सामान्यतया यसरी समयसीमा नतोकिए पनि १५ दिनभित्र प्रमाणीकरण गर्ने वा पुनर्विचारका लागि फर्काउन सक्ने व्यवहारमा चलिआएको छ। यो आलेख प्रकाशित हुँदासम्म सम्भवतः पेस भएको चिकित्सा शिक्षा अध्यादेश या त प्रमाणीकरण भएर आउला या पुनर्विचारका लागि फिर्ता पठाइएला वा त्यत्तिकै अल्झाइराख्ने काम होला। आशा गरौं, प्रमाणीकरण भएर आउला। अन्यथा यही विषयलाई लिएर पुनः १४ औं आमरण अनशनमा डा. केसी गए भने अबचाहिँ जनताको सशक्त भूमिका के हुने हो भन्ने विषय विचारणीय पक्ष बन्न पुगेको छ।

> कुनै पनि मान्छेलाई असह्य पीडा नभईकन कुनै माग पूरा गराउनको लागि राज्यको सामुन्ने आफ्नो ज्यान त्याग्न कदापि तयार हुँदै हुँदैन। यसर्थ यस विषयमा जो-कोहीले आमरण अनशन शुरु गर्छ भने गहिरोरुपमा वास्तविकता बुझी समयमै राज्यले सम्बोधन गर्ने पर्छ। पछिल्लो समयमा यस सवालमा भने राज्य निरीह देखिएकै हो

राज्यले बुझ्नुपर्ने कुरा के हो भने, सामान्यतया मान्छे मृत्युवरण गर्न चाहँदैन। अपवादका रुपमा कुनै कारण देखाएर आवेगमा आई आत्महत्या गरेर मृत्युवरण गर्ने अवस्थादेखिबाहेक सकेसम्म हरेक मानव बाँच्न नै चाहन्छ। यस कुरालाई विभिन्न विद्वान्ले आफ्नो खोज तथा अनुसन्धानबाट प्रमाणित गरिसकेका छन्। यस अर्थमा कुनै पनि मान्छेलाई असह्य पीडा नभईकन कुनै माग पूरा गराउनको लागि राज्यको सामुन्ने आफ्नो ज्यान त्याग्न कदापि तयार हुँदै हुँदैन। यसर्थ यस विषयमा जो-कोहीले आमरण अनशन शुरु गर्छ भने गहिरोरुपमा वास्तविकता बुझी समयमै राज्यले सम्बोधन गर्ने पर्छ। पछिल्लो समयमा यस सवालमा भने राज्य निरीह देखिएकै हो भन्दा अनुपयुक्त हुँदैन। पक्कै पनि यो कुरामा विमति छैन कि कहिलेकाहीँ आफ्नो क्षुद्र राजनीतिक स्वार्थको लागि आन्दोलनको रुपमा कसै-कसैले यो विषयलाई उठान नगर्ने होइनन् र प्रयोग नगर्ने पनि होइनन्, गर्छन्। तथापि, ती कुराहरुमा मागको आधार, अनशन बस्ने व्यक्ति, उसको राजनीतिक संलग्नता आदिले राखेका वा आएका मागहरु राजनीतिक स्वार्थ पूरा गरिने खालका हुन् कि वास्तविक जनतासँग सरोकार राख्ने विषयहरुसँग सम्बन्धित हुन् भन्ने कुरा छर्लंग हुन्छ। सोही अनुसार राज्यले आवश्यक कदम चाल्नुपर्ने हुन्छ। जे-जस्तो माग आए पनि सबै प्रकारका मागहरुलाई एउटै डालोमा राखेर राज्यद्वारा हेरिने जुन प्रचलन छ, त्यसलाई बदल्नै पर्छ। देश र जनताको स्वार्थ गाँसिएको विषयलाई सम्बन्धित माग पूरा गर्न राज्यले कदापि हेलचक्र्याइँ र कन्जुस्याइँ गर्नुहुँदैन।

अनशन रहेकै अवस्थामा मानवले मृत्युवरण गर्नु भनेको राज्यले भोकभोकै मारेको मानिन्छ। राज्यको दायित्व मानवको बाँच्न पाउने अधिकारलाई कुनै पनि हालतमा सुनिश्चितता प्रदान गर्नु हो र गर्नुपर्छ। यस विषयमा जे-जस्ता अप्ठ्यारा देखिए तापनि आवश्यक परे राज्य संयन्त्रको प्रयोग गरेर भए पनि मानवजीवनको रक्षा गर्ने पर्दछ। नन्दप्रसाद अधिकारीको हकमा राज्यबाट गम्भीर त्रुटि भएकै हो। अब कम्तीमा गंगामायाको हकमा राज्यले नन्दप्रसादकै स्थितिमा नपुऱ्याओस्। समयमै उनको समस्याको सार्थक सम्बोधन गरियोस्। अनि डा. गोविन्द केसीलाई पनि १४ औं पटक अनशन बस्ने अवस्था सृजना नगरियोस्।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### चुनावअगाडिको समाजवाद !

पहिला पनि समाजवादको नारा नलगाएको हैन, आर्थिक समृद्धिको नारा नलगाएको हैन ? आखिर यी नारा चुनावका लागि मात्रसीमित भएका थिए। यही नाराको भरमा तपाईंहरु सांसद, मन्त्री र प्रधानमन्त्री हुनुभएको थियो। फेरि जानुभएको छ जम्लाहात जोड्दै जनतासामु, फेरि पनि हामी आएका छौं झुटा आश्वासन दिनको लागि भन्दै। बीपी कोइरालाको समाजवाद कांग्रेसले लिन सकेन, न गणेशमानको त्याग-तपस्यालाई आत्मसात् गर्न सक्यो ? माओवादीहरुले पनि खाली वीर शहीदको नाम लिँदै भोट मागे अनि स्वीजरल्यान्डको सपना जनतासामु देखाए। आखिर खै त तपाईंहरुको स्वीजरल्यान्ड ?

एमाले पनि कहिले ग्यासको पाइप घर-घरमा पुऱ्याउँछु भन्यो, कहिले के ? यस्तै-यस्तै झुटा आश कहिलेसम्म हो ? मधेसवादी दलहरुले पनि न मधेसका पिछडिएका जनताको लागि केही गर्न सकेका छन्, न विकासको गति अगाडि बडाउन ? आखिर केको लागि कति दिनसम्म हो यो राजनीति ? राप्रपा पनि त्यही झुटो आश्वासन बाँड्ने। पद र पैसा नहुन्जेल खाली जनतालाई झुट र भ्रम भर्ने अनि पछि भ्रष्टाचार गरेपछि कसैले केही गरेको देखिन्न। गुण्डा, तस्कर अनि भ्रष्टाचारीहरुलाई साथ लिने र टिकट दिने तपाईंहरुले के नै गर्नुहुन्छ भन्ने आशा राख्ने, खै ? तपाईंहरु मुसा भएर ससद् भवन छिर्नुभयो, बाघ भएर निक्लनुभयो, चुनावअगाडि एउटा जनताको छोरो हुँ भन्नेहरु सांसद भएपछि तिनै जनतालाई चिन्न छाड्नुभयो। आफ्नै नातागोताको अनि आफ्नै आर्थिक समृद्धि गर्नुभयो होला तर एउटा गरिब सिटामोलसम्म खान नपाई मर्ने बाध्यताको बारेमा वकालत गर्ने फुर्सद थिएन तपाईंहरुलाई।

अबको आर्थिक समृद्धि केवल कसका लागि ? खुलाएर भन्न सक्नुहोस्, अबको समाजवाद कसका लागि ? नेताका लागि कि जनताका लागि ? हामी नेपाली विदेश गई नेताको घर उज्यालो पारेर पनि आफ्नो घर अन्धकारमै बस्न बाध्य छौं। अनि लाखौं बेरोजगार हुन बाध्य छौं। अब पनि यही नियति हो भने तपाईंहरुलाई भोट दिनुको औचित्य केही छैन।

***– उज्वल अधिकारी, सरस्वती ब. क्याम्पस, लैनचौर***

### मृत्यु निश्चित छ

कुनै पनि जीवजन्तु जन्मेपछि उसको मृत्यु निश्चित हुन्छ। तर कहिले, कहाँ र कति बेला मृत्यु हुन्छ ? त्यसको भने कुनै ठेगान हुँदैन। संसारका सबै वस्तु नाशवान् छन्। पहिलेका र पुराना वस्तु नाशिँदै जाने र नयाँ-नयाँ वस्तुको सिर्जना हुँदै जाने यो वैज्ञानिक नियम हो। यसलाई मार्क्सवादले पनि प्रमाणित गरिसकेको छ। संसारमा कुनै पनि वस्तु स्थायी हुँदैन। सबै वस्तुको अन्त्य अनिवार्य छ। यो ब्रह्माण्डमा सबै भौतिक पदार्थ नाशवान् हुन्छन्। यो सत्य हो। तर ती सबै पदार्थ नाशवान् भएपछि अर्को रुपमा अस्तित्वमा आउने गरेका छन्। उदाहरणको लागि काठ जलेर नाश हुन्छ। तर त्यसको अर्को रुप खरानी अस्तित्वमा आउँछ। खेतबारीमा राखेको मल गलेर जान्छ तर त्यसको सारतत्व बोट बिरुवाले लिने गरेका हुन्छन्। माटोमा मकैको बीउ रोपिन्छ। रोपेको त्यो बीउ मासिन्छ तर त्यही बीउबाट अरु धेरै मकैका दाना फल्ने गरी मकैको बोटमा घोगा लाग्न शुरु गर्छ।

यही रीतले यो विश्वमा सबै भौतिक पदार्थको जीवनचक्र लाखौं वर्षपहिलेदेखि चलिरहेको छ। एउटा पदार्थको नाश भएर त्यसको अर्को रुप अस्तित्वमा आउने यही मान्यताका कारण कतिपय मान्छेले मान्छे मरेपछि अर्को जुनी फेरिएर जन्म लिन्छ भनेका होलान्। वास्तवमा मान्छे मरेपछि फेरि मान्छे भएर जन्मनु असम्भव कुरा हो। मान्छे मरिसकेपछि उसको शरीर नाश हुन्छ। त्यो नाश भएको शरीर जलिसकेपछिको अवस्थामा खरानी पो अस्तित्वमा आउँछ। मान्छे अस्तित्वमा आउने भन्ने कुरा हुँदैन। यो त मान्छेको कल्पनाको विषय मात्र हो। यदि मान्छे फेरि अस्तित्वमा आउँदो हो त संसारका सबै प्राणी अर्को जुनी बदलेर अस्तित्वमा आउने थिए। यो असम्भव कल्पना मात्र हो।

जन्मेपछि म मर्छु भन्ने चिन्तन अरु प्राणीले गर्न सक्दैनन्। यस्तो चिन्तन गर्ने प्राणी मान्छे मात्रै हो। मान्छेको जीवनमा जन्म, विवाह र मृत्यु निश्चित भएर पनि अनिश्चित हुँदै आइरहेका छन्। गर्भावस्थाको समय पूरा भएपछि बच्चा जन्मन्छ। जन्मनुअघि त्यो जन्मने बच्चा यस्तै अनुहारको हुन्छ र यस्तै रुपरंगको हुन्छ भनेर पहिले नै भन्न सकिँदैन। यसै गरी कोसँग बिहे हुने र कुन दिन हुने भनेर अनुमान लगाउन सकिँदैन। मृत्युका बारेमा त अझै अनुमान लगाउन सकिँदैन। जीवन र जगत्को चक्रका बारेमा चिन्तन गर्ने प्राणी मान्छे मात्रै हो। अरु प्राणीले सोच्नसमेत सक्दैनन्। मान्छेले जन्मदै आफूसँग मृत्यु लिएर आएको हुन्छ। तर कहिले, कुन दिन र कसरी मृत्यु हुन्छ, उसलाई थाहा हुँदैन। हरेक मान्छेले जानेको छ, मेरो मृत्यु निश्चित छ।

मृत्युलाई साथमा लिएर बाँचिरहेको उसले सबैभन्दा बढ्ता माया जीवनसँग गरिरहेको हुन्छ। उसलाई मृत्युसँग कुनै भय हुँदैन, कुनै त्रास हुँदैन र कुनै शंका हुँदैन। तर त्यही मृत्युका बारेमा अरु कसैले सुनाइदियो भने त्यस बखत मान्छे सबैभन्दा बढ्ता डराउने गर्छ, सबैभन्दा धेरै तर्सिने गर्छ र सबैभन्दा बढी कहालिने गर्छ। जीवन आफूले भोगेर रमाउने, मृत्यु अरु कसैले भनेर तर्सने। यस्तो हुँदै आएको छ मान्छेको जीवनमा। कुनै मान्छे बिरामी भयो। उसको स्वास्थ्य परीक्षण गरिसकेपछि डाक्टरलाई थाहा भयो अब यो बिरामीलाई सन्चो हुँदैन भन्ने। डाक्टरले यो कुरा सीधै बिरामीलाई नसुनाएर बिरामीका आफन्त वा बिरामी कुरुवालाई सुनाउने गर्छन्। यसको कारण के पनि हो भने, मान्छेले आफ्नो मृत्युको कुरो सुन्न चाहँदैन। जन्मेपछि मृत्यु स्वाभाविक छ। आफूले आफैंलाई नसम्झाई अर्को उपाय छैन भनेर आफन्तको मृत्युमा शोकमग्न भएका परिवारजनलाई सम्झाउने त्यही मान्छे आफ्नो मृत्युको बारेमा सुनेपछि निकै अत्तालिने गर्छ। यसको अर्थ हो, मान्छेको जीवन नै सबै थोक हो र सर्वस्व हो। जीवन छँदै समाज र देशको हितमा उल्लेखनीय काम गर्नु हरेक मान्छेको दायित्व हो। यही नै मान्छेको जीवनको लक्ष्य हो।

***– सागर सुवेदी, सर्लाही***

### मतदाता शिक्षा प्रभावकारी भएन

निर्वाचन आयोगले करोडौं रुपियाँ खर्च गरे पनि मतदाता शिक्षा प्रभावकारी हुनसकेको छैन। मंसिर १० र २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाका लागि आयोगले गरेको कात्तिक २५ गतेदेखिको मतदाता कार्यक्रम खासै प्रभावकारी भएको छैन। औपचारिकताका लागि जिल्ला सदरमुकामनजिक गरेको भए पनि गाउँ-गाउँसम्म कार्यक्रम पुगेको छैन।

विकट पहाडी भेगमा मात्र नभई शहर बजारका मतदातासम्म मतदाता शिक्षा पुग्न नसकेको स्थिति छ। निकै अन्यौलताका बीच मतदान गर्दा धेरै मत बदर हुने देखिन्छ। खर्बौं लगानी गरेर गरिएको चुनावमा १ मतको पनि निकै महत्व हुन्छ। निर्वाचन आयोगले यो विषयमा गम्भीरतापूर्वक ध्यान देओस्।

***– उत्तम श्रेष्ठ, पुल्चोक, ललितपुर***

## सामाजिक सञ्जाल


तिमीले सिमाना नाघिरहेका छौ। अब मेरा सफलताहरु त्यहीँबाट शुरु हुनेछन्।
**Nawa Raj Silwal**
**@Nawasilwal**


नैतिकताको खोल उत्रिएपछि मान्छेले लुगा लगाए पनि नलगाए पनि केही फरक पर्दैन।
**Lenin Banjade**
**@lendaai**


पहिला आफ्नो मनलाई पत्थर बनाउन सिकेर मात्र अरुमाथि विश्वास गर्नुपर्ने रहेछ, ताकि पछि विश्वास टुटे पनि मन कहिले नटुटोस्।
**KARUNA**
**@KarunaSubedi5**

{ सभापति सानुछोरी शाक्यले परियति शिक्षा पढिरहेका विशेषतः गृहणी महिलाहरूको व्यक्तित्व विकास गर्न वक्तृत्वकला प्रतियोगिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै यस्ता कार्यक्रम निरन्तर गर्दै जानुपर्ने खाँचो औंल्याउनुभयो।



# नेपाल

# भक्तपुर कांग्रेसको चुनावी घोषणापत्र सार्वजनिक

नेपाल समाचारपत्र
भक्तपुर

आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि नेपाली कांग्रेस जिल्ला कार्य समिति, भक्तपुरले तयार पारेको भक्तपुर घोषणापत्र सार्वजनिक गरेको छ। लोकतान्त्रिक गठबन्धनको युवा परिचालन समितिले आयोजना गरेको कार्यक्रममा कांग्रेस भक्तपुर सभापति दुर्लभ थापाले उक्त घोषणापत्र सार्वजनिक गर्नुभएको हो।

घोषणापत्रमा भक्तपुर जिल्लाको समग्र विकासका लागि सडक विस्तार गर्ने, गाउँ-गाउँमा पक्की सडक निर्माण गर्ने, यातायातको पहुँच सबै क्षेत्रमा पुऱ्याउने, भक्तपुरलाई स्वास्थ्यको गन्तव्यकारूपमा विकास गर्ने, निःशुल्क शिक्षालाई प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउने, मेलम्ची खानेपानीलाई भक्तपुरका सबै ठाउँमा पुऱ्याउने कुरा समावेश गरिएको छ।

त्यसै गरी कृषिको प्रवर्द्धन गर्ने, खेतखेतमा सिंचाइको पहुँच पुऱ्याउने, बन्द भएका उद्योग सञ्चालनमा ल्याउने, नयाँ उद्योगको विकास गरी रोजगारीको प्रवर्द्धन गर्ने, इँटा, बालुवा खानीको व्यवस्थापन गर्ने, कला, संस्कृतिको जगेर्ना गर्ने, विश्व सम्पदा सूचीमा रहेका सम्पदाको संरक्षण गर्ने, होमस्टे पर्यटनको विकास गर्ने, भक्तपुरमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनको व्यवस्था गर्ने, भक्तपुरलाई धार्मिक पर्यटकीय क्षेत्रकारूपमा विकास गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ।

युवाका लागि खेलकुदको विकास गर्ने, खेलकुद ग्रामको निर्माण गर्ने, महिला तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन गर्ने, नेपाल ट्रस्टको नाममा रहेको भक्तपुरको ९९ सय रोपनी जग्गामा अन्तर्राष्ट्रियस्तरको औद्योगिक ग्राम बनाउने, सूर्यविनायकमा बन्न लागेको चिडियाखाना सम्पन्न गर्ने, अत्याधुनिक बसपार्क निर्माण गर्नेलगायतका कामहरूको प्रतिवद्धता घोषणापत्रमा छ। कार्यक्रममा अध्यक्ष थापाले घोषणापत्रमा उल्लेख भएका काम गर्न कांग्रेस सक्षम रहेको चर्चा गर्दै भ्रमको खेती गर्ने वामपन्थी गठबन्धनका उम्मेदवारलाई कांग्रेसले चुनावबाट परास्त गर्ने बताउनुभयो।

त्यस अवसरमा नेपाल तरुण दलका पूर्वअध्यक्ष विनोद कायस्थ, युवा परिचालन समितिका संयोजक अष्टकुमार कवँ, घोषणा पत्र निर्माणका संयोजक किरण न्यौपाने, भक्तपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभातर्फका उम्मेदवार बाबुराजा जोशी, प्रदेश 'क' का उम्मेदवार जीवन खत्री, 'ख' का उम्मेदवार अनील भुजु, डा. कोमल फुयाँललगायतले नेपाली कांग्रेसको जित भक्तपुरमा सुनिश्चित रहेको दाबी गर्नुभयो।

## दुई मिनेट

### सुनसहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-३ महाराजगन्ज घर भई हाल ढल्कु बस्ने मोहन महर्जन र काठमाडौं महानगरपालिका-३२ जडिबुटीका आयुष वज्राचार्यलाई प्रहरीले ३ किलो सुनसहित सोमबार पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-२८ स्थित रत्नपार्क बागबजार जोड्ने आकासे पुलमुनि महानगरीय प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा बा३२प ५६६७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूको साथबाट उक्त सुन फेला पारी नियन्त्रणमा लिएको थियो। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### उपचारका क्रममा मृत्यु

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ बौद्ध चुच्चेपाटीस्थित भाटभटेनी सुपरमार्केटको ७ तला माथिबाट हाम फाल्दा घाइते भएका ओखलढुंगा बेतेनी सल्लेरी-१० घर भई काठमाडौं चावहिल बस्ने युवराज चौलागाईंको नेपाल मेडिकल कलेज, अत्तरखेलमा उपचारका क्रममा सोमबार मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### मृत अवस्थामा फेला

काठमाडौं, (नेस)

टोखा नगरपालिका-१० गणेशस्थान डेरा गरी बस्ने बाग्लुङ बरेङ गाउँपालिका-३ का सागर बोहरा आफ्नै डेरामा सोमबार मृत अवस्थामा फेला परेका छन्। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## सिनेमा कर्नर










# २९औं परियति वक्तृत्वकला सम्पन्न



ललितपुर, (नेस)

बौद्ध परियति शिक्षा अध्ययनरत विधार्थीहरूबीच बुद्ध धर्म र दर्शनका विविध विषयमा केन्द्रीत गरी ललितपुरको श्रीबहालमा २९औं परियति वक्तृत्वकला प्रतियोगिताको सम्पन्न भएको छ।

परियति वक्तृत्वकला प्रतियोगिता समितिको आयोजना र श्रीवच्छ महाविहार परियति केन्द्रको व्यवस्थापनमा सो प्रतियोगिता भएको हो। प्रतियोगितामा उपत्यकाका विभिन्न परियति केन्द्रका १५ जना विद्यार्थीले भाग लिएका थिए।

प्रतियोगितामा सर्वोत्कृष्ट हुनेहरूलाई अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री र समितिका अध्यक्ष एवं समाजसेवी मोतीलाल शिल्पकारले पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो। सो अवसरमा सभापति सानुछोरी शाक्यले परियति शिक्षा पढिरहेका विशेषतः गृहणी महिलाहरूको व्यक्तित्व विकास गर्न वक्तृत्वकला प्रतियोगिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै यस्ता कार्यक्रम निरन्तर गर्दै जानुपर्ने खाँचो औंल्याउनुभयो।

बौद्ध परियतिका विधार्थीहरूको व्यक्तित्व विकास गर्ने उद्देश्यले हरेक ३/३ महिनामा सो प्रतियोगिताको आयोजना गरिँदै आएको छ।

# आगलागीबाट धनमाल क्षति

काठमाडौं (नेस)

कागेश्वरी मनहरा नगरपालिका-८ गोठाटार खुर्सानीबारीस्थित कृष्ण चापागाईंको घरको भान्साकोठामा बिजुली सर्ट भई सोमबार आगलागी हुँदा करिब ३ लाख रुपियाँबराबरको धनमाल जलेर क्षति भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

नेपाल सरकार
उर्जा मन्त्रालय
विद्युत विकास विभाग

बुकु खोला साना जलविद्युत आयोजना सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०७४/८/६

सगरमाथा अञ्चल, ओखलढुंगा जिल्लाको खिजिदेम्वा गाउँपालिका, सोलुखुम्बु जिल्लाको लिखुपिके गाउँपालिका र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकामा अवस्थित बुकु खोलाबाट ६ मेगावाट क्षमताको रन अफ रिभर (ROR) प्रकारको बुकु खोला साना जलविद्युत आयोजना निर्माण गर्न एपोलो हाईड्रोपावर प्रा.लि. ले विद्युत ऐन २०४९ को दफा ४ र विद्युत नियमावली २०५० को नियम १२ बमोजिम विद्युत उत्पादनको लागि दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनार्थ नेपाल सरकार उर्जा मन्त्रालयबाट स्वीकृत यस आयोजनाको अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण (Updated Initial Environmental Examination) प्रतिवेदन, अक्टोवर २०१७ र उक्त कम्पनिबाट प्रेषित आयोजनाको पछिल्लो Updated Feasibility Study Report, August 2017 अनुसार आयोजना सम्वन्धी तपसिलका विवरणहरु खोली यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावित बुकु खोला जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, अनामनगर, थापागाउँ, काठमाडौं वा उक्त कम्पनीको कार्यालय, नागपोखरी, काठमाडौं, नेपाल समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. एपोलो हाइड्रोपावर प्रा.लि. प्रचलित कम्पनि अध्यादेश, २०६२ अनुसार २०६३ सालमा स्थापित संस्था हो ।
२. बुकु खोला साना जलविद्युत आयोजनाको जडित क्षमता ६ मेगावाट हुने र यसबाट वार्षिक सरदर ३५.३० गिगावाट घण्टा विद्युतीय उर्जा उत्पादन हुनेछ ।
३. आयोजनाले उपयोग गर्ने जलस्रोतको क्षेत्र निम्नानुसार कायम गरिएको छ ।
**अक्षांश**ः उत्तरदेखिः २७° ३१' ३५" N उत्तरसम्मः २७° ३०' ४७" N
**देशान्तर**ः पूर्वदेखिः ८६° २२' ३४" E पूर्वसम्मः ८६° २०' ५५" E
४. यस आयोजनाको बाँध सोलुखुम्बु जिल्ला खिजिदेम्वा गाउँपालिका (साविक भुसिङ्गा गाविस) तथा विद्युत गृह खिजिदेम्वा गाउँपालिका (साविक रावादोलु गाविस)मा पर्दछ । प्रस्ताव अनुसार यस आयोजनामा समुद्री सतहबाट १५५१.० masl मा Crest Level हुने गरी करिव १४.० मी. लम्बाई र ४.३ मी. उचाई भएको बाँधबाट १०.० मी. x ५.४ मी x ३.२ मी (LxBxH) को Gravel Trap हुँदै ३० मी. x ४.५ मी. x ३.७५ मी. को Desander मा खसाइनेछ । तत्पश्चात् १.४ मी. देखि १.२ मी. Dia को २९३१ मी. लामो Headrace Pipe (Low Pressure Penstock) ४.५ मी. Dia २२ मी. अग्लो Surge Tank, १.२ मी. Dia ५२५.५ मी. लामो Penstock हुँदै आउने २.८० घनमीटर प्रतिसेकेण्ड वहावको पानीलाई खिजिदेम्वा गाउँपालिका स्थित २४.५ मी x १५.९ मी. (LxB) साईजको पावर हाउसमा ३ मे.वा. क्षमताका दुईवटा पेल्टन टर्वाइनहरुमा पुऱ्याइनेछ । पेल्टन टर्वाइनको एक्सिस लेभल amsl १२६७.०६ मी. हुनेछ । सो टर्वाइनसँग जोडिएका ३.८६ एम.भी.ए. क्षमताका २ वटा एसी जेनेरेटर मार्फत् जम्मा ६ मेगावाट विद्युत उत्पादन गरिनेछ । तत्पश्चात् १५ मी. लामो २ मी. x १.५ मी. (BxH) को टेलरेस क्यानलबाट पानी लाई लिखु खोलामा फिर्ता पठाइनेछ भने यसबाट जम्मा २७२.२० मी. ग्रस हेड प्राप्त गरिनेछ । उत्पादित विद्युतलाई सोही स्थानमा बनाइने ३३ के.भी. को २० मी. x २५ मी. (BxH) को स्वीचयार्डबाट ३३ के.भी. प्रशारण लाइनमार्फत् गर्ज्याङ्ग सवस्टेसनमा जोडिनेछ । आयोजनाको बाँधभन्दा तल (Down Stream) प्राणी र वनस्पतीहरुका लागि न्यूनतम ०.०८५ घनमीटर प्रतिसेकेण्ड वहावको पानी वर्षैभरी अविछिन्न रुपमा खोलामा छाडिनेछ ।
५. यो आयोजना सन् २०२० सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।
६. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखित प्रतिकुल असर नपर्ने गरी आयोजनाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन अनुसार गर्न लगाइनेछ ।

यस आयोजनाको सम्वन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ ।

**एपोलो हाईड्रोपावर प्रा.लि.**
नागपोखरी, काठमाडौं, नेपाल ।
फोन नं. ०१-४४११४९०

वा

**विद्युत विकास विभाग**
पो.व.नं. २५०७, थापागाउँ, अनामनगर, काठमाडौं ।
फोन नं. ०१-४४८०३२६

# इँटाभट्टाका बालबालिकाका लागि संरक्षण परियोजना

नेपाल समाचारपत्र
भक्तपुर

बालविकास समाजले भक्तपुरका इँटाभट्टामा कार्यरत बालबालिकाका लागि संरक्षण परियोजना सञ्चालन गरेको छ।

समाजले भक्तपुरको नगरकोटमा आयोजना गरेको समुदाय परिचयात्मक कार्यक्रममा समाजका कार्यक्रम व्यवस्थापक प्रयशा केसीले श्रमिक, सुविधाविहीन तथा जोखिममा परेका बालबालिकाका लागि भक्तपुरका इँटाभट्टा प्रभावित बालबालिका र अभिभावकलाई समेत लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

सन् २०१८ सम्म सञ्चालन हुने परियोजनाअन्तर्गत 'बालबालिकाको हातमा इँटा होइन कलम र कापी दिऔं' भन्ने अभियान चलाइनेभएको छ। परियोजनाअन्तर्गत छात्रवृत्ति सहयोग कार्यक्रम सञ्चालन गरिने, बाल क्लब गठन तथा अभिमुखीकरण तालिम सञ्चालन, अभिभावक भेला तथा बैठक, बालसंरक्षण समितिलाई बालअधिकार तथा बाल संरक्षण विषयक पुनर्ताजगी तालिम सञ्चालन गरिने व्यवस्थापक केसीले बताउनुभयो। परियोजनाअन्तर्गत बालबालिकाको सहभागितामुलक गतिविधि, नाटक, बालश्रमविरुद्धको विश्व दिवस, भित्तेचित्र लेखन कार्यक्रम सञ्चालन गरिने समाजले जनाएको छ।

बालविकास समाजका सिनियर कार्यक्रम सुपरभाइजर भरत थापाले भक्तपुरका ६५ इँटाभट्टामध्ये नगरकोट नगरपालिकाअन्तर्गतका ७ वटा इँटाभट्टाका बालबालिकालाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिने उल्लेख गर्नुभयो।

कार्यक्रममा भक्तपुरलाई सन् २०१७ भित्र बालश्रमिकमुक्त जिल्ला बनाउने अभियान शुरू गरिए पनि कार्यान्वयनमा चुनौती थपिएको सरोकारवालाले बताएका छन्। कार्यक्रममा चाँगुनारायण नगरपालिकाका नगरप्रमुख सोम मिश्रले भन्नुभयो- 'बालश्रम मुक्त गर्ने लक्ष्य पूरा गर्न भक्तपुर जिल्लाका सबै निकायले उत्तिकै जिम्मेवार भएर काम गर्नसके र चुनौतीलाई अवसरकारूपमा लैजान सके लक्ष्य सफल हुन असम्भव छैन।'

# हातहतियार बरामद

काठमाडौं, (नेस)

कैलाली, मोहन्याल गाउँपालिका-४ सिम भन्ने स्थानको सुनपाल सामुदायिक बनको गोरेटो बाटोमा बेवारिसे अवस्थामा रहेको १ नाले भरुवा बन्दुक इलाका प्रहरी कार्यालय, पण्डौनबाट खटिएको प्रहरी टोलीले सोमबार फेला पारी बरामद गरेको छ। त्यसैगरी संखुवासभा, चैनपुर नगरपालिका-४ मैदाने बस्ने युवराज भन्ने उत्तर राईको घरबाट ९ एमएम लेखिएको पेस्तोलका गोली ११ थान र हर्नेटका गोली २ थान सोमबार प्रहरीले बरामद गरेको छ।

विशेष सुराकीका आधारमा खटिएको इलाका प्रहरी कार्यालय चैनपुरको प्रहरीले राईको घर तलासी गर्दा टिनको बाकसभित्र पेरुंगोमा लुकाई छिपाई राखेको उक्त हतियार फेला पारी उनलाई नियन्त्रणमा लिएको हो। फरार राईको प्रहरीले खोजी गरिरहेको छ। घटनाको सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राजनीतिमा सफलता, मान-सम्मान, फलदायी यात्रा।
**वृष** : रोगव्याधि, गर्न लागेको काममा बाधा, आर्थिक समस्या।
**मिथुन** : धन प्राप्ति, विपरीतलिंगीबाट सहयोग, शुभ यात्रा।
**कर्कट** : धनलाभ, खेलकुद-परीक्षामा विजय, सुख-सन्तोष।
**सिंह** : गरेका काममा सफलता, आर्थिक लाभ, सुख-सन्तोष, स्फूर्ति।
**कन्या** : अपच, विनाकाममा दौडधुप, विभिन्न अल्झन आइलाग्दा तनाव।
**तुला** : आर्थिक उन्नति, पराक्रम वृद्धि, आवश्यक वस्तु वा सेवा प्राप्ति।
**वृश्चिक** : बौद्धिकता वृद्धि, कूटनीतिमा सफलता, धनलाभ, शुभ समाचार।
**धनु** : मिष्ठान्न भोजन, पेसा-व्यवसायबाट आम्दानी, गरेका कार्य सफल।
**मकर** : धन हानि, स्वास्थ्य समस्या, विवाद, नैराश्यता एवम् चिन्ता।
**कुम्भ** : धन-सम्पत्ति-खाद्यान्न प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**मीन** : काममा सफलता, हर्षोल्लास, नवीन कार्यमा जोश-जाँगर।

# नेपाल

गुराँस गाउँपालिकामा रहेको शान्ति माध्यामिक विद्यालय र सरस्वती माध्यामिक विद्यालयलगायतका विद्यालयमा किशोरी बेहोस हुने, चिच्याउने र रुने समस्याका विषयमा पटक-पटक चेतनामूलक कक्षा सञ्चालन भइरहेका छन्।

# गुणस्तरीय शिक्षा नै जोखिममा

## बेहोस हुने समस्याले विद्यालय छाड्दै किशोरी

**हिक्मत नेपाली, दैलेख**

विद्यालय आउने किशोरी कक्षाकोठामै एक्कासी बेहोस हुन्छन्, अनि ढल्छन्। यो कुनै नयाँ समस्या भने होइन। यस्तो समस्या ४ गत वर्षदेखि लगातार दोहोरिँदै आएको छ। एक जना बेहोस हुने वित्तीकै अन्य किशोरी पनि बेहोस हुन्छन्। यस्तो समस्याको शिकार बन्दै आएका दैलेखको गुराँस गाउँपालिकाभित्र रहेका विभिन्न विद्यालयका किशोरी अहिले विद्यालय छाड्न थालेका छन्।

गुराँस गाउँपालिका-६ मा रहेको नेपाल राष्ट्रिय माध्यामिक विद्यालय बगौरी, गुराँस-६ मै रहेका जय जनता माध्यामिक विद्यालय जोरेबाँजमा अध्ययनरत किशोरीहरूले विद्यालय छाड्न थालेका हुन्। यस्तै गुराँस गाउँपालिका-३ मा रहेको शान्ति माध्यामिक विद्यालय सेरी र गुराँस-३ मा रहेको सरस्वती माध्यामिक विद्यालयमा अध्ययनरत किशोरीहरूले विद्यालय छाड्न थालेका छन्। पछिल्लो समय यी विद्यालयमा अध्ययनरत किशोरीले विद्यालय छाड्ने दर बढेको बालबालिकाका क्षेत्रमा काम गर्दै आएका दैलेखका सामाजिक अभियान्ता हीरासिंह थापाले बताए। पछिल्लो एक महिनामा विभिन्न विद्यालयमा ६ जनाभन्दा बढी किशोरीले विद्यालय छाडेको थापाले बताए। किशोरीहरूले यस्तो समस्या भोग्न थालेको ४ वर्ष बितिसक्दासमेत समस्या दोहोरिरहँदा किशोरीले विद्यालय छाड्न थालेका हुन्। यस्तो समस्याले नियमित पढाइसमेत प्रभावित हुँदै आएको विद्यालयका शिक्षकहरू बताउँछन्।

विद्यालय छाडेर घरै बस्न थालेका किशोरीमा पनि यस्तो समस्या देखिन थालेको मनोसामाजिक विमर्शकर्ता गीता केसीले जानकारी दिएकी छिन्। किशोरीहरू बेहोस हुने, चिच्याउने र मुर्छा पर्ने समस्या देखिएको विद्यालयहरूमा पुगेकी केसीले भनिन्- 'विद्यालय छोडर घर बसेका किशोरीहरूमा पनि यस्तो समस्या देखा पर्‍यो।' विद्यालय आउने किशोरी बेहोस भए भन्ने सुन्ने वित्तीकै घरमै बसेका किशोरीहरू पनि बेहोस हुने गरेको केसीले बताइन्। किशोरीमा मात्र यस्तो समस्या आउने गरेपछि विद्यालयमा शिक्षक, अभिभावक पनि चिन्तित हुन थालेका छन्। यस्तो समस्या देखिएका दैलेखका विद्यालयमध्येका यी विद्यालय प्रतिनिधि पात्र मात्रै हुन्। दैलेखका अन्य विद्यालयमा समेत विगतमा पटक-पटक यस्तो समस्या देखा पर्दै आइरहेको थियो।

### देउता लागेको भन्दै विद्यालय परिसरमै माईको थान

विद्यालयमा यस्तो समस्या देखा पर्न थालेपछि शान्ति माध्यामिक विद्यालयको परिसरमा अहिले (माई) मन्दिर को स्थापना गरिएको छ। विद्यालयमा एक्कासी छात्राहरू बेहोस हुने र त्यसपछि चिच्याउने गरेपछि धामीझाँक्रीको भनाइअनुसार नै माईको मन्दिर स्थापना गरिएको विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद शर्माले बताए। विद्यालयमा अहिले कुनै किशोरीलाई बेहोस हुने समस्या देखा पर्नासाथ पूजाआजा गर्ने गरेको उनले बताए। विद्यालयमा अध्यानरत छात्रछात्रालाई समेत देउता रिसाएका कारण यस्तो समस्या आएको भन्ने शिक्षा दिँदै आइएको छ। छात्रामा यस्तो समस्या देखा परेपछि माईको मन्दिर स्थापना गर्‍यौं' -उनले भने। धामीझाँक्रीको सल्लाहअनुसार माईको थान निर्माण गरिएको भए पनि समस्या समाधान भएको छैन।

### पटक-पटक चेतनामूलक कक्षा

गुराँस गाउँपालिकामा रहेको शान्ति माध्यामिक विद्यालय र सरस्वती माविलगायतका विद्यालयमा किशोरी बेहोस हुने, चिच्याउने र रुने समस्याका विषयमा पटक-पटक चेतनामूलक कक्षा सञ्चालन भइरहेका छन्। २ वर्षअघि दैलेखकी सामाजिक अभियान्ता पार्वती विसुन्केले उक्त विद्यालयमा हप्तौंसम्म बसेर किशोरीलाई चेतनामूलक कक्षा सञ्चालन गरेकी थिइन्। सेरी माध्यामिक विद्यालयमा यस्तो समस्या देखिन थालेको वर्षौं बितिककेको अभियान्ता पार्वती विसुन्केले बताइन्। गुराँस गाउँपालिकाको सरस्वती माध्यामिक विद्यालयमा बेहोस हुने, चिच्याउने र रुने समस्यालाई मध्यनजर गरी विभिन्न सरकारी तथा गैरसरकारी निकायले बेला-बेला चेतनामूलक कक्षा सञ्चालन गर्दै आएका छन्। विद्यालयमा यस्तो समस्याका कारण गुणस्तरीय शिक्षामा प्रभावित बन्ने जोखिम बढेको छ।

विद्यालयमा अध्ययनका लागि आउने किशोरीलाई हुने यस्तो समस्या स्वास्थ्यसँग जोडिएको हुनसक्ने जानकारहरू बताउँछन्। किशोरीलाई यस्तो समस्या देखा परेपछि पुरानै शैलीमा पूजाआजा र माईको मन्दिर नै स्थापना गर्नु अस्वभाविक मानिएको छ। विद्यालयमा अध्ययनका लागि आउने किशोरीलाई यस्तो समस्या देवी-देवताका कारण हो भनेर गलत शिक्षा दिनाले पनि शिक्षाको गुणस्तर खस्कने सामाजिक अभियान्ता हीरासिंह थापाले बताए।

# प्रदेश नं. ७ का नेपाल-भारत सीमानाका ३ दिन बन्द हुने

**विनोदसिंह विष्ट, बैतडी**

पहिलो चरणअन्तर्गत मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षाका लागि प्रदेश नं. ७ का नेपाल-भारत सीमानाका ३ दिनका लागि बन्द हुने भएका छन्।

पहिलो चरणमा हुने निर्वाचनका लागि बैतडीको भारतसँग जोडिएको सीमानाका झुलाघाट र दार्चुलाको भारतसँग जोडिएको नाका ७२ घण्टाका लागि बन्द हुने भएको हो।

चुनावलाई मध्यनजर गरेर यही मंसिर ७ गते राति १२ बजेदेखि सीमानाका झुलाघाटमा आवत-जावत बन्द गरिने प्रमुख जिल्ला अधिकारी शिद्धराज जोशीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'चुनावी सुरक्षालाई मध्यनजर गरेर ७२ घण्टा सीमा बन्द गर्ने सहमति यसअघि नै दुई देशका सुरक्षा अधिकारीबीच भइसकेको छ।'

बिरामीबाहेकका सबैलाई त्यो बेला नाकाबाट आवत-जावत गर्न नदिइने उहाँले बताउनुभयो। मंसिर १० गते राति १२ बजेसम्मका लागि सीमानाका बन्द गरिने भएको हो। सीमानाकामा साधन र पैदल यात्रु आवत-जावतमा पूर्ण रोक लगाइने बताइएको छ।

निर्वाचन प्रयोजनका लागि जिल्लाको आन्तरिक सुरक्षालाई पनि अत्यन्त चुस्त र सुदृढ बनाइएकाले मतदाताले ढुक्क भएर मतदानमा भाग लिन सक्ने प्रजिअ जोशीले बताउनुभयो।

सुरक्षा व्यवस्थापनअन्तर्गत जिल्लामा गाउँबस्ती र शहरका टोल-टोलमा सुरक्षालाई थप चुस्त बनाइएको छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई शान्तिपूर्ण, भयरहित, अपराधमुक्त वातावरणमा सम्पन्न गर्न दुवै पक्षले कडा सीमा सुरक्षा गस्तीलगायत सबै पक्षमा महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ।

पहिलो चरणअन्तर्गत मंसिर १० गते प्रदेश नं. ७ का बैतडीसहित दार्चुला, बझाङ र बाजुरामा निर्वाचन हुँदै छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग

**डिभिजन सडक कार्यालय**

शिवपुर, कपिलवस्तु

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(मिति २०७४/०८/०६)

यस कार्यालयको सूचना नं. ०२/०७३/७४ बमोजिमका निम्न ठेक्काहरुमा पर्न आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि. नं. | ठेक्का नं. | कामको नाम | निर्माण व्यवसायीको नाम, ठेगाना | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | DROSPR/3371653 /074/75-012 | Specific maintenance works on Gorusinghe-Sandhikharka Road | श्री सागर निर्माण सेवा, अर्घाखांची | २७,४५,०६०।३२ |
| २ | DROSPR/3371653 /074/75-013 | Specific maintenance works of MRM Chandrauta-Dhankhola Road | श्री मिनु कन्स्ट्रक्सन, कपिलवस्तु | २८,४४,७७०।२२ |
| ३ | DROSPR/3371653 /074/75-014 | Specific maintenance works of Kothi Gorusinghe & Taulihawa-Khunuwa Road | श्री जय निर्माण सेवा, बैदौली, कपिलवस्तु | १६,२३,७०२।०१ |
| ४ | DROSPR/3371653 /074/75-015 | Reseal works of East West Highway (Kothi-Gorusinghe-Chandrauta Road) (CH 629+970 to 634+97) | श्री जय निर्माण सेवा, बैदौली, कपिलवस्तु | ९३,८३,२२२।०६ |
| ५ | DROSPR/3373204 /074/75-016 | River training works, Embankment works & Bargadighat Bridge Painting | श्री जय निर्माण सेवा, बैदौली, कपिलवस्तु | २३४६१९८।२० |
| ६ | DROSPR/3373554 /074/75-017 | Road widening/Track opening, Construction of Gabion & Masonry wall/Side Drain works on Bhulubang-Nuwakot-Sandhikharka-Tamghas Road | श्री पौडेल कन्स्ट्रक्सन, अर्घाखांची | १६,००,०३९।९४ |
| ७ | DROSPR/3373354 /074/75-018 | Road widening/Track opening, Construction of Gabion & Masonry wall/Side Drain works on Chakla-Jukena-Sajka rukh-Pyuthan Road | श्री भुसाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., काठमाण्डौं | २२,४५,२६७।३६ |
| ८ | DROSPR/3071084 /074/75-019 | Road widening/Track opening, Construction of Gabion & Masonry works on Makalu Cement Udhyog quarry site access Road | श्री सम्झना निर्माण सेवा, अर्घाखांची | ३९,४८,५६६।३६ |

डिभिजन प्रमुख

### क्रियाशील पत्रकार मञ्चमा रावल

कालिकोट, (नेस)

क्रियाशील पत्रकार मञ्च कालिकोट शाखाको प्रथम जिल्ला अधिवेशन मंगलबार जिल्ला सदरमुकाम मान्ममा सम्पन्न भएको छ। अधिवेशनले पत्रकार रमेश रावलको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ। समृद्ध प्रदेशको आधारशीला, विकासका लागि सवल पत्रकारिता भन्ने मूल नाराका साथ उद्घाटन गरिएको अधिवेशनले उपाध्यक्षमा अप्सरा विष्ट, सचिवमा विश्वनाथ सिम्खाडा, कोषाध्यक्षमा साधना शाही, सहसचिवमा रमेश सुनार चयन भएका छन्।

यस्तै सदस्यहरूमा लक्ष्मी तिमल्सेना र कर्ण विक निर्वाचित भएको मञ्चका केन्द्रीय अध्यक्ष ललित बुढाले बताएका छन्। मञ्च जिल्ला शाखा तदर्थ समितिका संयोजक अप्सरा विष्टको अध्यक्षतामा र खाडाचक्र नगरपालिकाका प्रमुख जसिप्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा आयोजित अधिवेशन उद्घाटन समारोहमा नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष तुलाराम पाण्डे, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य कालीबहादुर मल्ललगायतले शुभकामना मन्तव्य राखेका थिए।

# राज्यमन्त्री खड्काको घरमा बम विस्फोट



**सिर्जना पन्त, बागलुङ**

सहकारी तथा गरिबी निवारण राज्यमन्त्री एवं नेपाली कांग्रेसबाट बागलुङ क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार चम्पादेवी खड्काको निवासमा मंसिर ४ गते राति बम विस्फोट भएको छ। बागलुङ बजारको लालीगुराँस चोकस्थित राज्यमन्त्री खड्काको निवासमा रातको ११ बजे बम विस्फोट भएको हो।

बम विस्फोटनबाट कुनै मानवीय क्षति नभएको भए पनि घरको भुइँतलामा सामान्य क्षति पुगेको छ। निर्वाचनको मुखैमा आएर गरिएको बम विस्फोटन विप्लव समुहले गरेको हुनसक्ने आशंका गरिए पनि त्यसको पुष्टि भने भइसकेको छैन।

बागलुङको प्रमुख जिल्ला अधिकारी विष्णुबहादुर थापाले जिल्लाको समग्र सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई परिचालन गरिएको भन्दै निर्वाचनमा समस्या हुन्छ कि भन्ने आशंका नगर्न आग्रह गर्नुभएको छ। उहाँले खड्काको घरम बम विस्फोट गराउने समूहको तीव्ररूपमा खोजीकार्य भइरहेको भन्दै छिट्टै कानुनी दायरामा ल्याउने बताउनुभयो।

# 'अन्यायविरुद्ध उम्मेदवारी'

सल्यान, (नेस)

सल्यान प्रदेशसभा सदस्य 'क' तर्फका स्वतन्त्र उम्मेदवार भीमप्रकाश शर्माले अफ्नो जित पक्का भएको बताउनुभएको छ। चुनावी सभालाई आज सम्बोधन गर्दै सल्यान माओवादीको किल्ला भएकाले र आफ्नो जित सुनिश्चित भएको बताउनुभएको हो। पार्टीले गरेको अन्याय र जिल्लाको नेतृत्वले गरेको अन्यायविरुद्ध पनि आफूले उम्मेदवारी दिनुपरेको बताउनुभएको छ।

उहाँले भन्नुभयो- 'हामी सल्यान जिल्ला प्रदेश नं. ६ को पहिलो पार्टी भएकाले र जनयुद्धको आधार इलाका भएकाले, शहीद परिवार, अपांग, घाइतेलगायको भावनालाई समेटिने गरी जिल्ला पार्टीको निर्णयमा मैले उम्मेदवारी दिएको हुँ।' आफूहरूको केन्द्रमा एउटा र प्रदेशमा एउटा सिट पाउनुपर्ने बटमलाइन हुँदाहुँदै पनि केन्द्रको नेतृत्वले अन्याय गरेको भन्दै जिल्लाको प्रस्तावमा आफूले उम्मेदवारी दिएको बताउनुभयो। शर्माले आफूले जितेपछि सल्यानको विकासका निम्ति कुनै कसर बाँकी नराख्ने प्रतिबद्धतासमेत जनाउनुभएको छ।

# आचार संहिता पूर्ण पालना गर्ने प्रतिबद्धता

पाल्पा, (नेस)

यही मंसिर २१ हुने निर्वाचनमा आचार संहिताको कडाइका साथ पालना गरी भयरहित वातावरणमा आफ्नो मताधिकारको प्रयोग गरेर योग्य उम्मेदवार छान्न पाउने जनताको हकलाई सुरक्षित गर्न सम्बन्धित निकायका प्रमुखहरूले प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन स्वतन्त्र निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा निकायले उच्च सर्तकता अपनाएको र निर्वाचनविरोधी गतिविधि रोक्नसमेत क्रियाशील भएको सर्वपक्षीय भेलामा सुरक्षा निकायका प्रमुखहरूले बताएका छन्।

यसै गरी निर्वाचनमा निर्वाचन आयोगले निर्दिष्ट गरेको आचार संहितालाई पूर्णरूपमा पालना गर्न राजनीतिक दल र उम्मेदवारले प्रतिबद्धता जनाएका छन्। निर्वाचनमा बालबालिकालाई कुनै पनि प्रयोजनमा प्रयोग नगर्नेसमेत राजनीतिक दलले प्रतिबद्धता जनाएका छन्।

मुलुकका विभिन्न भागमा निर्वाचनलाई लक्षित गरी भए/गरेका घटना पाल्पामा घट्न नदिनका लागि सुरक्षा निकाय सजक रहेको सुरक्षा अधिकारीहरूले बताएका थिए।

भेलामा मुख्य निर्वाचन अधिकृत शंकरराज बरालले निर्वाचन सम्पन्न गर्न सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज र सचेत वर्गले सहयोग गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो।

भेलामा सुरक्षा निकायका प्रमुखहरू, राजनीतिक दल, उम्मेदवार, सञ्चारकर्मी र निर्वाचन कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो।

# विप्लवका जिल्ला इन्चार्ज पक्राउ

बैतडी, (नेस)

बुबाको किरियामा बसेका नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको बैतडीका जिल्ला इन्चार्ज वासुदेव जोशीलाई प्रहरीले पक्राउ गरेको छ। जोशीलाई प्रहरीले उहाँकै घर डिलासैनी गाउँपालिका-३ रुद्रेश्वरबाट सोमबार पक्राउ गरेको हो।

विभिन्न जिल्लामा विप्लव समूहले उच्छृंखल गतिविधि गरेर नागरिकलाई त्रास देखाई चुनाव भाड्ने षड्यन्त्र गरेकाले जोशीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो।

बुबाको निधन भएर किरिया बसेका जोशीलाई प्रहरीले माथिको आदेश भन्दै नियन्त्रणमा लिएकाले परिवारले आपत्ति जनाएका छन्। कुनै नराम्रो गतिविधिमा संलग्न नरहेका जोशीलाई घरबाटै पक्राउ गरेको उहाँका भाइ अनिरुद्र जोशीले जानकारी दिनुभयो। तर, प्रहरीले भने किरिया सकिसकेको र शंकास्पद व्यक्ति भएकाले पक्राउ गरेको जनाएको छ। प्रहरीले यसअघि पनि बैतडीमा विप्लवका ६ जना नेता-कार्यकर्तालाई पक्राउ गरी सार्वजनिक मुद्दा चलाएको थियो।

# दुवै रुकुममा निर्वाचन टोली खटियो

रुकुम, (नेस)

मंसिर १० गते हुने प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि रुकुम पूर्व र रुकुम पश्चिममा मंगलबारबाट मतदान अधिकृतसहितको टोलीलाई निर्वाचन सामग्रीका साथ मतदान केन्द्रमा खटाउने काम शुरू भएको छ। निर्वाचनको समय नजिकिँदै गर्दा जिल्लाका विभिन्न मतदान केन्द्रमा खटिने मतदान अधिकृतको टोलीलाई निर्वाचन सामग्री प्रदान गरेर नजिक-टाढाको दूरीअनुसार खटाउन लागिएको हो।

निर्वाचनका लागि रुकुम पूर्वमा ४२ मतदान केन्द्रमा र रुकुम पश्चिममा १ सय ११ मतदान केन्द्रमा खटिएर जाने निर्वाचन टोलीलाई मतदाता नामावली, मतपेटिका, मतदाता परिचयपत्रलगायतका निर्वाचन सामग्री दिएर खटाउन लागिएको निर्वाचन कार्यालयले जनाएको छ। रुकुम पश्चिमका सहायक निर्वाचन अधिकृत तेजप्रसाद पौडेलले कर्मचारी उत्साहपूर्वक काममा खटिएको जानकारी दिनुभयो।

रुकुम पूर्वको निर्वाचन कार्यालयका अनुसार सबैभन्दा टाढा पुथा उत्तरगंगा गाउँपालिकामा मंगलबारबाटै कर्मचारी खटिएका छन् भने पश्चिम रुकुमको निर्वाचन कार्यालयका अनुसार पहिलो दिन आठबीसकोट नगरपालिका र बाँफिकोट गाउँपालिकामा खटिएर जाने निर्वाचन टोलीलाई निर्वाचन सामग्रीका साथ खटाइएको छ।

जिल्लाको त्रिवेणी गाउँपालिका, सानीभेरी र चौरजहारी नगरपालिकामा मंसिर ६ गते र मुसिकोट नगरपालिकाका सबै मतदान केन्द्रमा भने ७ गते निर्वाचन टोली खटाउने तयारी भइरहेको छ। यस्तै रुकुम पूर्वमा भुमे गाँउपालिका र सिस्ने गाउँपालिकामा ७ गतेसम्म सबै मतदान केन्द्रमा कर्मचारी खटाइसकिनेछ। रुकुम पूर्वमा २७ हजार ९ सय ९८ मतदाता छन् भने रुकुम पश्चिममा ८४ हजार ३२ मतदाता रहेका छन्।

# 'लोकतान्त्रिक गठबन्धन जिताउनुको विकल्प छैन'

बैतडी, (नेस)

आपूर्तिमन्त्री तथा राप्रपा महामन्त्री जयन्तबहादुर चन्दले लोकतान्त्रिक गठबन्धन जिताउनुको विकल्प नरहेको बताउनुभएको छ। लोकतान्त्रिक गठबन्धलनले बैतडीको दोगडाकेदार गाउँपालिकाको खोचलेक बजारमा आयोजना गरेको चुनावी आमसभालाई मंगलबार सम्बोधन गर्नुहुँदै उहाँले लोकतान्त्रिक व्यवस्थामा मात्रै सबै नागरिकको अधिकार सुनिश्चित हुने बताउनुभयो। 'लोकतान्त्रिक गठबन्धनलाई जिताएमात्रै गरिब, असहायलगायत सबैका अधिकार प्राप्त हुन्छ', उहाँले भन्नुभयो- 'प्राचीन सभ्यता भएको मुलुकलाई आज धर्म, मूल्य, मान्यताविहीन बनाउन राष्ट्रिय अन्तर्राष्ट्रिय षड्यन्त्र हुँदै छ।'

वाम गठबन्धनले जिते देश अधिनायकवादको दिशामा जाने भन्दै उहाँले लोकतन्त्रमा मात्रै जनता स्वतन्त्र भएर हिँड्न सक्ने भएकाले लोकतन्त्रको रक्षा गर्न लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो।

वामशक्तिले देशमा कम्युनिस्ट अधिनायकवाद लाद्न खोजेको आरोप लगाउँदै मन्त्री चन्दले स्वतन्त्रता वा अधिनायकवाद के रोज्ने जनताको हातमा रहेको धारणा व्यक्त गर्नुभयो।

२०७४, मंसिर
बुधबार
६

नेपाल सरकारले सुरक्षित गर्भपतनका लागि सूचीकृत गरेर स्वास्थ्य संस्थाहरूलाई कानुनी मान्यता दिएपछि पाल्पा जिल्लामा प्रत्येक वर्ष १ हजारभन्दा बढी महिलाले गर्भपतन सेवा लिने गरेका छन्।

# नेपाल

# ७६औं जिल्ला अदालत उद्घाटन

**नेपाल समाचारपत्र**
नवलपरासी



नवलपरासीको बर्दघाट सुस्तापूर्वस्थित कावासोतीमा मंगलबार नवलपुर जिल्ला अदालत स्थापना भएको छ। देशकै ७६औं जिल्ला अदालतको रूपमा स्थापना भएको नवलपुर अदालतको सम्माननीय प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले पानसमा दीप बालेर समुद्घाटन गर्नुभएको हो।

कावासोती नगरपालिका-३ रामनगरमा स्थापना भएको जिल्ला अदालतको उद्घाटन गर्दै प्रधानन्यायाधीश पराजुलीले विधि र विकासको कुरामा कानुनको पालना र संविधानको मर्यादा अपरिहार्य हुने बताउनुभयो। कार्यक्रममा संवैधानिक परिषद्का सदस्य पदम बैद्धिक, सर्वोच्च अदालतका मुख्य रजिस्टार नहकुल सुवेदी, जिसस नवलपुरका सभापति चेसराम आले, नेपाल बार एसोसियसनका अध्यक्ष शेरबहादुर केसीलगायतले अदालत स्थापनाप्रति शुभकामना दिनुभएको थियो।

अदालत उद्घाटनको खुसीयालीमा नवलपुरबासीले कावासोती नगरमा बाजागाजा र विविध जनजातिका भेषभूषासहित झाँकी प्रदर्शन गरेका थिए। जनताको घरदैलोमा न्याय निरुपणका लागि नवलपुर जिल्ला अदालतमा दुई न्यायाधीशसहित इजलासको व्यवस्था गरिएको छ।

यसअघि अदालती प्रयोजनमा नवलपुरबासी गैंडाकोटदेखि सय किमि दूरी पार गर्दै नवलपरासी जिल्ला अदालत परासी जानुपर्ने बाध्यता रहेको थियो।

# गर्भपतन अब सूचीकृत संस्थाबाट

**नेपाल समाचारपत्र**
पाल्पा

केही वर्षअघिसम्म लुकी-लुकी गर्भपतन गर्ने महिलाहरू पछिल्लो समय सूचीकृत संस्थाबाट यो सेवा लिन थालेका छन्। नेपाल सरकारले सुरक्षित गर्भपतनका लागि सूचीकृत गरेर स्वास्थ्य संस्थाहरूलाई कानुनी मान्यता दिएपछि पाल्पा जिल्लामा प्रत्येक वर्ष १ हजारभन्दा बढी महिलाले गर्भपतन सेवा लिने गरेका छन्।

जिल्लाका परिवार नियोजन संघ, मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा १२ हप्ता र अन्य बर्फिङ सेन्टरको सेवा रहेका स्वास्थ्य केन्द्रहरूले भने ८ हप्ताको सम्म गर्भपतन सेवा प्रदान गर्दै आएका छन्।

लिंगको पहिचानमा गर्भपतन गराउन नपाउने कानुनी मान्यता रहे तापनि गर्भपतन गर्नका लागि यस्ता महिला बढी आउने गरेको सम्बन्धित स्वास्थ्य सेवाका चिकित्सकले जनाएका छन्। महिलाले गर्भपतन गराएपछि लामो समय प्रयोग गरिने परिवार नियोजनका साधनहरूमा समेत वृद्धि भएको तथ्यांक देखिएको छ।

नेपालमा २०५९ सालदेखि गर्भपतन सेवालाई कानुनी मान्यता दिइएको छ। यसअघि निजी मेडिकलहरूले लुकीछिपी धेरै रकम लिएर असुरक्षित गर्भपतन गर्ने गरेका कारण कतिपय महिलाले अकालमा ज्यान गुमाउनुपरेको थियो। सुरक्षित गर्भपतन सेवा पाएपछि यस्तो संख्यामा धेरै कमी आएको नेपाल परिवार नियोजन संघ पाल्पा शाखाका प्रबन्धक शोभाकान्त न्यौपानेले बताउनुभयो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय, सप्तरी**

**प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**सूचना प्रकाशित मिति : २०७४/०८/०६**

यस कार्यालयबाट मिति २०७४/०३/३० मा हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार Construction of Haatbazar, Gajendra Chowk, park and Upgrading Existing Road of Rajbiraj Municipality को Invitation for Sealed Bids for the DUDBC/SAPTARI/WORK/NCB/11-073/74 मा तपसिल बमोजिम कार्यको लागि पर्न आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मूल्यांकन गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को उपनियम (४) र (५) बमोजिम निम्त मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा उल्लेखित ठेक्कासँग सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

| सि. नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनोट भएका बोलपत्रदाता | ठेक्का नं. | कार्यको विवरण | आर्थिक प्रस्ताव खोलिने मिति, स्थान र समय |
|---|---|---|---|---|
| १. | रसुवा/रोशन जे.भी., जनकपुर-४, धनुषा | DUDBC/Saptari/Work/NCB/29/2073/074 | Construction of Haatbazar, Gajendra Chowk, park and Upgrading Existing Road of Rajbiraj Municipality | मिति : २०७४/०८/१३<br>समय : दिउँसो ०१:०० बजे<br>स्थान : शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सप्तरी |
| २. | स्वच्छन्द/कान्छाराम/देव एण्ड सायर जे.भि., काठमाडौं | | | |

**डिभिजन प्रमुख**

# भाइबर लोटरीका नाममा ठगी

**मोतीराम तिमल्सिना, काभ्रे**

तपाईंको मोबाइलमा भाइबर एप्स छ ? छ भने होस गर्नुस् तपाईंलाई भाइबर लोटरीका नाममा ठगी गर्ने गिरोहले फसाउन सक्छ। पछिल्लो समय सर्वसाधारको मोबाइलमा दुबई र भारतबाट नेपालीको मोबाइलमा भाइबर लोटरीको नक्कली प्रमाणपत्र पठाएर ठगी धन्दा शुरु भएको छ।

बनेपामा रहेको नेपाल एसबीआई बैंकमा दैनिक एक/दुई जना लोटरी परेका, दुबईबाट सुन तथा चाँदीका गहना पठाएर भारतमा अड्किएको भन्दै खाता खोल्न पुग्ने गरेका छन्। 'हिजोमात्रै पनि एक जना दिदी दुबईबाट सामान भारतमा अड्किएको भन्दै आउनुभएको थियो' -नेपाल एसबीआई बैंकका सहायक पबन्धकले भने- 'उहाँले साथीले सामान पठाइदिएको भन्नुभयो तर थरसमेत भन्न सक्नुभएन।' उहाँलाई पनि नेपालमा रहेको एसबीआई बैंकमा खाता खोलेर केही

रकम राजस्वबापत जम्मा गरिदिन भनिएको रहेछ। नेपालमा भएको बैंकबाट भारतमा रहेको एसबीआई बैंकमा उनीहरूले दिएको खातामा रकम जम्मा गरिदिएपछि तिनीहरू सम्पर्कमै नहुने रहेछन्।

सोमबार दिउँसो बनेपाका एक युवा व्यवसायीलाई भाइबरमा कल आयो। उनलाई दुबईबाट राजेशकुमार भन्नेले ९२३४९१२९५३२५ नम्बरबाट फोन गरेका थिए। 'शुरूमै उनले तपाईंलाई बधाई छ, भाइबर लोटरीको २५ लाख रुपियाँ तपाईंले प्राप्त गर्नुभएको छ भने', युवा व्यवसायीले भने- 'अब तपाईंलाई भारतबाट फोन आउँछ उठाएर पैसासमेत रिसिभ गर्नुहोला।' उनी केही क्षण अक्क न बक्क भए। भाइबर लोटरीमा आईसी २५ लाख नेपाली ४० लाख रुपियाँ थियो। केही क्षणमै उनलाई भारतका अभिषेककुमार सोनु भन्नेले ०० ९१८२३९७५७५९६ नम्बरबाट फोन गरेर नेपालमा भएको बैंकको खाता नम्बर टिपाइदिन अनुरोध गरे। ती युवाले प्रभु बैंकमा भएको शून्य मौज्दातको खाता नम्बर दिए। केही बेरमै अभिषेकले फोन गरेर नेपाल एसबीआई बैंकमा भएको आफ्नो वा नजिकको व्यक्तिको खाता नम्बर पठाइदिन अनुरोध गरे। राति ८ बजे कल गरेका अभिषेकलाई मंगलबार बिहान मात्रै खाता खोलेर नम्बर पठाइदिने बताएका युवालाई पुनः बिहान ८ बजे कल गर्न भनिएको थियो।

अभिषेकलाई नेपाली समय बिहानको ८ बजे कल गर्दा बैंकमा कसैलाई पनि उक्त कुरा नभन्न र कलर फोटोसमेत पठाउन अनुरोध गरेका थिए। 'तिमीले लोटरी परेको कुरा बैंकका व्यक्तिहरू र अन्यलाई भन्यौ भने केही रकम मात्रै दिएर बाँकी पैसा सबै खाइदिन्छन्', अभिषेकले बिहान भाइबर कलमा भनेका थिए- 'त्यही बेला उनले भाइबरको लोटरी प्रमाणपत्र भन्दै पठाए।'

# समाजवादी फोरमका उम्मेदवार कांग्रेसमा

वीरेन्द्रनगर, (नेस)

संघीय समाजवादी फोरम नेपालका तर्फबाट प्रदेशसभा सदस्यका लागि सुर्खेतको क्षेत्र नं. १ प्रदेश (ख) बाट उम्मेदवार रहेका दीपलाल दमाई (दिलीप) नेपाली कांग्रेसमा प्रवेश गर्नुभएको छ।

उहाँले मंगलबार एक विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेसमा प्रवेश गरेको बताउनुभएको छ । नेपाली कांग्रेसको नेतृत्वमा जारी भएको संघीय लोकतान्त्रिक संविधानको कार्यान्वयन र समग्र मुलुकको सम्मृद्धि कांग्रेसबाट मात्रै सम्भव रहेको ठहर गर्दै आफू नेपाली कांग्रेसमा प्रवेश गरेको विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।

राष्ट्रियता, स्वाभिमानी, जनताको गौरव र सम्मृद्ध नेपालको परिकल्पनालाई साकार पार्न सुर्खेतको क्षेत्र नं. १ तथा समग्र जिल्ला, प्रदेश हुँदै देशको विकास र सम्मृद्धिका लागि कांग्रेसका प्रभावशाली नेता पूर्णबहादुर खड्काले खेलेको भूमिका अतुलनीय भएको उहाँले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

**सार्वजनिक सूचना**

जिल्ला भक्तपुर चाँगुनारायण न.पा वडा नं. ५ साविक छालिङ्ग गा.वि.स. वडा नं. ६ सिट नं. ६ ख को कि.न. १६८, १६९, १७०, १७१, १७२, ८७१, ८७० को क्रमश क्षेत्रफल ०-१२-२-०, ०-१२-२-०, ०-१२-२-०, ०-१२-२-०, १-२-१-०, ०-८-०-०, ०-८-०-० जग्गामा बार्षिक ४२० मेट्रिक टन Hair conditioner & Shampoo, १८० मेट्रिक टन Cream & Lotion, २४० मेट्रिक टन Cleaning & Sanitizing Chemicals उत्पादन गर्ने उद्देश्यले शिखर अर्गनाईजेशन लि. नामक उद्योग स्थापना गर्न लागिएको हुँदा सो उद्योगको स्थापना पछि त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, जैबिक, भौतिक आदि क्षेत्र तथा त्यसका कुनै अवयबहरुमा कुनै किसिमको प्रतिकुल प्रभाब पर्ने देखिएमा सरोकारवाला ब्यक्ति वा संस्थाले निम्न अनुसारको ठेगानामा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र राय सुझाव दिन बाताबरण संरक्षण नियमावली, २०५४ को नियम ७ अनुसार प्रारम्भिक बाताबरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने प्रयोजनका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**राय सुझाव दिने ठेगाना**
१) साविक छालिङ्ग गाउ बिकास समिति हाल चागुनारायण न.पा. वडा नं. ५ कार्यालय,भक्तपुर
२) बातावरण शाखा, उद्योग बिभाग, त्रिपुरेश्वर ।

**प्रस्ताबक**
नाम : शिखर अर्गनाइजेशन लि.
ठेगानाः रजिष्टर्ड कार्यालय का.जि., का.म.न.पा. ३
उद्योग रहने स्थान चाँगुनारायण न.पा. वडा नं. ५, भक्तपुर

# अक्षयकोष स्थापनाका लागि ३ लाख

हेटौंडा, (नेस)

काठमाडौं महानगरपालिका-६ का समाजसेवी सूर्यवज्र लामाले स्वर्गीय माता चिनी लामा स्मृति अक्षयकोष स्थापना गर्न हेटौंडा उप-महानगरपालिका-२ का समाजसेवी कमलचन्द्र सुमनलाई ३ लाखको चेक हस्तान्तरण गर्नुभएको छ।

मकवानपुरको मनहरी गाउँपालिका-४, हाँडीखोलामा सञ्चालित चेपाङ आधारभूत विद्यालयमा स्व. चिनी लामा स्मृति अक्षयकोष स्थापना गरी उक्त कोषबाट प्राप्त ब्याजबाट जेहेन्दार, गरिब विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गर्नुका साथै सिर्जनशील काम गर्ने व्यक्तित्वलाई सम्मान एवं पुरस्कृत गरिने भएको छ।

**हार्दिक श्रद्धाञ्जली**



**स्व. कीर्तिनिधि विष्ट**

यस प्रतिष्ठान ( तत्कालिन त्रिभुवन स्मारक समिति) का भु.पू अध्यक्ष तथा भु.पू. प्रधानमन्त्री **श्री कीर्तिनिधि विष्टज्यू** को २०७४ साल कार्तिक २५ गते ९० वर्षको उमेरमा दुःखद निधन भएवाट प्रतिष्ठानलाई अपूरणिय क्षति हुन गएको छ।
यस प्रतिष्ठानअन्तरगत थानकोट त्रिभुवन पार्कको विकास एवं विस्तारमा वहांको योगदान अविस्मरणीय रहेको छ।
वहांको दुःखद निधनमा गहिरो शोक प्रकट गरी दिवंगत आत्माको चीर शान्तिको निम्ति ईश्वर संग यस प्रतिष्ठान प्रार्थना गर्दछौं। साथै शोक सन्तप्त परिवार प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं।

**शहीद स्मारक प्रकृति प्रतिष्ठान**
**महांकालस्थान,काठमाण्डौ ।**

# असोजदेखि नै विकासका काम

सल्यान, (नेस)

जिल्लाका अधिकांश विकास निर्माणका कामहरू आर्थिक वर्षको अन्त्यमा आएर सञ्चालन गर्ने र त्यसको गुणस्तरीयतादेखि परिणाममुखीसमेत नहुने गरेको गुनासो स्थानीय सरकारले मेटाउने प्रयासमा लागेको छ।

गाउँमै सरकार आएपछि सल्यानमा असोज/कात्तिकदेखि नै धमाधम विकास निर्माणका योजना शुरु भइसकेका छन् भने कतिपय योजनाको काम सम्पन्नसमेत भइसकेका छन्। प्रायः विकास निर्माणका कामहरू स्टमेटअनुसार नहुने, कामै भएकाको पनि ७० प्रतिशतमाथि कहिलै पूरा नहुने र गुणस्तरहीनदेखि परिणामविहीनसमेत हुने गरेको अवस्थामा कपुरकोट गाउँपालिकाले सञ्चालन हुने योजनामा कडाइ गर्ने भएको छ। गाउँपालिकाको टोलीले मंगलबार वडा नम्बर २ को सारपानी गर्पामा सञ्चालन भएका मोटरबाटोको अनुगमन गरेको छ।

कपुरकोट गाउँपालिकाका अध्यक्ष भीमबहादुर सेन, प्रमुख प्रशासकीय अधिकृत सुवास रिजाल, योजना शाखाका सव इन्जिनियर प्रेमसिंह विक, असिस्टेन्ट सव इन्जिनियर प्रवीण शाह, वडा नम्बर १ का अध्यक्ष बालाराम खड्का, पत्रकार शंकर केसीलगायतको टोलीले निर्माण भएका मोटरबाटो तथा मन्दिरको अनुगमन गरेको हो। अनुगमन गर्दै गाउँपालिका अध्यक्ष सेनले मापदण्डअनुसार हरेक योजना सम्पन्न गर्न आग्रह गरेका छन्।

Office of the District Coordination Committee
**District Technical Office**
**Dang**

**Invitation for Bids For Supply and Fabrication of Steel Parts for Trail Bridges**

**Contract Identification No: 02/TB/2074/075**
**First Date of Publication: 06/08/2074** ***(22 November 2017)***

1. **The Government of Nepal (GoN)** has allocated funds availed from **TBSWAP** to District Technical Office (DTO) for **Trail Bridge Program** and the DTO intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Short Span Trail Bridges (SSTB). Bid is open to all eligible Nepalese Bidders.
2. The **District Technical Office, Dang** invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Short Span Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years and enlisted by DoLIDAR are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLIDAR may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Interested Eligible Bidders may obtain further information from the **District Technical Office, Dang** and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of Public Procurement office's Web Site http://www.bolpatra.gov.np.
5. Bidding documents may be purchased from the office of **District Technical Office, Dang** by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until office hours of **21 December, 2017.**
   For the purpose of Bidders who choose to submit their bid electronically through E-procurement section of Public Procurement office's Web Site http://www.bolpatra.gov.np, the Bidders may purchase the hard copy of bidding documents or may choose to down load the necessary part of bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. In case the Bidder chooses to download and submit bid electronically, the Bidder shall be required to deposit the cost of bidding document as mentioned below. Revenue account either by direct deposit or by tele-transfer of deposit in the Revenue account for the purchase the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher or Tele-transfer certificate shall also be submitted along with the electronic bid files.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Ghorahi, Dang
   Name of Office: Treasury Controller Office, Dang
   Office Code no: 60-365-07
   Office Account no: 27-41-966
   Rajaswa sirsak: 14227
6. Bids must be submitted to the office of **District Technical Office, Dang** on or before**12.00 noon** on **22 December, 2017** . Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1.00 PM on last date for submission for bid** at **District Technical Office, Dang**. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amount equal as specified table below, which shall be **valid for 30 days** beyond the bid validity period.
8. Pre-Bid Meeting shall be held at the office of **District Technical Office, Dang** on 11.00 on **12 December, 2017.**
9. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimate Amount Including VAT | Bid Security Amount , NRs | Bid Document Cost (Non-Refundable), NRs |
|---|---|---|---|
| **Fabrication of steel parts and transportation up to road heads of Following Trail Bridges**<br>1. Dangdungeghat<br>2. Chisapanighat<br>3. Kateshghat<br>4. Dobhanghat<br>5. Gahatekhola<br>6. Kwangkhola<br>7. Sewarkhola<br>8. Pashupatinagar<br>9. Bakhreghat<br>10. Jalukeghat | 94,02,279.12 | 2,36,000.00 | 3,000.00 |

# विश्व

**चुम्बन**

यसै वर्षमात्र १९ वर्ष पुगेकी अमेरिकी पूर्वराष्ट्रपति बाराक ओबामाकी छोरी मालिया ओबामाको हालै सार्वजनिक भएको भिडियोमा एक अज्ञात युवकसँग चुम्बन गर्दै।



**वार्ता**

म्यान्मारका सर्वोच्च नेता आङ सान सुकी र ईयूका विदेश मामिला प्रमुख फेडेरिका मोघेरिनी। म्यान्मारमा उनीहरूबीच रोहिंग्या संकटका विषयमा विस्तृत छलफल भएको जनाइएको छ।



2017, NOV
Wednesday
22

विश्व २ मिनेट

**अमेरिका**

### पत्रकार कारवाहीमा

वासिङ्टन, (एजेन्सी)

अमेरिकाको चर्चित टक सो प्रस्तोता चार्ली रोजको कार्यक्रम थुप्रै टेलिभिजन नेटवर्कले रोकेका छन्। उनीमाथि यौन उत्पीडनको अभियोग लागेपछि टेलिभिजनहरूले सो निर्णय गरेका हुन्। भेटरान टेलिभिजन अन्तर्वार्ताकार रोजविरुद्ध ८ जना महिलाले अनुचित व्यवहार गरेको अभियोग लगाएको वासिङ्टन पोस्टले जनाएको छ। सीबीएस न्युजले ती अभियोग अत्यन्तै भयावह भएकाले आफूहरूले यसलाई गम्भीररुपमा लिइरहेको बताएको छ। पीबीएस ब्लुमवर्गले पनि उनको कार्यक्रम रद्द गरेको छ। रोजले क्षमायाचना गरे पनि सबै अभियोग सही नभएको बताएका छन्।

**रसिया**

### युद्ध रोक्न आग्रह

मस्को, (एजेन्सी)

रसियाको भ्रमणमा आएका सिरियाका राष्ट्रपति बसार अल-असादलाई उनका रुसी समकक्षी भ्लादिमिर पुटिनले सिरियाली युद्धको राजनीतिक समाधान खोज्न पुन: एकचोटी आह्वान गरेका छन्। पुटिनले असादलाई सैनिक अभियान समाप्त हुन लागेको तर त्यसका लागि केही समय लाग्ने पनि बताएका छन्। दुई वर्ष लामो रुसी हवाई अभियानले सन् २०११ देखि शुरू भएको गृहयुद्धमा असादको हात माथि परेको छ। असादका समर्थक रसिया र इरानलगायत लडाकू समर्थक टर्कीबीचको वार्ताअघि यी दुई नेताबीच छलफल भएको हो।

**इरान**

### आईएस समाप्त

बेरुत, (एजेन्सी)

इरानी राष्ट्रपति हसन रुहानीले इस्लामिक स्टेटको अन्त्य भएको घोषणा गरेका छन्। यसबीच एक जना सैन्य कमान्डरले सिरिया र इराकमा उक्त सैन्य समूहलाई परास्त गर्न इरानले थालेको कारबाहीमा मारिएका हजारौं शहीदलाई धन्यवाद दिएका थिए। रुहानीले ईश्वरको मार्गनिर्देशन र त्यस क्षेत्रका जनताको सशक्त प्रतिरोधबाट सैतानलाई उनीहरूको दिमागबाट मुक्त गरेको एक टेलिभिजनमा प्रत्यक्ष प्रसारित सम्बोधनमा बताए। निश्चितरुपमा अप्ठ्याराको अन्त्य जारी रहने तर यसको जग र जरा नष्ट भइसकेको रुहानीले बताए। इरानी वरिष्ठ कमान्डरले इस्लामिक स्टेट परास्त भएको सन्देश इरानको सर्वोच्च नेतालाई पठाएका थिए।

**अमेरिका**

### पुरानो आकाशगंगा

नासा, (एजेन्सी)

खगोलशास्त्रीहरूले ब्रह्माण्डमा सबैभन्दा पुराना तथा धेरै दुरीमा पर्नेमध्यको आकाशगंगाको रुप लिइरहेको एउटा तारा फेला परेको पुष्टि गरेका छन्। उक्त तारा १२ अर्ब ८० करोड प्रकाश वर्ष टाढा रहेको र यो बिगब्यांग विस्फोट भएको १ वर्षपछि बन्न थालेको हो। बिगब्यांगलाई ब्रह्माण्ड रचना भएको घटनाका रुपमा लिइन्छ। जी०९८३८०८ नामले चिनिएको उक्त आकाशगंगा पहिलो पटक अन्तरिक्ष टेलिस्कोप हर्स्चेलले ठम्याएको हो। तर यसमा अत्यन्तै धमिलो देखिएको थियो। त्यसपछि खगोलशास्त्रीहरूले थप जानकारीका लागि गालपोगासस्थित लार्ज मिलिमिटर टेलिस्कोपको प्रयोग गरेका थिए।

जर्मनीमा राजनीतिक संकट

### गठबन्धन सरकार गठन प्रयास असफल

# नयाँ चुनावमा जान चाहन्छु : *मर्केल*





बर्लिन, (एजेन्सी)

जर्मनीमा गठबन्धन सरकार गठन प्रयास असफल भएपछि राजनीतिक संकट गहिरिएको छ। जर्मनी चान्सलर एन्जेला मर्केलले अल्पमत सरकारको नेतृत्व गर्नुको सट्टा आफू देशमा पुन: चुनाव गराउन इच्छुक भएको बताएकी छिन्।

गठबन्धन सरकारका लागि भएको वार्ता निष्कर्षविहीन भएको जानकारी दिएकी मर्केलले राजीनामा दिनुपर्ने कुनै कारण आफूले नदेखेको बताइन्। आइतबार साँझ उदारवादी फ्रि डेमोक्रयाट पार्टीले वार्ताबाट बाहिरिने फैसला लिएको थियो।

जर्मनीका राष्ट्रपति फ्रैन्क वाल्टर स्टाइनमायरले सबै पक्षलाई 'आफ्नो फैसलामा पुनर्विचार' गर्न अपिल गरेका छन्। उनले पार्टीहरूलाई जर्मनीको राम्राका लागि सम्झौता गर्न अपिल गर्दै देश अत्यन्तै अद्भूत स्थितिमा गुज्रिरहेको बताए।

'१२ वर्षदेखि जर्मनीकी चान्सलर पदमा रहेकी एन्जेला मर्केलका लागि यो स्थिति अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती हो', मर्केलले जर्मन टेलिभिजन एआरडीसँगको कुराकानी भनिन्- 'जति हामीले सोचेका थियौं, नयाँ सरकार बनाउने मार्ग त्योभन्दा धेरै कठिन साबित भइरहेको छ।'

उनले गठबन्धन सरकार बन्ने सम्भावनालाई अस्वीकार गरेकी छैनन् तर त्यस विषयमा भइरहेको वार्तालाई लिएर आफू स्पष्ट नभएको बताइन्। उनले भनिन्- 'पुन: चुनाव गराउनु नै राम्रो हुनेछ भन्ने मलाई लागेको छ।'

जेडडीएफलाई दिएको एक अन्तर्वार्तामा मर्केलले जर्मनीलाई एक स्थायी सरकारको आवश्यक भएको र त्यसलाई हरेक मामिलामा फैसला लिन बहुमत कसरत गरिरहनु नपर्ने बताएकी थिइन्।

मर्केलको पार्टी सीडीयूका केही नेताहरू सोसल डेमाक्रयाट पार्टी (एसपीडी)सँग गठबन्धन सरकार बनाउन सम्भव भएको अपेक्षा गरिरहेका छन्। तर पार्टीले उक्त विकल्पलाई लिएर धेरै पटक अस्वीकार गर्दै आइरहेको छ।

यसअघि सोमबार सोसल डेमोक्रयाट पार्टीका नेता मार्टिन सुल्त्जले उनको पार्टी पुन: हुने चुनावसँग नडराएको बताएका थिए। मर्केलले एसपीडीसँगको गठबन्धनको सम्भावनाका बारेमा सोधिएको प्रश्नको जवाफमा आफू राष्ट्रपति स्टाइनमायर र एसपीडीका नेताहरूबीच हुने वार्ताको पर्खाइमा रहेको बताइन्।

उनले आफ्नो राजीनामा माग्नु नयाँ गठबन्धनका लागि सकारात्मक शुरुआत नहुने पनि बताइन्।

गठबन्धन सरकार बनाउनका लागि एफडीपी, द ग्रिन र सीडीयू/एसएसयूबीच विगत ४ हप्तादेखि वार्ता भइरहेको थियो। आइतबार एफडीपी वार्ताबाट बाहिरिएपछि वार्ता बिनानिस्कर्ष टुंगिएको थियो।

एफडीपी नेता क्रिस्टियन लिन्डनरले आफ्नो पार्टीको बचाउ गर्दै भने- 'यो फैसला सोच्दै नसोची र नबुझीकन लिएको होइन।'

# 'प्योङयाङ ब्यालेस्टिक क्षेप्यास्त्र पनडुब्बी निर्माणमा'

प्योङ्याङ, (एजेन्सी)

एक्सपर्ट वेबसाइट ३८ नर्थद्वारा खिचिएका नयाँ भूउपग्रह तस्वीरहरूको विश्लेषणका अनुसार उत्तर कोरिया आफ्नो पहिलो अपरेसनल ब्यालेस्टिक क्षेप्यास्त्र पनडुब्बी निर्माण र तैनाथ गर्ने आक्रामक कार्यक्रम रहेको छ।

ती तस्वीरहरूले धेरै वर्षदेखि जमिनबाट लामो दूरीको अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र विकास गरिरहेको उत्तर कोरियाको पनडुब्बीबाट लामो दूरीको क्षेप्यास्त्र प्रहार गर्ने कार्यक्रम पनि रहेको देखिन्छ। उत्तर कोरियासँग यसअघि नै प्रोटो टाइप पनडुब्बी र पानीमुनिबाट क्षेप्यास्त्र प्रहार गर्ने लन्चिङ प्याड रहेको छ। प्योङयाङले त्यसबाट थुप्रै क्षेप्यास्त्र परीक्षण प्रक्षेपण गरिसकेको छ। तर नयाँ तस्वीरले उत्तर कोरियाको पूर्वी समुद्रीतटको सिन्पो सिपयार्डमा अत्यन्त महत्त्वपूर्ण कामहरू भइरहेको संकेत देखाएको छ।

ती तस्वीरले अर्को क्षेप्यास्त्र बोक्ने पनडुब्बी निर्माण भइरहेको हुनसक्ने संकेत दिएका छन्। तस्वीरमा देखिने २ वटा ठूला वृत्ताकार वस्तु पनडुब्बीको प्रेसर हल हुनसक्ने देखिन्छन्।

अमेरिका-उत्तर कोरिया विवाद

# उत्तर कोरियालाई 'आतंकवाद प्रायोजक' देशहरूको सूचीमा राख्ने ट्रम्पको घोषणा

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सरकारले उत्तर कोरियालाई आतंकवादलाई समर्थन गर्ने देशहरूको सूचीमा पुन: समावेश गरेको घोषणा गरेका छन्।

करिब ९ वर्षअगाडी मात्रै उत्तर कोरियाको नाम उक्त सूचीबाट हटाइएको थियो। सोमबार उक्त फैसलाको घोषणा गर्दै ट्रम्पले भने- 'यो धेरै समयअगाडि नै गर्नु पर्थ्यो।'



क्याबिनेटको बैठकमा राष्ट्रपति ट्रम्पले उक्त कदमपछि उत्तर कोरियामाथि व्यापकस्तरमा थप प्रतिबन्ध लगाउने र त्यसको घोषणा मंगलबार गर्ने बताएका थिए।

उत्तर कोरियाको सरकारले विधिसम्मत तरिकाले काम गर्नुपर्ने र आफ्नो परमाणु कार्यक्रममाथि रोक लगाउनुपर्ने ट्रम्पले बताए।

ट्रम्प हालै मात्र एसियाको म्याराथन यात्राबाट स्वदेश फिर्ता भएका हुन्। यस यात्राका क्रममा उनी जापान, दक्षिण कोरिया र चीन गएका थिए।

उत्तर कोरियाका नेता किम जोंगले संयुक्त राष्ट्र सुरक्षा परिषद्को तर्फबाट लगाइएका प्रतिबन्धलाई बेवास्ता गर्दै परमाणु तथा क्षेप्यास्त्र कार्यक्रम जारी राखेका छन्।

ट्रम्पको ताजा घोषणापछि उत्तर कोरिया अब ती देशको सूचीमा समावेश भएको छ, जसले लगातार अन्तर्राष्ट्रियस्तरमा कट्टरपन्थलाई समर्थन गर्छ। अमेरिकाको उक्त सूचीमा इरान, सुडान र सिरिया पनि पर्छन्।

सन् २००८ मा जर्ज डब्ल्यु बुस प्रशासनले उत्तर कोरियालाई उक्त सूचीबाट हटाएको थियो। त्यतिबेला उत्तर कोरियासँग परमाणु कार्यक्रममाथि रोक लगाउने विषयमा वार्ता भइरहेको थियो।

उत्तर कोरियाका नेता किम जोंगले आफ्नो परमाणु योजनालाई खुलेरै अगाडि राख्ने क्रममा उत्तर कोरिया अमेरिकासम्म मारक क्षमता भएको क्षेप्यास्त्र विकसित गर्न चाहेको बताएका छन्। गत महिना अमरिकी रक्षामन्त्री जेम्स म्याटिसले उत्तर कोरियाका तर्फबाट परमाणु हमलाको खतरा बढेको बताएका थिए।

यसअघि उत्तर कोरियाले प्रशान्त क्षेत्रमा पर्ने अमेरिकी भूमि गुआममा क्षेप्यास्त्र प्रहार गर्न सकिने चेतावनी दिएको थियो। उक्त द्विपमा अमेरिकाको सबैभन्दा ठूलो सैन्य अड्डा रहेको छ।

# नाइजेरियाको आत्मघाती विस्फोटमा पचास मारिए



अबुजा, (एजेन्सी)

नाइजेरियाको पूर्वी राज्य एडामावामा मंगलबार भएको एक शक्तिशाली आत्मघाती बम विस्फोटमा कम्तीमा ५० जना व्यक्तिको ज्यान गएको प्रहरीले जनाएको छ। मुवी शहरमा प्रार्थनाकर्ताहरू टन्न भरिएको एउटा मस्जिदमा १ जना आत्मघाती आक्रमणकारीले बम विस्फोट गराएका थिए।

प्रत्यक्षदर्शी अवुवाकर सुलेले ती आक्रमणकारी प्राथर्नाकर्ताकै भेषमा आएको एएफपी समाचार निकायलाई जानकारी दिएका छन्। उक्त घटनाको जिम्मेवारी अझैसम्म कसैले पनि लिएको छैन। तर इस्लामिक लडाकू समूह बोको हरामले उत्तरी नाइजेरियाका भीडभाडमा यसरी बम आक्रमण गर्दै आएको छ।

बोको हरामको ८ वर्ष लामो हिंसात्मक आन्दोलनमा करिब २० हजार व्यक्तिले ज्यान गुमाइसकेका छन्। नाइजेरियास्थित बीबीसीका पत्रकार इसाक खालिदले सरकारी फौजले बोको हराम नियन्त्रित क्षेत्रहरू पुन: कब्जा गर्न थालेपछि तिनीहरूले उत्तर पूर्वी क्षेत्रमा आत्मघाती बम आक्रमण कार्यलाई तीव्रता दिन थालेको बताएका छन्।

सोही राज्यमा गत डिसेम्बरमा भएको आत्मघाती आक्रमणमा कम्तीमा ४५ व्यक्तिको ज्यान गएको थियो। त्यसबेला २ जना महिला आत्मघाती आक्रमणकारीले एउटा अत्यन्तै व्यस्त बजारमा विस्फोट गराएका थिए। सन् २००२ मा गठन भएको बोको हरामले पश्चिमी शिक्षामाथि प्रतिबन्ध लगाएको छ। यस समूहले नाइजेरियामा इस्लामिक राज्य खडा गर्न सन् २००९ मा सैन्य कारबाही शुरू गरेको थियो। यसलाई सन् २०१३ मा अमेरिकाले आतंककारी संगठन घोषणा गरेको थियो।

# ट्रम्पकै पनि अवैध आदेश मान्दिनँ : *जनरल हाइटन*



ह्यालिफ्याक्स, नोभा स्कोसिया, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाका सामरिक कमान्डका एक वरिष्ठ अधिकारीले शनिबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वा उनका कुनै पनि सहायकले आणविक हतियार परिचालन गर्नका लागि दिइएको आदेश अवैध लागेको खण्डमा आफूले त्यो आदेश अस्वीकार गर्ने बताएका छन्।

सामरिक कमान्डका कमान्डर एयर फोर्स जनरल जोहन हाइटन ह्यालिफ्याक्स इन्टरनेसनल सेक्युरिटी फोरमको प्यानलमा ट्रम्पसँग आफ्नो यस्तो सम्भावित परिस्थितिबारे छलफल भइसकेको र आफूले अवैध आणविक आक्रमण गर्न नसक्ने जवाफ दिइसकेको बताएका छन्।

उनले यदि त्यस्तै परिस्थिति आइपरेको खण्डमा पनि आफूले ट्रम्पलाई आणविक हतियार प्रयोग गर्ने वैधानिक उपाय सुझाउने बताएका छन्। यस कमान्डले युद्धको दौरान आणविक फौजलाई नियन्त्रण गर्ने गर्दछ। उत्तर कोरियाबाट संयुक्त राज्य अमेरिकामा आणविक आक्रमण हुनसक्ने खतरा बढिरहेको वर्तमान परिवेशमा ट्रम्पका विपक्षीले उनको यसबारेको सोचाइ बुझ्न चाहिरहेकाले यो टिप्पणी सार्वजनिक गरिएको हो।

ट्रम्पको प्योंगयांग लक्षित विचारोत्तेजक ट्विटकै कारण उत्तर कोरियासँग अमेरिकाको युद्ध शुरू हुने चिन्ताले अमेरिकी कांग्रेसका डेमोक्रेटलाई सताइरहेको छ। सन् २०११ को जनवरीदेखि २०१३ को नोभेम्बरसम्म सामरिक कमान्डको अध्यक्ष रहेका अवकाश प्राप्त जनरल रोवर्ट केहलरले यसै महिनाको शुरूमा परराष्ट्र सम्बन्ध समितिमा बयान दिने क्रममा अमेरिकी सशस्त्र फौजले वैधानिक आदेशहरू मात्र पालना गर्नुपर्ने बताएका थिए।

हाइटनले भनेका छन्- 'मेरो विचारमा केही मानिसले मूर्ख ठान्लान्। हामी मूर्ख भने होइनौं। हामी यस्ता चिजबारे धेरै सोच्छौं। तपाईंलाई यो जिम्मेवारी दिइयो भने यसबारे कसरी सोच्नुहुन्छ? म कुनै अवैध आदेश मान्ने पक्षमा छैन। त्यसले बाँकी जीवन जेलमा बिताउनुपर्ने हुन्छ।'

राष्ट्रसेवक कर्मचारीले सेवाग्राहीसँग विभिन्न बहानामा घूस मागे तुरुन्त फोन गर्न अख्तियारले हटलाइन टेलिफोन सेवा शुरु गरिसकेको छ। यो निःशुल्क सेवा २४ सै घण्टा सञ्चालनमा छ।

## समाचार संक्षेप

### प्रहरी निरीक्षक घुससहित पक्राउ

काठमाडौं, (नेस)

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले महानगरीय प्रहरी प्रभाग, गोंगबुका प्रमुख प्रहरी निरीक्षक हरिहर सुनुवार घुस लिँदालिँदै रंगेहात पक्राउ गरेको छ।

आयोगको टोलीले उनलाई ५० हजार रुपियाँ घुससहित मंगलबार पक्राउ गरेको हो। अख्यितयार स्रोतका अनुसार सुनुवारलाई गोंगबु बसपार्कमा अवस्थित एक होटलमा पैसाको बार्गेनिङ गर्दै गर्दा पक्राउ गरिएको हो।

### ७ तला माथिबाट हामफालेर आत्महत्या

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ बौद्ध चुच्चेपाटीस्थित भाटभटेनी सुपरमार्केटको ७ तला माथिबाट हाम फाल्दा घाइते भएका ओखलढुंगा बेतेनी सल्लेरी-१० घर भई काठमाडौं चावहिल बस्ने युवराज चौलागाईंको नेपाल मेडिकल कलेज अत्तरखेलमा उपचारको क्रममा सोमबार मृत्यु भएको छ।

### विप्लव माओवादीका कार्यकर्ता पक्राउ

सुर्खेत, (नेस)

देशैभरि विप्लव माओवादीका कार्यकर्ताले उम्मेदवारमाथि आक्रमण गर्दै आएको र सुर्खेतमा पनि केही दिन पहिले मात्रै ठूलो मात्रामा विस्फोटक सामग्री जफत भएपछि सुर्खेत प्रहरी 'एक्सन' मा आएको छ।

आगामी मंसिर २१ मा सम्पन्न हुने संघ र प्रदेस सभाको चुनावलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने भन्दै सुर्खेत प्रहरीले नेकपा माओवादी विप्लव समूहका कार्यकर्ताहरूलाई कडा निगरानीमा राखेको स्रोतले बताएको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका डीएसपी गणेश चन्दकाअनुसार प्रहरीले विप्लव समूहको शिक्षक संगठनका हरि महरालाई २ गते, नगर सदस्य सर्जनसिंह ठकुरी र जिल्ला सदस्य टेकमल दमाईलाई कात्तिक ३० गते प्रहरीले नियन्त्रणमा लिएको हो।

# मतदातालाई सुरक्षाप्रति आश्वस्त पार : *आयोग*

नेपाल समाचारपत्र

काठमाडौं

निर्वाचन आयोगले मतदातालाई सुरक्षाप्रति आश्वस्त पार्न सरकारको ध्यानाकर्षण गराएको छ। आयोगमा मंगलबार बसेको उच्चस्तरीय सुरक्षा समितिको बैठकमा प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले निर्वाचनलाई सफल बनाउन सुरक्षा निकायले आपसी समन्वयमा आमजनताले महशुस गर्ने गरी सुरक्षाको वातावरण बनाउन जोड दिनुभयो। प्रमुख निर्वाचन आयुक्त डा. यादवले निर्वाचनको मौन अवधि शुरू भएपछि थप सजगताका साथ सुरक्षा प्रबन्ध मिलाउन सुरक्षा निकायलाई निर्देशनसमेत दिनुभयो।

बैठकमा आयुक्त नरेन्द्र दाहालले सुरक्षा निकायले तयार गरेको सुरक्षा योजनालाई थप सक्रियताका साथ कार्यान्वयन गर्न सुझाव दिनुभयो। उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका संयोजक एवं आयुक्त सुधीरकुमार शाहले सुरक्षा खलबल्याउने प्रयत्न गर्नेलाई कानुनअनुसार कारबाही गरी जनतालाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने र राजनीतिक दलले समेत सुरक्षा कार्यमा सहयोग पुर्‍याउनुपर्ने धारणा राख्नुभयो।

उहाँले अहिलेको सुरक्षा प्रबन्ध र कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको भए पनि सुरक्षा निकाय थप चनाखो भई कार्यक्षेत्रमा खटिनुपर्ने बताउनुभयो।

गृह सचिव मोहनकृष्ण सापकोटाले सुरक्षा निकायबीच उच्चस्तरको सम्पर्क एवं समन्वय रहेको र निर्वाचन विरोधी गतिविधि गर्नेहरूलाई नियन्त्रणमा लिई कानुनअनुसार कारबाही गरिरहेको र निर्वाचनमा सुरक्षाको पूर्णप्रत्याभूति दिन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

रक्षा मन्त्रालयका सचिव विनोद केसीले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि गर्नुपर्ने सहयोग गर्न नेपाली सेना सदा तत्पर रहेको बताउनुभयो।

बैठकमा निर्वाचन आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्यालले सुरक्षा निकायहरूबीचको लगातारको सम्पर्क, समन्वय र सहयोगबाट मतदातालाई सुरक्षाको प्रत्याभूति दिन सकिने हुँदा मतदातालाई सुरक्षाको अनुभूति हुने गरी सुरक्षा निकायहरूलाई थप प्रयास गर्न सुझाव दिनुभयो।

बैठकमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक प्रकाश अर्याल, सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठ, राष्ट्रिय अनुसन्धान विभागका मुख्य निर्देशक दिलिपराज रेग्मी र नेपाली सेनाका उपरथी शरद गिरीले आ-आफ्ना संगठनबाट सम्पादन भइरहेका कार्य प्रगतिका बारेमा अवगत गराउनुभयो।

# हटलाइनमार्फत् २ हजार बढी उजुरी

सुरेश तामाङ, काठमाडौं

अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा सञ्चालित हटलाइन टेलिफोन सेवामार्फत् २ हजार १ सय ३५ उजुरीका लागि दर्ता भएको छ। उक्त उजुरीमध्ये अधिकांश भ्रष्टाचार, आर्थिक अनियमितता, अकुत सम्पत्ति आर्जनलगायतका रहेको अख्तियार स्रोतले जनाएको छ।

राष्ट्रसेवक कर्मचारीले सेवाग्राहीसँग विभिन्न बहानामा घूस मागे तुरुन्त फोन गर्न अख्तियारले हटलाइन टेलिफोन सेवा शुरु गरिसकेको छ। यो निःशुल्क सेवा २४ सै घण्टा सञ्चालनमा छ।

२०७२ माघदेखि सञ्चालनमा ल्याएको यस सेवा प्रचारप्रसारको अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेन। पछिल्लोपटक गएको साउनदेखि भने यसै सेवामार्फत् उजुरी गर्न भन्दै सेवाग्राहीको उच्च चाप हुने सरकारी कार्यालयहरूलाई लक्षित गर्दै उजुरी गर्ने बढेको हटलाइन सेवामा खटिएका एक प्रहरीहरूले बताए।

प्रहरीका अनुसार धेरैजसो उजुरीहरू मालपोत कार्यालय, नापी कार्यालय, श्रम कार्यालय, यातायात कार्यालय, तराईका विद्यालयलगायतका ठाउँबाट अनियमितता, तथा आर्थिक हिनामिना भएको विषयमा आउँने गरेको छ। हटलाइन सेवामा दिनमा २ सय बढी फोन आउने गरेको अख्तियारको हटलाइनमा खटिएका प्रहरीले बताए। जसमध्ये दिनमा ३० उजुरी अनुसन्धान गर्नुपर्ने खालका आउँछन्।

प्रायःजसो उजुरी दिउँसोको समय आउने गरेको छ भने गोप्य ठाउँ खोज्ने र बेलुका उजुरी गर्दा सुरक्षित ठान्नेहरूले बेलुका पनि उजुरी गर्ने गरेको प्रहरीको भनाइ छ। निःशुल्क टेलिफोन सेवा भएको हुनाले कतिपयले त दुःख दिने दिने मनसायले पनि फोन गर्ने गरेको गुनासो प्रहरीहरूको छ।

यो सेवा २४ सै घण्टा सञ्चालन गर्न अख्तियारको प्रहरी महाशाखामा १ जना प्रहरी निरीक्षकको कमान्डमा १ प्रहरी नायब निरीक्षक, १ प्रहरी सहायक निरीक्षक, ३ प्रहरी हवल्दार र १ प्रहरी जवानलाई खटाइएको छ।

# 'तमसुक गरेर सरकार चलाउने समय गयो'

चितवन, (नेस)



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले वामपन्थीको सरकार गठन गर्नबाट कसैले पनि रोक्न नसक्ने बताउनुभएको छ। उहाँले वामपन्थीको नेतृत्वमा स्थिर सरकार निर्माण भएपछि विकासले गति लिने बताउनुभयो।

संयुक्त वाम गठबन्धन, चितवनले मंगलबार आयोजना गरेको माओवादी केन्द्रका पुत्र प्रकाश दाहालको श्रद्धाञ्जली सभा एवं बृहत आमसभालाई सम्बोधन गर्दै उहाँले देशलाई समृद्धितर्फ लैजान वामपन्थीको दुई तिहाई बहुमतको सरकार आवश्यक रहेको बताउनुभयो।

तमसुक गरेर सरकार चलाउने समय अब गएको बताउँदै अध्यक्ष ओलीले निर्वाचनलगत्तै पार्टी एकीकरण हुने बताउनुभयो। पार्टी एकता हुन्न कि भन्ने कुनै सन्देह नराख्न आग्रह गर्दै उहाँले वाम गठबन्धनका उम्मेवार एवं माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई चितवन क्षेत्र नम्बर ३ मा ३० हजार मतान्तरले विजयी गराउन आग्रह गर्नुभयो। कार्यक्रममा माओवादी केन्द्रका नेता रामबहादुर थापाले वामपन्थीको नेतृत्वमा नेपालमा समाजवादी युगको प्रवेश हुने र पूर्णरूपमा स्वाधिन बन्ने बताउनुभयो। उहाँले वामपन्थीको नेतृत्वमा बन्ने सरकारले मात्र देशको समृद्धि सम्भव भएको बताउनुभयो।

श्रद्धाञ्जली सभा एवं चुनावी सभामा उपस्थित भएपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कार्यक्रममा सम्बोधन गर्नुभएन। कार्यक्रममा प्रचण्डकी धर्मपत्नी सीता दाहाल, प्रकाशकी श्रीमती बिना थापामगर, छोरा, दिदी रेनु र बहिनी गंगा पनि सहभागी हुनुहुन्थ्यो।

# किन बन्यो चुनावी इपिसेन्टर भच्चेक ?

कृष्णउदास खनाल
भच्चेक, गोरखा

इतिहासको पाना पल्टाउँदा गोर्खा जिल्लाको नाम जहिले पनि अग्रस्थानमा आउने गर्दछ। पछिल्लो समय फेरि पनि गोर्खा जिल्ला चर्चामा रहेको छ। खासगरी गोर्खाको क्षेत्र नम्बर २ अहिले बढी चर्चामा रहेको छ। यसो हुनुको कारण भने डा.बावुराम भट्टराई र नारायणकाजी श्रेष्ठ नै हुन्।

यही चुनावका कारण २ नम्बर क्षेत्रको उत्तरी भेगमा रहेको भच्चेक अहिले निकै तातेको छ। चुनावी इपिसेन्टरका कारण भच्चेक बजारको तापक्रम घट्दै गए पनि चुनावी माहौल भने तातेको छ। अजिरकोट गाउँपालिकाको भच्चेक बजार धेरै हिसाबले महत्त्वपूर्ण छ। भौगोलिक रूपमा नै निकै रमणीय रहेको भच्चेकलाई अहिले दलले चुनाव प्रचार केन्द्र बनाएका छन्।

अहिलेसम्म भच्चेक पाइलोसमेत नटेकेका नेताहरूको निकै दौडधुप छ अहिले यहाँ। खास गरी वामगठबन्धन र लोकतान्त्रिक गठबन्धनको चुनावी प्रचारको केन्द्र भच्चेक बजार बनेको हो। झट्ट हेर्दा भच्चेक अजिरकोटको मात्रै केन्द्र भएपनि यसले गोर्खाको सिरानचोक र सुलीकोटको प्रतिनिधित्व राम्रैसँग गर्ने गरेको छ। यी दलहरूले आयोजना गर्ने चुनावी कार्यक्रममा पनि गोर्खाको दुई नम्बर क्षेत्रका अधिकांश नेता कार्यतर्काहरू सहभागी थिए। १० गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा चुनावका लागि डा.भट्टराई र नारायणकाजीले प्रतिष्ठाको विषय बनाएका कारण यहाँ शीर्ष नेताको दौडाहा चलेको हो।

कात्तिक २९ गते भच्चेकमा वाम गठबन्धनले चुनावी सभा गरेको थियो। त्यहाँ प्रचण्ड र केपी शर्मा ओली आएर नारायणकाजीलाई भोट मागे। केपीले बाबुरामलाई खासै गाली नगरे पनि प्रचण्डले भने आफ्ना सहकर्मी भए पनि बुद्धि नभएका नेता भन्दै काजीलाई जिताउन आग्रह गरे। प्रचण्ड र केपीको भच्चेक दौडाहाले नारायणकाजीलाई जित्न सजिलो भएको तर्क वाम गठबन्धनको बुझाइ छ।

त्यसो त मंसिर ४ गते लोकतान्त्रिक गठबन्धनले पनि सोही स्थानमा चुनावी सभा आयोजना गरेको थियो। सभालाई कांग्रेसका नेताहरू रामचन्द्र पौडेल, बालकृष्ण खाँण र गगन थापाले सम्बोधन गर्दै डा.भट्टराईलाई खुलेर भोट मागे। हिजो युद्धको बेलामा माओवादीबाट प्रताडित भएकाहरूले डा. बाबुरामलाई भोट दिन्नन् कि भन्ने थियो ४ गते कांग्रेसका शीर्ष नेताको सम्बोधनले अब बाबुरामलाई सबै कांग्रेसीको भोट पर्ने विश्वासमा बाबुराम समर्थक छन्। बाबुराम कांग्रेसको समर्थनमा नयाँ शक्तिबाट र नारायणकाजी एमालेको समर्थनमा माओवादीबाट चुनावी मैदानमा उत्रिएका कारण यो क्षेत्र निकै रोचक बनेको हो।

बहुदलको उदयपछि शुरूमा यो क्षेत्रबाट नेपाली कांग्रेसका तर्फबाट मैयादेव श्रेष्ठ र कमला पन्त निर्वाचित भए तर माओवादी शान्ति सम्झौतामा आएपछि २०६४ सालमा भएको संविधानसभामा डा. भट्टराई र त्यसपछि २०७० को माओवादीकै हितराज पाण्डे विजयी भए। विकासको फड्को यस क्षेत्रमा बाबुरामको पालामा बढी भएको हो भन्नेहरूको जमात धेरै छ यद्यपि उनको पार्टी अहिले फरक ढंगबाट चुनावी मैदानमा उत्रिएका कारण सजिलै जित हुने अवस्था छैन। स्थानीय तहको चुनावी आँकडा हेर्दा थोरै करिब ५ सय मतले मात्रै वाम गठबन्धन अगाडि छ। यद्यपि अहिले यही क्षेत्रबाट ६ हजार नयाँ मतदाता थपिएका छन्।

देशभरकै लगभग रोचक भिडन्त मानिएको यो क्षेत्र कसको कब्जामा जाने छ त्यसका लागि भने चुनावको परिणाम नै हेर्नुपर्दछ तर अहिले चुनावका कारण क्षेत्र नम्बर २ को भच्चेक भने साँच्चैको 'इपिसेन्टर' बनेको छ।

# नेकपाका १५ कार्यकर्ता पक्राउ

रुकुम, (नेस)

निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी रुकुमका थप १५ जना कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको छ। पछिल्लो १ हप्ताको अवधिमा जिल्लाका विभिन्न स्थानबाट विद्युत तार, ब्याट्री र दस्तावेजसहित उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम) का प्रमुख डीएसपी राजेन्द्रप्रसाद धमलाले बताउनुभयो। यसअघि कात्तिक २३ गते विद्यार्थी संगठनको राप्ती अञ्चल ब्युरो सदस्य दीपक विष्ट र पार्टी जिल्ला कमिटी सदस्य मोतिराम खड्कालाई पक्राउ गरिसकेको छ।

यसपटक पक्राउ पर्नेहरूमा पार्टी जिल्ला सल्लाहकार सदस्य त्रिवेणी गापा -३ का प्रेम खड्का, पार्टी जिल्ला सदस्यहरू मुसिकोट नपा -६ का हिरामणी रावत र मुसिकोट नपा -६ का बालचन्द्र गिरी, किसान संगठन सल्यान-रुकुमका इन्चार्ज समेत रहेका त्रिवेणी गापा -६ का मकर वली, विद्यार्थी संगठनको जिल्ला अध्यक्ष आठविसकोट नपा -५ का सुरेन्द्र बस्नेत, उपाध्यक्ष त्रिवेणी गापा-२ का कृष्ण वीसी, सचिव त्रिवेणी गापा -२ का प्रेमप्रशान्त बोहरा र सहसचिव मुसिकोट नपा -१४ का १८ वर्षीय हरि विष्ट रहेका छन्।

# 'कांग्रेसले ८२ सिट जित्छ'

बुटवल (नेस)

नेपाली कांग्रेस केन्द्रीय निर्वाचन परिचालन कमिटीका संयोजक बालकृष्ण खाँणले आगामी प्रतिनिधिसभा र प्रदेससभा निर्वाचनमा नेपाली कांग्रेसको बहुमत आउने दाबी गर्नुभएको छ।

लोकतान्त्रिक गठबन्धन समावेश अरू दलकोबाहेक कांग्रेसको मात्रै ८२ सिट आउने उहाँले बताउनुभयो।

संयुक्त लोकतान्त्रिक गठबन्धन रूपन्देही क्षेत्र नम्बर ३ ले मगंलबार फर्साटिकटमा आयोजना गरेको आमसभालाई सम्बोधन गर्दै पूर्वरक्षामन्त्रीसमेत रहनुभएका खाँणले आफूको यो दाबी हावादारी नभई विभिन्न सर्वेक्षण र अनुसन्धानमा आधारित रहेकोसमेत प्रस्टाउनुभयो।

त्यस्तै समानुपातिकतर्फ कांग्रेसले जनताको लोकप्रिय मत ४२ प्रतिशत ल्याउने उहाँले बताउनुभयो।

आउँदो निर्वाचनमा लोकतान्त्रिक गठबन्धनले प्रस्ट बहुमत ल्याई कांग्रेसको नेतृत्वमा सरकार बन्ने भन्दै उहाँले यस क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिक (राप्रपा) संगको गठबन्धन स्वभाविक र राष्ट्रिय आवश्यकताको आधारमा गरिएको बताउनुभयो।

# भोट माग्न रोबोट

धन बस्नेत, पोखरा

चुनावी माहौल छ। सर्वसाधारण पनि चुनावी बहसमा छन्। उम्मेदवार पनि चुनावी प्रचारमा छन्। उम्मेदवार घरदैलो गरिरहेका छन्। कार्यकर्ताभन्दा अगाडि रोबोट छ। भीडभाड भएकै ठाँउमा रोबोट पुग्छ। सबैले रोबोटलाई नियाल्छन्। अनि रोबोटले भन्छ-'जय नेपाल'। त्यसपछि हात मिलाउँछ। र चुनावी नारा भट्टयाउँदै गुरूप्रसाद बराललाई भोट माग्छ।

रोबोटसँग आँखा जुधेपछि जय नेपालको शब्द उच्चारण गर्छ। चुनावी प्रचार उम्मेदवारले त गर्ने नै भए। तर घरदैलो गरिरहेका कास्की क्षेत्र नम्बर २ प्रदेश 'क' का नेपाली कांग्रेस उम्मेदवार गुरूप्रसाद बरालले विल्कुलै फरक शैलीमा प्रचारलाई तीव्रता दिइरहेका छन्। रोबोटले चुनावी प्रचार गरिरहेका छन्।

घरदैलो गरिरहेका कास्की क्षेत्र नम्बर २ प्रदेश 'क' का नेपाली कांग्रेस उम्मेदवार गुरूप्रसाद बरालले रोबोट लिएर घरदैलो गरिरहेका छन्। मंसिर २१ गते हुने चुनावमा आफ्ना मतदातासँग गुरू बराललाई रुखमा भोट हालेर जिताउन आग्रहसमेत रोबोटले गर्छ।

रोबोटलाई उम्मेदवार बरालले साथैमा लिएर हिँडेका छन्। रोबोटले कांग्रेसमा भोट हाल्न गरेको अपीललाई सर्वसाधारणले निकै मज्जा मानेर हेर्छन्। चुनावी प्रचारमा यो नयाँ प्रयोग हो। प्रविधिको उपयोग गर्दै बराललेको चुनावी अभियानलाई सबैले सहयोगको प्रतिबद्धता गरेका छन्।

'प्रविधिसँग समाजलाई जोड्न सकिने उदाहरणका रूपमा मैले प्रचारमा यस्तो शैली अपनाएको हुँ। रोबोटले मेरा लागि मत मागेको देखेर धेरैजनाले नयाँ प्रयोग गरेको देखेर दंग छन्।' गुरु बरालले भने-'शायद यो खाले प्रचारशैली यसअगाडि अपनाइएको थिएन।' उनले चुनावी प्रचारमा 'रोबोट' को प्रयोगलाई युवापुस्ता र प्रविधिको प्रयोगबाट आफूले निर्वाचन क्षेत्रलाई विकास र सम्बृद्धिको बाटोमा अगाडि बढाउँछु भन्ने एउटा सांकेतिक प्रस्तुतीसमेत भएको बताए।

बराल यतिबेला प्रचारको क्रममा भरतपोखरीमा छन्। उनी केही दिन अझै त्यतै रहने 'सेड्युल' छ। यद्यपि रोबोटले उनको निर्वाचन क्षेत्र पर्ने अन्य स्थानमा उनको प्रचार गरिरहेको छ। 'रोबोट' बाट गरिएको प्रचार प्रभावकारी बन्दै पनि गइरहेको उनले बताए। प्रचारका क्रममा 'रोबोट' लाई आफ्नो निर्वाचन क्षेत्रमा पर्ने सम्पूर्ण वडामा पुर्‍याउने उनले बताए।

रोबोटमा अल्ट्रासोनिक सेन्सर जडान गरिएको छ। इन्जिनियरिङ अध्ययनरत विद्यार्थी अनिल पाण्डे, सुशान्त केसी, दिपक विष्ट, शम्भुप्रसाद आचार्य, नवीन क्षत्रीको टिमले निर्माण गरेको हो। उनीहरूले तीन साता लामो समय लगाएर निर्माण गरेको रोबोटको पहिलो परीक्षण नै चुनावी प्रचारमा ल्याएको अनिल पाण्डेले बताए।

## इजलास...

अज्ञात व्यक्तिले सर्वोच्चमा बम राखिएको भन्दै अदालतका प्रवक्ता सहरजिस्ट्रार नारायण पन्थीलाई फोन गरेपछि इजलास खाली गराइएको हो।

बम राखिएको हल्लापछि नेपाली सेनाको बम डिस्पोजल टोली सर्वोच्चमा पुगेको थियो भने सुरक्षाकर्मीले खानतलासीसमेत गरेका थिए। यस्तै खानतलासीका लागि तालिम प्राप्त कुकुरसमेत परिचालन गरिएको महानगरिय प्रहरी आयुक्तको कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक पूर्णचन्द्र जोशीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'सबै इजलास खाली गरी न्यायाधीशलाई बाहिर निकालियो। यद्यपि कसले र किन त्यत्तिकै बम राखेको भनेर कल गर्‍यो भन्नेबारे केही पत्ता लागेको छैन। अनुसन्धानलाई तीव्र पारेका छौं। 'फेक कल' पनि हुन सक्छ।' सर्वोच्चको प्रशासनले बमबारे हल्ला भएपछि हिजो मंगलबारका लागि तोकिएको मुद्दाको सुनुवाइ स्थगित भएको जानकारी गराएको थियो।

यस्तै विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले आफूहरूले बम नराखेको बताएको छ। नाम नभन्ने सर्तमा एक नेताले भने- 'हामीले बम राखेका होइनौं। यो सरकारको नौटंकी हो। त्यत्तिकै हल्ला पिटाइएको छ।'

## महत...

शर्मालाई अदालत उपस्थित गराउन गत साता मात्रै अख्तियारले उहाँको घरमा म्याद टाँसेको छ।तर, शर्मा अझै बयानका लागि अदालत जानुभएको छैन। शर्मालाई अख्तियारले पक्राउ गरे पनि सर्वोच्चले साउन अन्तिम साता साधारण तारिखमा छाड्न आदेश दिएको थियो।

कर फस्र्योट आयोगमार्फत् अनियमित ढंगले कर मिनाहा दिई राज्यलाई झन्डै २१ अर्ब नोक्सानी पुर्‍याएको भन्दै गत १९ जेठमा अख्तियारले तत्कालीन आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मालाई पक्राउ गरेको थियो। उहाँसँगै आयोगका दुई सदस्य महत र ढकाल भने त्यसयता फरार थिए।

अख्तियारले तिनै पदाधिकारीविरुद्ध १० अर्ब रुपियाँको बिगो दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

## आचारसंहिता...

आयुक्त शाहका अनुसार यसअघि पनि आचारसंहिता विपरीत सरकारले काम गरेको घटनाहरूको उजुरी परेको उल्लेख गर्दै त्यसलाई कारबाही गर्ने तयारी गरिरहेको बताउनुभयो।

आयोगका अनुसार अहिलेसम्म आचारसंहिता उल्लघन गरेको भन्दै २ हजार उजुरी परेको छ। यसअघि पनि प्रधानमन्त्री देउवालाई पटकपटक मन्त्रिमण्डल विस्तार गरेर निर्वाचन आचारसंहिता उल्लंघन गरेको भन्दै आयोगले सचेत गराएको थियो।

संवैधानिक आयोग भए पनि सरकारलाई आचारसंहिता पालना गराउन र पालना नगरेको खण्डमा कारबाही गर्ने दृढताका साथ लागेको सन्देश प्रवाह नभएको भन्दै निर्वाचन पर्यवेक्षण गर्ने संस्था र नागरिक समाजले आयोगको आलोचना गर्दै आएका थिए।

## तरकारी...

जनशक्ति कम हुँदा दैनिक आठ प्रकृतिका तरकारीको नमुना परीक्षण हुने गरेको बाली संरक्षण निर्देशनालयका वरिष्ठ बाली संरक्षण अधिकृत मानबहादुर क्षत्रीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'जनशक्ति कम्तीमा पनि प्राविधिकसहित पाँच जनासम्म भएको भए सजिलो हुन्थ्यो। कम जनशक्ति भएरै थोरै प्रकृतिका तरकारीको परीक्षण गर्न सकेका छौं। यद्यपि मैले जनशक्ति बढाउनुपर्‍यो भनेर सरकारसँग प्रस्ताव गरेको छुं।' विषादिको मात्रा बढी भएका तरकारीलाई नष्ट गर्ने र त्यसका लागि जिल्ला तहमा कृषि विकास कार्यालयसँग समन्वय गरिने वरिष्ठ वाली संरक्षण अधिकृत क्षेत्रीले बताउनुभयो। अहिले दैनिक कालीमाटीमा ६ सय मेट्रिकटन तरकारी आउने गरेको छ। मागअनुसार तरकारी आपूर्ति हुन नसकेको कालिमाटी तरकारी बजार विकास समितिका योजना अधिकृत रमेश डंगोलले बताउनुभयो।

उहाँले भन्नुभयो- 'काठमाडौंमा ७ सय ५० मेट्रिकटनसम्म तरकारी खपत हुन्छ। यद्यपि अहिले धानबाली भित्र्याउने र तरकारीको सिजन कम भएकाले पनि आयात थोरै मात्रामा भइरहेको छ। आयात कम भएपछि मूल्य पनि बढेको छ। अब सिजन शुरू भएपछि विस्तारै मूल्य घट्ला।' मुख्यतः प्याज, आलु, ठूलो गोलभेंडा जस्ता तरकारीहरू भारतबाट आउने गरेको समितिले बताएको छ। तरकारी विज्ञले उमालेर अथवा धेरै मात्रामा पखालेर तरकारी खान सुझाव दिएका छन्।

# अर्थ

2017, NOV
Wednesday
22

चमेलिया जलविद्युत् आयोजनाले मंसिर ७ गतेबाट प्रसारणलाइन चार्ज गरिने हुँदा विद्युत् पोल तथा तार नजिक नजान तथा नछुन सार्वजनिक सूचनामार्फत् अनुरोध समेत गरेको छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

## जग्गा खरीद गर्ने प्रस्ताव आहवानको सुचना ।

यस सहकारी संस्थाले आफनो प्रयोजनका लागि जग्गा खरिद गर्ने निर्णय गरेकाले का.म.न.पा.वडा नं २ र ३ मा बिक्री गर्न इच्छुक जग्गा धनीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा गोप्य सिलबन्दी प्रस्ताव बुझाउन ल्याउनु हुन यो सुचना प्रकाशित गरिएको छ ।

शुभदर्शन स. संस्था लि.
ठमेल, काठमाण्डौ
फोन नं ४४२१३१९


# चमेलिया फेरि पर धकेलियो

हेमन्त जोशी, काठमाडौं

डिसेम्बर महिनामा विद्युत् उत्पादन शुरू गरी राष्ट्रिय प्रसारणलाइनमा जोड्ने लक्ष्यका साथ काम गरिरहेको चमेलिया जलविद्युत् आयोजनाको बाँधमा समस्या देखिएपछि उत्पादन मिति एक महिना पर धकेलिएको छ।

आर्थिक विकास साझेदारी कोष (इडीसीएफ) मार्फत नेपाल सरकार र दक्षिण कोरिया सरकारको संयुक्त लगानी रहेको आयोजना २०६३ साल पुसमा निर्माण कार्य थालिएको थियो। उक्त आयोजना चालू आर्थिक वर्षमा सरकारी क्षेत्रबाट निर्माण सम्पन्न हुन लागेको सबैभन्दा ठूलो आयोजना हो।

**बाँधमा पानी चुहिने समस्या देखिएपछि त्यसलाई टाल्न एक महिना समय लाग्ने देखिएको छ। डिसेम्बर ४ तारिखमा उत्पादन परीक्षण गर्ने लक्ष्य थियो। तर, उक्त लक्ष्य अब जनवरी ४ तारिखमा सारेको छ।**



आयोजना प्रमुख अजयकुमार दाहालका अनुसार ड्याममा पानी चुहिने समस्या देखिएपछि उत्पादन मिति पर धकेलिएको हो। नेपाल समाचारपत्रसँग कुरा गर्दै दाहालले भन्नुभयो-'बाँधमा पानी चुहिने समस्या देखिएपछि त्यसलाई टाल्न एक महिना जति समय लाग्ने देखिएको छ। डिसेम्बर ४ तारिखमा वेट टेस्टको काम गर्ने हाम्रो लक्ष्य थियो। तर, उक्त लक्ष्यलाई अब जनवरी ४ तारिखमा सारेका छौं।' सिभिलतर्फ समस्या देखिए पनि इलेक्ट्रो मेकानिकलतर्फ कुनै समस्या नरहेको दाहालको भनाइ छ।

त्यसैगरी आयोजनाको बलाँच-अत्तरिया १ सय ३२ केभी प्रसारणलाइन बिहीबारबाट चार्ज हुने भएको छ। १ सय ३१ किलोमिटर प्रसारणलाइन अत्तरियामा रहेको नेसनल ग्रिड र दार्चुलामा रहेको ८ मेगावाट नौगाड जलविद्युत् आयोजनाबाट चार्ज गर्न लागिएको हो।

चमेलिया जलविद्युत् आयोजनाले मंसिर ७ गतेबाट प्रसारणलाइन चार्ज गरिने हुँदा विद्युत् पोल तथा तार नजिक नजान तथा नछुन सार्वजनिक सूचनामार्फत् अनुरोधसमेत गरेको छ। आयोजना प्रमुख दाहालका अनुसार प्रसारणलाइनको परीक्षणका लागि भारतीय कम्पनी एबीबीबाट प्राविधिकहरूको टोली केही दिनअघि नेपाल आइपुगेको हो। दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिका, बलाँचदेखि बैतडी डडेलधुरा, डोटी, कैलाली जिल्लामा ४ सय १२ वटा टावर रहेका छन्।

आयोजनामा सिभिलतर्फ निर्माणको काम चाइना गेजुवा वाटर एन्ड पावर कम्पनी लिमिटेड (सीजीजीसी) गरिरहेको छ। पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको आयोजनाले ११ वर्ष कटाउँदा लागत पनि झण्डै तेब्बर पुगेको छ। प्रतिमेगावाट १६ करोड रुपियाँ लाग्ने अनुमान गरिएकोमा हाल आएर उक्त रकम ५० करोड रुपियाँभन्दा बढी देखिएको छ। दाहालका अनुसार आयोजनामा हालसम्म १४ अर्ब ६० करोड रुपियाँ खर्च भइसकेको छ। आयोजनाले पूर्णता पाउन्जेलसम्ममा उक्त रकम अझै बढी देखिनसक्ने उहाँको भनाइ छ।

## SHARE MARKET

21 NOVEMBER TUESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 4762.00 | 425.00 | 421.00 | 423.00 | 2.00 |
| 2 | Api Power Company Ltd. | 1050.00 | 490.00 | 485.00 | 485.00 | 4.00 |
| 3 | Arun Kabeli Power Ltd. | 7667.00 | 351.00 | 330.00 | 351.00 | 15.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6819.00 | 206.00 | 200.00 | 206.00 | 6.00 |
| 5 | Asian Life Insurance Co. Limited | 2527.00 | 1420.00 | 1390.00 | 1400.00 | -10.00 |
| 6 | Bank of Kathmandu Ltd. | 16320.00 | 410.00 | 402.00 | 403.00 | -1.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 438.00 | 202.00 | 195.00 | 202.00 | 7.00 |
| 8 | Best Finance Company Ltd. | 1601.00 | 135.00 | 132.00 | 133.00 | 2.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 1010.00 | 181.00 | 175.00 | 178.00 | 3.00 |
| 10 | Bishal Bazar Company Limited | 1341.00 | 2073.00 | 1855.00 | 2070.00 | 185.00 |
| 11 | Butwal Power Company Limited | 434.00 | 627.00 | 615.00 | 615.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 1384.00 | 186.00 | 186.00 | 186.00 | -3.00 |
| 13 | Century Commercial Bank Ltd. | 14940.00 | 220.00 | 214.00 | 217.00 | 2.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1235.00 | 1100.00 | 1090.00 | 1094.00 | 0.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 514.00 | 177.00 | 171.00 | 175.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 11240.00 | 839.00 | 823.00 | 830.00 | 3.00 |
| 17 | Citizen Bank International Limited | 4032.00 | 294.00 | 292.00 | 292.00 | 0.00 |
| 18 | Citizen Investment Trust | 953.00 | 3555.00 | 3515.00 | 3515.00 | -5.00 |
| 19 | Civil Bank Ltd | 29954.00 | 192.00 | 182.00 | 189.00 | -2.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 126.00 | 1065.00 | 1021.00 | 1036.00 | -29.00 |
| 21 | Deprosc Development Bank Limited | 2748.00 | 1125.00 | 1105.00 | 1105.00 | -14.00 |
| 22 | Deva Bikas Bank Limited | 4868.00 | 191.00 | 184.00 | 184.00 | -6.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 168.00 | 145.00 | 140.00 | 145.00 | 1.00 |
| 24 | Everest Bank Limited | 22380.00 | 1160.00 | 1146.00 | 1155.00 | 10.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 8.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 26 | Everest Insurance Co. Ltd. | 350.00 | 2500.00 | 2480.00 | 2490.00 | 10.00 |
| 27 | Excel Development Bank Ltd. | 335.00 | 404.00 | 391.00 | 391.00 | -21.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 3065.00 | 815.00 | 799.00 | 810.00 | 12.00 |
| 29 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 964.00 | 3330.00 | 3300.00 | 3330.00 | 0.00 |
| 30 | Gandaki Bikas Bank Limited | 7104.00 | 330.00 | 323.00 | 324.00 | -2.00 |
| 31 | Garima Bikas Bank Limited | 8746.00 | 243.00 | 238.00 | 242.00 | 3.00 |
| 32 | Global IME Bank Limited | 3877.00 | 319.00 | 316.00 | 318.00 | 2.00 |
| 33 | Global IME Samunnat Scheme-1 | 12000.00 | 9.92 | 9.85 | 9.85 | -0.10 |
| 34 | Goodwill Finance Co. Ltd. | 1387.00 | 171.00 | 169.00 | 171.00 | -2.00 |
| 35 | Green Development Bank Ltd. | 3241.00 | 558.00 | 518.00 | 558.00 | 50.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 500.00 | 187.00 | 187.00 | 187.00 | -3.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 4118.00 | 958.00 | 945.00 | 945.00 | 10.00 |
| 38 | Gurkhas Finance Ltd. | 7674.00 | 162.00 | 152.00 | 155.00 | -2.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 780.00 | 185.00 | 182.00 | 182.00 | 0.00 |
| 40 | Himalayan Bank Limited | 796.00 | 852.00 | 836.00 | 837.00 | 1.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 5203.00 | 683.00 | 660.00 | 682.00 | 22.00 |
| 42 | Himalayan Power Partner Ltd. | 3550.00 | 353.00 | 344.00 | 350.00 | 3.00 |
| 43 | ICFC Finance Limited | 3554.00 | 219.00 | 215.00 | 218.00 | 3.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 15132.00 | 179.00 | 176.00 | 177.00 | -2.00 |
| 45 | Janata Bank Nepal Ltd. | 38543.00 | 236.00 | 230.00 | 232.00 | 0.00 |
| 46 | Janata Bank Nepal Ltd. Promoter Share | 10464.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 118.00 | 3416.00 | 3405.00 | 3416.00 | -34.00 |
| 48 | Jebils Finance Ltd. | 930.00 | 140.00 | 136.00 | 136.00 | -6.00 |
| 49 | Jyoti Bikas Bank Limited | 5555.00 | 178.00 | 173.00 | 178.00 | 5.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 2679.00 | 247.00 | 238.00 | 238.00 | -3.00 |
| 51 | Kalika Microcredit Dev. Bank Ltd. | 236.00 | 1540.00 | 1525.00 | 1540.00 | 9.00 |
| 52 | Kamana Sewa Bikas Bank Limited | 7785.00 | 197.00 | 192.00 | 192.00 | -3.00 |
| 53 | Kankai Bikas Bank Ltd. | 455.00 | 187.00 | 184.00 | 184.00 | -5.00 |
| 54 | Karnali Development Bank Limited | 680.00 | 248.00 | 241.00 | 248.00 | -1.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 742.00 | 152.00 | 148.00 | 151.00 | -4.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 114.00 | 2160.00 | 2058.00 | 2160.00 | 60.00 |
| 57 | Kuber Merchant Finance Limited | 460.00 | 194.00 | 191.00 | 191.00 | 0.00 |
| 58 | Kumari Bank Limited | 16066.00 | 297.00 | 289.00 | 294.00 | 4.00 |
| 59 | Lalitpur Finance Ltd. | 1775.00 | 177.00 | 175.00 | 175.00 | -2.00 |
| 60 | Laxmi Bank Limited | 4258.00 | 301.00 | 298.00 | 300.00 | 1.00 |
| 61 | Laxmi Equity Fund | 18000.00 | 9.90 | 9.80 | 9.90 | 0.05 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 270.00 | 1320.00 | 1300.00 | 1320.00 | -6.00 |
| 63 | Laxmi Value Fund-1 | 8500.00 | 11.55 | 11.50 | 11.55 | -0.05 |
| 64 | Life Insurance Co. Nepal | 1430.00 | 1960.00 | 1926.00 | 1958.00 | 8.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 1224.00 | 201.00 | 192.00 | 201.00 | 7.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 7870.00 | 774.00 | 756.00 | 762.00 | 2.00 |
| 67 | Machhapuchhre Bank Limited | 15411.00 | 283.00 | 275.00 | 279.00 | -2.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 2745.00 | 208.00 | 202.00 | 204.00 | -1.00 |
| 69 | Mahalxmi Bikas Bank Ltd. Pro. Share | 29864.00 | 121.00 | 121.00 | 121.00 | 0.00 |
| 70 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 487.00 | 960.00 | 920.00 | 960.00 | 28.00 |
| 71 | Manjushree Finance Ltd. | 23354.00 | 141.00 | 139.00 | 139.00 | -2.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 808.00 | 1465.00 | 1410.00 | 1415.00 | 3.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 98.00 | 2626.00 | 2550.00 | 2580.00 | 63.00 |
| 74 | Mission Development Bank Ltd. | 216.00 | 275.00 | 270.00 | 270.00 | -10.00 |
| 75 | Miteri Development Bank Limited | 483.00 | 482.00 | 456.00 | 482.00 | 17.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 120.00 | 1123.00 | 1115.00 | 1116.00 | -28.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 5957.00 | 562.00 | 552.00 | 553.00 | -5.00 |
| 78 | Multipurpose Finance Company Limited | 1285.00 | 307.00 | 290.00 | 296.00 | 9.00 |
| 79 | Nabil Balance Fund 1 | 51729.00 | 17.40 | 17.21 | 17.21 | 0.01 |
| 80 | Nabil Bank Limited | 4337.00 | 1162.00 | 1130.00 | 1145.00 | 5.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 1210.00 | 870.00 | 855.00 | 855.00 | -10.00 |
| 82 | Nabil Equity Fund | 17238.00 | 10.51 | 10.05 | 10.51 | 0.26 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 221.00 | 3600.00 | 3600.00 | 3600.00 | 20.00 |
| 84 | NagBeli Lag. Bikas Bank Ltd. Pro. Share | 23700.00 | 1800.00 | 1800.00 | 1800.00 | 0.00 |
| 85 | National Hydro Power Co. Limited | 4600.00 | 118.00 | 116.00 | 117.00 | 1.00 |
| 86 | National Life Insurance Co. Ltd. | 2384.00 | 1673.00 | 1631.00 | 1647.00 | -2.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 117.00 | 2900.00 | 2815.00 | 2837.00 | -33.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 460.00 | 2527.00 | 2478.00 | 2500.00 | 70.00 |
| 89 | NB Insurance Co. Ltd. | 490.00 | 1084.00 | 1050.00 | 1050.00 | -13.00 |
| 90 | Neco Insurance Co. Ltd. | 1276.00 | 903.00 | 875.00 | 880.00 | 10.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 11565.00 | 285.00 | 277.00 | 283.00 | 7.00 |
| 92 | Nepal Bank Limited | 15692.00 | 351.00 | 343.00 | 350.00 | 5.00 |
| 93 | Nepal Community Development Bank Ltd. | 1008.00 | 161.00 | 161.00 | 161.00 | 0.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 13308.00 | 344.00 | 337.00 | 340.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 3165.00 | 850.00 | 835.00 | 840.00 | -5.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 6669.00 | 650.00 | 631.00 | 643.00 | 4.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 1680.00 | 252.00 | 247.00 | 251.00 | -2.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 823.00 | 1420.00 | 1390.00 | 1420.00 | -5.00 |
| 99 | Nepal Investment Bank Limited | 9365.00 | 650.00 | 643.00 | 647.00 | -3.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 4790.00 | 582.00 | 574.00 | 579.00 | -3.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 7008.00 | 1897.00 | 1881.00 | 1890.00 | 1.00 |
| 102 | Nepal SBI Bank Limited | 2180.00 | 743.00 | 726.00 | 732.00 | 1.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 4155.00 | 1015.00 | 985.00 | 995.00 | -5.00 |
| 104 | Ngadi Group Power Ltd. | 630.00 | 245.00 | 233.00 | 239.00 | 2.00 |
| 105 | NIBL Pragati Fund | 3535.00 | 10.05 | 9.85 | 10.05 | 0.00 |
| 106 | NIBL Samriddhi Fund 1 | 2000.00 | 11.95 | 11.91 | 11.91 | -0.09 |
| 107 | NIC Asia Bank Ltd. | 5861.00 | 351.00 | 344.00 | 350.00 | 5.00 |
| 108 | Nirdhan Utthan Bank Limited | 780.00 | 2255.00 | 2211.00 | 2249.00 | 25.00 |
| 109 | NLG Insurance Company Ltd. | 250.00 | 1470.00 | 1470.00 | 1470.00 | 5.00 |
| 110 | NMB Microfinance Bittiya Sanstha Ltd. | 257.00 | 1725.00 | 1700.00 | 1725.00 | 5.00 |
| 111 | NMB Bank Limited | 1744.00 | 474.00 | 466.00 | 466.00 | 1.00 |
| 112 | NMB Hybrid Fund L-1 | 4993.00 | 10.09 | 10.00 | 10.09 | 0.07 |
| 113 | NMB Sulav Investment Fund-1 | 36500.00 | 13.48 | 13.27 | 13.48 | 0.09 |
| 114 | Om Development Bank Ltd. | 7550.00 | 268.00 | 264.00 | 265.00 | 0.00 |
| 115 | Oriental Hotels Limited | 216.00 | 642.00 | 642.00 | 642.00 | 12.00 |
| 116 | Pokhara Finance Ltd. | 379.00 | 215.00 | 211.00 | 215.00 | 1.00 |
| 117 | Prabhu Bank Limited | 7825.00 | 347.00 | 341.00 | 344.00 | 1.00 |
| 118 | Prabhu Insurance Ltd. | 2074.00 | 882.00 | 872.00 | 872.00 | 7.00 |
| 119 | Premier Insurance Co. Ltd. | 999.00 | 1463.00 | 1412.00 | 1452.00 | 12.00 |
| 120 | Prime Commercial Bank Ltd. | 11640.00 | 438.00 | 430.00 | 433.00 | 3.00 |
| 121 | Prime Life Insurance Company Limited | 6575.00 | 1805.00 | 1782.00 | 1805.00 | 35.00 |
| 122 | ProgressiveFinance Limited | 770.00 | 230.00 | 218.00 | 218.00 | -14.00 |
| 123 | Prudential Insurance Co. Ltd. | 1714.00 | 1180.00 | 1160.00 | 1180.00 | 30.00 |
| 124 | Purnima Bikas Bank Ltd. | 829.00 | 291.00 | 286.00 | 286.00 | 0.00 |
| 125 | Rastriya Beema Company Limited | 139.00 | 16320.00 | 15710.00 | 15710.00 | -290.00 |
| 126 | Rastriya Beema Co. Limited Pro. Share | 339.00 | 14950.00 | 14500.00 | 14500.00 | -260.00 |
| 127 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 176.00 | 1520.00 | 1500.00 | 1500.00 | 8.00 |
| 128 | Reliance Finance Ltd. | 14237.00 | 189.00 | 184.00 | 185.00 | -4.00 |
| 129 | Reliance Finance Ltd. Promoter Share | 15081.00 | 118.00 | 118.00 | 118.00 | -2.00 |
| 130 | Ridi Hydropower Dev. Company Ltd. | 112.00 | 155.00 | 153.00 | 155.00 | -1.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 470.00 | 1250.00 | 1231.00 | 1240.00 | 0.00 |
| 132 | Rural Microfinance Dev. Centre Ltd. | 609.00 | 685.00 | 678.00 | 681.00 | 3.00 |
| 133 | Sagarmatha Insurance Co. Ltd. | 1692.00 | 1354.00 | 1300.00 | 1354.00 | 29.00 |
| 134 | Sahayogi Bikas Bank Limited | 128.00 | 271.00 | 270.00 | 270.00 | -5.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 2274.00 | 1509.00 | 1464.00 | 1470.00 | -10.00 |
| 136 | Sanima Bank Limited | 11098.00 | 350.00 | 345.00 | 350.00 | 3.00 |
| 137 | Sanima Mai Hydropower Ltd. | 6541.00 | 505.00 | 491.00 | 494.00 | -13.00 |
| 138 | Saptakoshi Development Bank Ltd. | 441.00 | 171.00 | 164.00 | 170.00 | 0.00 |
| 139 | Shangrila Development Bank Ltd. | 2223.00 | 348.00 | 343.00 | 345.00 | -5.00 |
| 140 | Shikhar Insurance Co. Ltd. | 915.00 | 1753.00 | 1735.00 | 1753.00 | 14.00 |
| 141 | Shine Resunga Development Bank Ltd. | 462.00 | 392.00 | 390.00 | 392.00 | 7.00 |
| 142 | Siddhartha Bank Limited | 10016.00 | 381.00 | 373.00 | 377.00 | 0.00 |

Total Amount Rs. 350,818,251 Total Quantity 842,682 Total No of Transactions 4,290

## डेढ लाख भूकम्पपीडित थपिए

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प अति प्रभावित १४ जिल्लामा गरेको पुर्नजाँच तथा पुन:सर्वेक्षणबाट थप १ लाख २६ हजार ३ सय २६ घरधनीको तथ्यांक प्राप्त भएको छ। कतिपय भूकम्पपीडितले आफ्नो घरमा क्षति पुगे पनि लाभग्राही सूचीमा नपरेको भन्दै गुनासो गरेपछि प्राधिकरणले गत साउनमा ३ सय ३२ जना इन्जिनियरलाई सर्वेक्षणमा छुटेका तथा पुन: जाँच गर्नुपर्ने घरको तथ्यांक संकलन गर्न खटाएको थियो। विभिन्न माध्यामबाट प्राप्त गुनासोका आधारमा वास्तविक भूकम्पपीडित लाभग्राही सूचीमा नछुटुन भनि प्राधिकरणले १ लाख ३० हजार धरधनी/घरपरिवारको पुर्नजाँच तथा पुन:सर्वेक्षण गर्न इन्जिनियरलाई परिचालन गरेको थियो।

फिल्डमा खटिएकामध्ये अहिलेसम्म २ सय ५० इन्जिनियर फिर्ता भइसकेको र बाँकी इन्जिनियर फिर्ता हुँदाको समयसम्म करिब १ लाख ४० हजार घरपरिवारको लगत संकलन सम्पन्न हुने प्राधिकरणका सूचना व्यवस्थापन शाखा प्रमुख मनोहर घिमिरेले जानकारी दिनुभयो। घिमिरेका अनुसार सबै तथ्यांक प्राधिकरणको केन्द्रीय सर्भरमा प्राप्त भइसकेपछि अनुदान वितरण कार्यविधि अनुसार मापदण्ड पुगेका घरपरिवारलाई लाभग्राहीको सूचीमा समावेश गरिनेछ। फिल्डमा कार्यसम्पन्न गरी प्राधिकरणको जिल्ला समन्वय समितिको सचिवालयबाट प्रारम्भिक क्लियरयन्स लिई फिर्ता भएका इन्जिनियरलाई अन्तिम क्लियरयन्स दिने कार्य भइरहेको प्राधिकरणका तथ्यांक अधिकृत कुलप्रकाश न्यौपानेले बताउनुभयो।


## अभिभावकलाई १० सन्देश

हरेक वर्ष हजारौं बालबालिका प्रथम पटक विद्यालयको खुट्किला टेक्ने गर्छन्। यो दिन बालक र अभिभावक दुवैमा उमंगका साथै त्रास पनि उत्पन्न हुने गर्छ । त्यसैले विद्यालयको पहिलो दिन ध्यानमा राख्नुपर्ने कुरा:

१ आफ्ना बालबालिकालाई आफैंले सहजरुपमा खोलेर खान सक्ने टुम्लेट तथा टिफिन बक्स मात्र दिनुहोस् ।

२ आफ्ना नानीहरु स्कुलमा छोड्न आउने क्रममा तिनीहरुलाई यही स्थानमा लिन आउछौं भनेर राम्ररी सम्झाउनुहोस् । यदि आफ्नो सट्टा अर्कै व्यक्ति लिन आउने भएमा त्यसबारे पनि शिक्षकलाई समेत जानकारी दिनुहोस् ।

३ विशेष गरी विद्यालय खुलेपछिका केही दिनसम्म सूचना लेखिएका पत्रहरु पठाइन सक्ने भएकोले प्रत्येक दिन बच्चाको झोला खोतलेर हेर्ने गर्नुहोस् ।

४ अन्य अभिभावकलाई पनि साथी बनाई समन्वय गरे तपाई र नानीहरुका लागि अझ फाइदाजनक हुन सक्छ ।

५ अकस्मात् केही परेमा सम्पर्कका लागि कम्तीमा दुई वटा सही टेलिफोन नम्बर विद्यालय प्रशासनमा उपलब्ध गराउनुहोस् ।

६ बच्चाहरुलाई लन्च बक्सबाट खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्ने बारे घरमै सिकाउनुहोस् ।

७ बच्चाहरु रुनु स्वाभाविक हो भन्ने बुझेर आफूलाई सम्हाल्नुहोस् । यदि तिनीहरु रोएको देखेर आफैंलाई पनि रुआँ जस्तो लागे तिनीहरुले नदेख्ने स्थानमा पुगेपछि मात्र आँसु चुहाउनुहोस् ।

८ बच्चालाई सकेसम्म तुना नभएको भेल्क्रोयुक्त जुत्ता लगाइदिनुहोस् । यसले बच्चालाई जुत्ता लगाउन र फुकाल्न सहज बनाई आत्मनिर्भर बनाउँछ ।

९ लन्च बक्स, स्टेस्नरी सामानदेखि स्कुलब्यागसम्म सबैमा बच्चाको नाम लेख्नुहोस् ।

१० प्रायः नानीहरुलाई निश्चित समयमा मात्र लाइनमा राखेर शौचालय लाने गरिन्छ । यदि अपरझट शौचालय जानुपर्ने अवस्था आएमा आया दिदी वा कक्षा शिक्षकलाई जानकारी गराउनुपर्ने कुरा नानीलाई सम्झाउने गर्नुस्।

Admission Open for Playgroup

The Rolling Stones
ENGLISH MEDIUM SCHOOL
SINCE 2005

मरु भीमसेनस्थान
सम्पर्क: ४-२६११७९

२०७४, मंसिर
बुधबार
६

मेलामा ८ करोड ५० हजार बराबरको आर्थिक कारोबार भएको महासंघले जनाएको छ। भने करिब १ लाख ८ हजार अवलोकनकर्ताले मेलाको अवलोकन गरेको बताएको छ ।




# अलैंचीको प्रवर्द्धनका लागि राष्ट्रिय नीति ल्याइँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

कृषि विकास मन्त्रालयले अलैंचीखेतीलाई आधुनिक र व्यवस्थित गर्न तथा अन्तर्राष्ट्रिय बजारको आधिकारिक सुनिश्चितताका लागि राष्ट्रिय अलैंची नीति ल्याउने तयारी गरिरहेको छ।

नेपालले निर्यात गर्ने तर आयात नगर्ने एकमात्र वस्तुको पहिचान बनाएको अलैंचीलाई विदेशमा बजार सुनिश्चित गरी निर्यातयोग्य वस्तु बनाउनका लागि उक्त नीति ल्याउन लागिएको कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकरप्रसाद सापकोटाले बताउनुभयो। अलैंची उत्पादनमा मुलुक आत्मनिर्भर भई विदेशमा निर्यातको सम्भावना रहे पनि यसको उत्पादन प्रक्रिया, गुणस्तर निर्धारण तथा प्रशोधन, निकासीमा भोग्दै आएको समस्या सम्बोधन गरिने सापकोटाको भनाइ छ।

नेपालमा उत्पादन हुने अलैंचीको प्रशोधन प्रक्रिया परम्परागत रहेकाले गुणस्तरमा पनि त्यसको असर देखिने गरेको थियो। तर, अलैंची नीतिले प्रशोधन प्रक्रियालाई आधुनिकीकरण गरी उच्च गुणस्तरीय वस्तु उत्पादनमा सहयोग पुग्ने सापकोटाको भनाइ छ।

मुलुकको पूर्वी भेगका पहाडी जिल्ला अलैंचीखेतीका लागि प्रमुख क्षेत्रका रूपमा पहिचान बनाउँदै आएको छ। नगदेवाली अलैंचीले पछिल्ला दिनमा आफ्नो अन्तर्राष्ट्रिय बजार गुमाउँदै गएपछि यस्तो नीति ल्याउन लागिएको सहप्रवक्ता सापकोटाको भनाइ छ। नेपाली अलैंचीको मुख्य बजार छिमेकी मुलुक भारत हो भने भारतीय व्यापारीले मूल्य निर्धारण गरेपछिमात्र नेपाली कृषकले अलैंची बेच्दै आएका छन्। आफूले उत्पादन गरेको वस्तुको मूल्य निर्धारणका लागि व्यापारीको भर पर्दा कृषकले वस्तुको वास्तविक मूल्य नपाउने समस्या भोग्दै आएका थिए। विगतका वर्षमा प्रतिमन १ लाख रुपियाँसम्ममा अलैंचीको व्यापार गरेका किसानले आफ्नै निश्चित बजार नभएकै कारण यसवर्ष प्रतिमन २५ हजार रुपियाँमा अलैंची बेचिरहेका छन्।

मन्त्रालयले अलैंची नीति ल्याउन राष्ट्रिय योजना आयोग र ३ वटा मन्त्रालयको स्वीकृतिसमेत लिइसकेको छ। 'हामीले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालयमा राष्ट्रिय अलैंची नीति ल्याउनका लागि आवश्यक सुझावसहितका स्वीकृतीका लागि अनुरोध गरेका थियौं। अर्थ मन्त्रालयबाहेक सबै मन्त्रालयले स्वीकृति दिइसकेका छन्।'- सहप्रवक्ता सापकोटाले भन्नुभयो। अर्थ मन्त्रालयको सहमतिपछि केही दिनभित्रै उक्त नीति मन्त्रिपरिषद्मा लैजाने तयारी रहेको समेत उहाँले जानकारी दिनुभयो।

नेपालमा वार्षिक उत्पादन हुने ५ हजार मेट्रिक टनको ९८ प्रतिशत बजार भारत हो। नेपालका १८ जिल्लामा अलैंचीको व्यावसायिक खेती हुने गरेको छ भने २ लाख किसान परिवार अलैंची खेतीमा आबद्ध छन्।

# सीएससीसीआई टोली नेपालमा

काठमाडौं, (नेस)

एसिया प्रशान्त उद्योग तथा वाणिज्य चेम्बर महासंघ (सीएससीसीआई)का अध्यक्ष जेमाल इनाइस्भिलिले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटघाट गर्नुभएको छ। सो भेटवार्तामा नेपालको पछिल्लो आर्थिक अवस्था, लगानीको अवसरका बारेमा छलफल भएको थियो।

राष्ट्रपति भण्डारी तथा अध्यक्ष इनाइस्भिलि बिचको छलफलमा नेपालमा लगानीका अवसर, नेपालको विद्यमान अवस्था, एशिया प्रशान्त क्षेत्रका देशबाट नेपालमा हुन सक्ने लगानीका सम्भाव्यता विषयमा पनि विस्तृत छलफल भएको थियो।

त्यसैगरी अध्यक्ष इनाइस्भिलिसहित नेपाल आएको प्रतिनिधि मण्डलले वाणिज्य सचिव चन्द्र कुमार घिमिरेसँग पनि भेट गरेको छ। भेटमा द्विपक्षिय एवं क्षेत्रीय व्यापार र लगानीका क्षेत्रमा रहेका सम्भावना तथा सहकार्यका विषयमा समेत वृहत रूपमा छलफल भएको वाणिज्य मन्त्रालयले बताएको छ।

सो अवसरमा वाणिज्य सचिव घिमिरेले नेपालको तुलनात्मक एवम् प्रतिस्पर्धात्मकम लाभ भएका क्षेत्रमा रहेको सम्भावना र नेपालको व्यापार नीति र व्यापार रणनीतिले प्राथमिकता दिएका विषयमा भनाई राख्नु भएको थियो। उहाँ यस अवसरमा कृषिजन्य वस्तुहरू तथा पस्मिना र कार्पेटलगायत औद्योगिक वस्तुको अन्तर्राष्ट्रिय वजारमा माग र प्रवर्द्धनमा सम्भावना उच्च रहेको र वाणिज्य मन्त्रालय ती वस्तुहरूको उत्पादन र प्रवर्द्धनमा केन्द्रित भइ रहेको पनि जानकारी गराउनु भएको थियो।

## तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्वन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति २०७४।०८।०६**

यस लुम्बिनी विकास बैंक लि.को बसुन्धरा शाखाबाट तपाई तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जाको साँवा, व्याज तोकिएको म्याद भित्रमा चुक्ता भुक्तान नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपबाट कर्जा चुक्ता भुक्तान गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा, व्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तल उल्लेखित तपाई ऋणीको नाउँमा बक्यौता ऋण कर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस विकास बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरेमा यस विकास बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी तपाई ऋणीले कर्जा लिदा उपलब्ध गराएको धितो लिलाम गर्ने, ऋणी, शेयरधनी/सञ्चालक तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा चुक्ता भुक्तानी गर्न/गराउनु हुन अनुरोध गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
|  गोदीलाल चौधरीको नाति,बुध नारायण चौधरीको छोरा, सुनसरी जिल्ला, सिंगिया गा.वि वडा नं. ४ स्थाथी वतन भई हाल रामधुनी-८ बस्ने ना.प्र.प.नं. ७०३०/८०३० को जारी मिति २०५४/०८/२९ (जि.प्र.का. सुनसरी) रहेको **दिपेन कुमार चौधरी ।** |  सुनार चौधरीको नातिनी, सतन लाल चौधरीको छोरी, सुनसरी जिल्ला, सिंगिया गा.वि वडा नं. ४ स्थाथी वतन भई हाल रामधुनी-८ बस्ने ना.प्र.प.नं. ३६२८क/२७७२ को जारी मिति २०३५/०९/२८ (जि.प्र.का. सुनसरी) रहेकी **श्रीमती ठकनी थरुनी ।** |

**धितोको विवरण**

१. ठकनी थरुनीको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, सिंगिया गा.वि.स वडा नं.४, कित्ता नं. २८० र २८२, क्षेत्रफल कमश : १३५४।३३(ब.मी) र ४०६।३० (ब.मी) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. यातायात व्यवस्था कार्यालय नारायणीमा बिकास बैंक धनी भई दिपेन कुमार चौधरी ऋणीको नाममा दर्ता रहेको ईन्जिन नं.41G63386559,च्यासिस नं.MAT412059E1G10515, सवारी दर्ता नं. ना ५ ख ४९९७ रहेको टाटा बस १ थान।
३. यातायात व्यवस्था कार्यालय नारायणीमा बिकास बैंक धनी भई दिपेन कुमार चौधरी ऋणीको नाममा दर्ता रहेको ईन्जिन नं.41G63387126, च्यासिस नं.MAT412059E1G10578, सवारी दर्ता नं. ना ५ ख ४९९८ रहेको टाटा बस १ थान।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं।
फोन नं. : ०१-४४१३२३२/४४१३२३४
०१-४४२१६५६/०१४४२१६५८, फ्याक्स नं.: ०१-४४१३५२६

साबिकको भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लि र लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं लि एक आपसमा गाभिएर बनेको संस्था

## खड्गदेबी महिला बहुउद्देश्यीय सहकारी संस्था लि. कुपण्डोल ललितपुरबाट जारी भएको धितो लिलाम सम्बन्धी २१ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाबाट बिभीन्न मितिमा निम्नलिखित ऋणीले लिएको कर्जाको तोकिए बमोजीम साँबा, व्याज र किस्ता नतिरेको हुँदा निजको नाममा पटक पटक संस्थाको तर्फबाट लिखित तथा मौखिक ताकेता गर्दा तथा पत्रिकामा पटक पटक सूचना प्रकाशीत गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाएको हुँदा तथा कर्जा लिने बेलामा संस्था सँग गर्नुभएको शर्तको उलघंन गर्ने काम गर्नु भएको हुनाले निज ऋणीको धितो लिलाम सम्बन्धी यो सार्वजनिक सूचना जारी गरीएको छ। उक्त कर्जा र सोमा लाग्ने साँबा, व्याज तथा अन्य दस्तुर समेत आजका मितिले २१ दिन भित्र सम्बन्धीत ऋणीको तर्फबाट दाखिल गर्न ल्याउनु होला अन्यथा संस्थाको लेना रकम असुल उपर गर्नको लागी सुरक्षण बापत लेखिदिएको तपशिल बमोजीमको यस संस्थाका नाममा धितो दृष्टि बन्धक रहेको अचल सम्पत्ती यो सूचना प्रकाशीत भएका मितिले २२ दिनका दिन वा सो दिन सार्वजनिक बिदा परे कार्यालय खुलेको दिन लिलाम बिक्री गरीने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरीएको छ।

**तपशिल**

| क्रं. सं | ऋणीको तिनपुस्ते विवरण | ऋणीको फोटो | धितोको विवरण | जमानीको तिनपुस्ते विवरण | जमानीको फोटो |
|---|---|---|---|---|---|
| १. | ऋणी : केशब बहादुर थापा<br>बाबु : चन्द्र बहादुर थापा<br>बाजे : ऋतु मर्दन थापा |  | केशब बहादुर थापाको नाममा दर्ता श्रेस्ता रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स. वडा नं. ९/१०२१३०७०१ को कित्ता नं. ४४७ को ०-०-०-० क्षेत्रफल १९१.०० वर्ग मीटर जग्गा। | नाम : सुभाषमान महर्जन<br>बाबु : लाल बिर महर्जन<br>बाजे : हेरामान महर्जन |  |

**थप जानकारी :**

१. बोलपत्र कार्यालय समयमा यस संस्थाको कार्यालय, कुपण्डोलबाट प्राप्त गर्न सकीनेछ।
२. लिलाम गोप्य सिलबन्दी बोलपत्रका आधारमा, बढाबढका आधारमा हुनेछ।
३. धितो निरीक्षण गर्न चाहनेले बोलपत्र दाखिल गर्नु अघि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
४. बोलपत्र दाखिल गर्ने मिती : २०७४ साल मंसिर महिना २६ गते मंगलबार।
५. बोलपत्र साथै बोलपत्र पेश गर्दा बोलेको रकमको १०% रकम धरौटि स्वरुप संस्थामा जम्मा गर्नु पर्नेछ।
६. बोलपत्र खोलीने अर्थात लिलाम हुने मिती : २०७४ साल मंसिर महिना २७ गते बुधबार।
७. बोलपत्र खोलीने समय : दिनको १२:०० बजे
८. स्थान : संस्थाको कार्यालय कुपण्डोल।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा निहीत हुनेछ।
१०. प्रस्तुत धितो लिलामीबाट संस्थाको लेना असुल नभएमा ऋणी तथा जमानिबाट बाँकी रकम असुल उपर गरीनेछ।
११. सम्बन्धीत ऋणी तथा जमानी लगायत बोलपत्र कर्ताहरुलाई यसै सुचना द्वारा बोलपत्र खोलीने समयमा उपस्थीत हुन अनुरोध गरीन्छ।
१२. यदि कोही कसैले लिलाम नसकारेको खण्डमा संस्था आफैले स्विकार गर्न सक्नेछ।

**खड्गदेबी महिला बहुउद्देश्यीय सहकारी संस्था लि.**
**कुपण्डोल ललितपुर, फोन नं. ५५३९१०९ , ५१८०४१६**

# हस्तकला व्यापार मेलामा साढे ८ करोडको व्यापार

काठमाडौं, (नेस)

वाणिज्य मन्त्रालय तथा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको सहयोगमा आयोजित १५औं हस्तकला व्यापार मेला तथा १३औं हस्तकला प्रतियोगिता मंगलबार सम्पन्न भएको छ। मेलामा प्याभिलियनतर्फ उत्कृष्ट भएको स्वच्छ व्यवसायी संघ (फेयर ट्रेड ग्रुप) ले एक लाख रुपियाँ पाएको छ। स्टलतर्फ 'फिंगर प्रिन्ट आर्ट एन्ड क्राफ्ट उत्कृष्ट भएको थियो। उक्त स्टललाई नगद २५ हजारसँगै प्रमाणपत्र प्रदान गरिएको थियो।

१० वटा प्याभिलियनसहित करिब २ सय स्टल राखिएको मेला समापनका क्रममा विभिन्न विधाका उत्कृष्ट प्रदर्शनीलाई नगद पुरस्कार तथा प्रमाणपत्रबाट सम्मान गरिएको थियो। परम्परागत वस्तुमा नेपा: वान प्रथम भएको छ, जसलाई १५ हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ। पोतेजन्य वस्तुमा ज्ञानकुमारी शाक्य प्रथम भएकी छिन्। उनले ५० हजार रुपियाँ नगदसहित प्रमाणपत्र प्राप्त गरेकी छिन्।

मेलामा ८ करोड ५० हजार बराबरको आर्थिक कारोबार भएको महासंघले जनाएको छ। भने करिब १ लाख ८ हजार अवलोकनकर्ताले मेलाको अवलोकन गरेको बताएको छ। महासंघका अध्यक्ष धर्मराज शाक्यले हस्तकला क्षेत्रले आर्थिक विकासको क्रममा निर्यात व्यापारमा अग्रणी भूमिकाको साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा मद्दत गरेको बताउनु भयो। उहाँले नेपाल हस्तकला महासंघको अभिलेखअनुसार गत आर्थिक वर्षमा हस्तकला निकासी करिबव ५ अर्ब बराबरको रहेको जानकारी गराउनुभयो। परम्परागत विधाका लोक चित्रकलातर्फ वीरेन्द्र चित्रकार प्रथम भएका छन्। उनले ५० हजार रुपियाँसहित प्रमाणपत्र गरेका छन्। कार्यक्रममा महासंघका पूर्वमेला संयोजकहरूलाई समेत सम्मान गरिएको थियो। हस्तकला क्षेत्रले करिव १२ लाख व्यक्तिलाई प्रत्यक्ष र परोक्ष रूपबाट रोजगारी प्रदान गरेको महासंघले जनाएको छ।

# टाटाको ग्लोबल सर्भिस क्याम्प शुरू



काठमाडौं, (नेस)

नेपालका लागि टाटा मोटर्स्को अधिकृत बिक्रेता सिप्रदी ट्रेडिङ प्रालिले ग्लोबल सर्भिस क्याम्प मंसिर ५ गतेदेखि ७ गतेसम्म सञ्चालन गरेको छ।

टाटा मोटर्स्का सीईओ तथा प्रबन्धक निर्देशक गुन्टर बुशेक र टाटाका अन्तर्राष्ट्रिय व्यापार प्रमुख रुद्ररूप माइत्राले संयुक्तरूपमा उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। नेपालमा स्थापनाकालको ३५ वर्ष बित्दा पहिलोपटक टाटाका सीईओ तथा प्रबन्धक निर्देशक नेपाल आउनु भएको हो।

गाडीसँग सम्बन्धित सम्पूर्ण सल्लाह, सुझाव र जानकारी दिने हेतुले आयोजना गरिएको उक्त ग्लोबल सर्भिस क्याम्प, नेपालका विभिन्न स्थानहरूमा आयोजित हुँदैछ। यस ग्लोबल सर्भिस क्याम्पअन्तर्गत टाटा मोटर्स्का सम्पूर्ण डिलर एवम् आधिकारिक सर्भिस सेन्टर मा गाडीको सम्पूर्ण स्वास्थ्य जाँचहरू हुनेछ।

त्यस्तै ड्राइभरहरूका लागि नयाँ प्रविधि एवं सुरक्षित ड्राइभिङ सम्बन्धी नि:शुल्क तालिम, टाटाको ओरिजिनल पार्टस्मा १० प्रतिशत छुट, गाडीको जाँच, उत्कृष्ट माईलेज अवार्ड, नि:शुल्क लेबर चार्ज, आकर्षक उपहार, लुब्रिकेन्टस्मा आकर्षक अफर जस्ता यस क्याम्पका प्रमुख विशेषता रहेको कम्पनीले जनाएको छ। यसैक्रममा सिप्रदीले टाटा म्याग्ना बसको औपचारिक साँचो हस्तान्तरण कार्यक्रमसमेत उक्त क्याम्पमा गरेको छ।

## भुल सुधार गरिएको बारे

यस वित्तीय संस्थाको आ.व. २०७४/०७५ को पहिलो त्रैमासको वित्तीय विवरण मिति २०७४/०७/३० गतेका दिन 'नेपाल समाचारपत्रमा' प्रकाशित भएकोमा उक्त विवरणको सूची ३ नाफा नोक्सान हिसावको ३.१२ Provision for Staff Bonus मा Computer Error का कारण ठीक अघिल्लो त्रैमासको डाटा प्रविष्टि हुन पुगेको हुँदा सोलाई हटाई भुल सुधार गरिएको व्यहोरा अनुरोध छ। साथै उक्त सच्चाईएको वित्तीय विवरण यस वित्तीय संस्थाको Website मा अध्यावधिक गरी राखिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
Pako Newroad, GPO Box No., 10390, Kathmandu
Tel : 4246402, 4241244, 4254929
Fax : 977-1-4246403, Email: info@pfltd.com.np

## हकदावी गर्न आउने ३५ दिने सूचना

अर्घाखाँची जिल्ला, नरपानी गा.वि.स. वडा नं. ०४ मा जन्म भई हाल अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका वडा नं. ०४, वाङ्ला, अम्मलडांडा बस्ने मुशे थापाको नाति, जमै थापाको छोरा **गणेश बहादुर थापा**को मिति २०७४/०५/१० मा मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको खाता नं. १९११५२४०७००७५९, २२८१५२४१४०१११५ र २२८३५२४२२००२३६ मा बचत रहेको को सम्पूर्ण रकम भुक्तानी पाऊं भनि मृतकको कान्छो छोरा **बल बहादुर थापा**ले यस बैंक समक्ष। निवेदन गरेको हुँदा निज खातावालाका नामको यस बैंकमा रहेको उक्त रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनु होला। उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धित ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
सन्धिखर्क शाखा, अर्घाखाँची



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# अभिषेक र मायांका च्याम्पियन


अभिषेक बाँस्तोला सट प्रहार गर्दै । तस्वीर : उजोल डंगोल

काठमाडौं, (नेस)

पश्चिमाञ्चलका अभिषेक बाँस्तोला र नेपाल प्रहरी क्लबकी मायांका राणा राखेप च्याम्पियनसिपअन्तर्गत १४औं राष्ट्रिय लनटेनिस प्रतियोगिताको सिंगल्समा मंगलबार च्याम्पियन बनेका छन्। सातदोबाटोस्थित टेनिस कोर्टमा आठ खेलाडी सहभागी राउन्ड रोविनको पुरुष सिंगल्समा अभिषेकले ७ खेलमा जित हात पारे। राष्ट्रिय च्याम्पियन नेपाल आर्मीका संरक्षकभूषण वज्राचार्यले दोस्रो स्थानमा चित्त बुझाए। उनले ६ मा जित र १ मा हार बेहोरे। त्यस्तै आर्मीका प्रणव खनाल (५ जित र २ हार) तेस्रो तथा प्रहरीका कमलबहादुर भण्डारी (४ जित र ३ हार) चौथो भए। एपीएफका श्रीराम मगरले पाँचौं, एपीएफकै सन्तोष खत्रीले छैटौं, प्रहरीका दावा शेर्पाले सातौं तथा पश्चिमाञ्चलका प्रदीपले आठौं स्थानमा यात्रा टुंगाए।

अखिल नेपाल लनटेनिस संघद्वारा आयोजित प्रतियोगिताको महिला सिंगल्समा शतप्रतिशत जित निकाल्ने क्रममा मायांकाले ६ वटै खेलको नतिजा आफ्नो पक्षमा पारिन्। महिलाको राउन्ड रोविन लिगमा ७ खेलाडी सहभागी थिए। समूह चरणको खेलमा आठै खेलाडी राउन्ड रोविनका लागि छनोट भए पनि चोटका कारण आर्मीकी ईरा रावतले शुरूबाटै प्रतियोगिता त्यागेकी थिइन्। ४ जित र २ हारमा मायांकाकी जुम्ल्याहा बहिनी प्रहरीकै माहिका दोस्रो भइन्।

# बुढा र रेसु म्याराथनमा पहिलो

बाँके, (नेस)

जुम्लाका दुर्गाबहादुर बुढा २ घण्टा २६ मिनेटमा दौड पूरा गरेर नेपालगन्ज म्याराथनमा पहिलो भएका छन्। मंगलबार नेपालगन्जमा भएको दौडअन्तर्गत हाफ म्याराथनमा भने बुढाले १ घण्टा ३ मिनेट समयको रेकर्ड राखे। उनले हरि रिमालले बनाएको १ घण्टा ६ मिनेटको रेकर्ड तोडेका हुन्। बुढाले ५५ हजार रुपियाँ नगद हात पारेका छन्। नेपालगन्ज हाफ म्याराथनको महिलातर्फ सेनाकी रेसु बस्नेत पहिलो भइन्। १ घण्टा २४ मिनेटमा रेसुले दौड पूरा गरिन्।

# गर्ल्सतर्फ सेमीफाइनल समीकरण पूरा

काठमाडौं, (नेस)

राजधानीमा जारी कोकाकोला कप अन्तरस्कुल फुटबल प्रतियोगिताअन्तर्गत गर्ल्सतर्फ सेमीफाइनल समीकरण पूरा भएको छ।

मंगलबार एन्फा कम्प्लेक्समा भएको समूह चरणको अन्तिम खेलपछि गर्ल्सतर्फ सेमीफाइनल समीकरण पूरा भएको हो। जसमा सिन्धुपाल्चोकको सेतीदेवी शारदा सेकेन्डरी स्कुल, कैलालीको श्री शंकर सरस्वती स्कुल, रौतहटको श्री दुर्गा सेकेन्डरी स्कुल र स्याङ्जाको भुम्रे सेकेन्डरी स्कुल रहेका छन्।

हिजो भएको खेलमा श्री दुर्गा स्कुलले ब्राइट फ्यूचर स्टारलाई ७-० गोलअन्तरले हरायो। टोलीको जितमा रश्मीकुमारी घिसिङ एक्लैले ५ गोल गरेकी थिइन्।

Coca-Cola CUP NEPAL 2074
Watch LIVE at ANFA Complex Satobato

# हिमालयन शेर्पालाई उपाधि

काठमाडौं, (नेस)

हार्भेस्ट मुन हिमालयन शेर्पा क्लबले चन्द्रागिरि गोल्डकपअन्तर्गत पहिलो संस्करणमा उपाधि जितेको छ।

नैकापस्थित चन्द्रागिरि नगरपालिकाको खेल मैदानमा आइतबार भएको फाइनल खेलमा १० खेलाडीमा समेटिएको एनआईबीएल फ्रेन्ड्स क्लबलाई अतिरिक्त समयमा ३-१ पराजित गर्दै हिमालयन शेर्पा च्याम्पियन बन्यो। टोलीलाई जिताउन विसन गुरुङ, पियुस हेनरी र सेडरिक आवाले गोल गरे। फ्रेन्ड्सका लागि लावलले एक गोल गरे। जितसँगै शेर्पाले पहिलो पुरस्कार राशि ५ लाख रुपियाँ प्राप्त गर्दा उपविजेता बनेको फ्रेन्ड्सले २ लाख ५० हजार रुपियाँ प्राप्त गरेको थियो।

# नेसनल कलेज पहिलो

काठमाडौं, (नेस)

राजधानीमा सम्पन्न एघारौं एलए कप फुटबल प्रतियोगिताको उपाधि नेसनल कलेजले जितेको छ।

मंगलबार भएको फाइनल खेलमा नेसनल कलेजले नेपाल कमर्स क्याम्पस (एनसीसी)लाई २-१ गोलअन्तरले पराजित गरेको हो। विजयी टोलीका लागि विक्रान्त नरसिंह राणा र अनिस बस्नेतले १-१ गोल गरे। खेलको म्यान अफ द म्याच विजयी टिमका सविन सापकोटा घोषित भए।

त्यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडी विक्रान्त राणा भएका थिए। विजयी टोलीले ५० हजार र उपविजेताले २० हजार रुपियाँ प्राप्त गरे।

## धरहरा

### को सक्कली को नक्कली ?



जति-जति निर्वाचनको मिति नजिकिँदै छ, त्यति नै नेताहरू घरदैलो कार्यक्रममा व्यस्त छन्। यस्तो बेलामा नेताले आमसभा, कोणसभालाई सम्बोधन गर्नु, सामूहिक भेटघाट र घरघरै धाउनु नेताका लागि नौलो कुरा भएन। दुई/चार जना सहयोगीसाथ लिएका वा केही ठूलो हुलको अग्रपङ्क्तिमा रहेर कसैले पटक-पटक नमस्कार दोहोऱ्यायो भने उही रहेछ तपाईं हाम्रो निर्वाचन क्षेत्रको उम्मेदवार भन्ने कुरा घामझैं छर्लङ हुन्छ।

यसरी गाउँघरमा धाउने नेतासँग छोटो अवधिका लागि भए पनि मतदाताले दोहोरो चिनजान गर्ने अवसर पाउँदा मतदाता पनि दंग। शहरी क्षेत्रका बाक्लो बस्तीमा भने वास्तविक मतदातासँग नेताको दोहोरो चिनजान निकै दुर्लभ हुने गरेको धरहराले देख्न थाल्या छ। हरेक दिन उम्मेदवार महोदय टोलबस्तीमा नमस्कार दोहोऱ्याउँछन्, तर नमस्कार फर्काउने अधिकांश नक्कली घरबेटी अर्थात् डेरावाल हुन्छन्।

एउटै घरबाट दर्जनौं घरबेटीले नमस्कार र अभिवादन फर्काउँदा हरेक पार्टीका नेता दंग र मख्ख देखिन्छन्। चुनावी माहोल आफ्नै पक्षमा जमेको दाबी गर्दै अर्को टोलबस्तीमा पस्ने बिचरा नेतालाई के थाहा को घरबेटी, के डेरावाल?

आवश्यकता

यस प्रकाशन गृहलाई आफ्नो उत्पादनका बजार प्रवर्धनका लागि केही कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद** :- बजार प्रतिनिधि
**सख्या** :- २०
**योग्यता** :- +२
**सेवा सुविधा** :- आकर्षक तलब / कमिसन

कामना न्यूज पब्लिकेसनस् प्रा.लि.
भिमसेन स्थान काठमाडौं
सम्पर्क : -२३४९८६५४ , ९८५४३२५६७७

सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रु. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ